## प्रारम्भिक उमेरका बालबालिकाका अभिभावकको लागि
## सिक्न र खेल्न तयार

(Ready to Learn and Play)

# सहजीकरण पुस्तिका




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०७९

**प्रकाशकः**
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर।

सर्वाधिकार

**©:** प्रकाशकमा

**संस्करणः** वि.स. २०७९

**प्राविधिक सहयोग :**

Let's Read
The Asia Foundation
CWIN

**मुद्रणः** क्रिएटिभ प्रेस प्रा.लि.

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.सं.

च.नं.

मिति:- २०७९/१०/२५

घर बालबालिकाको पहिलो पाठशाला हो । बालबालिकाको सिकाइ र विकासका लागि परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ । घरमा पाउने उत्प्रेरणामूलक वातावरणले प्रारम्भिक उमेर समूहका बालबालिकाको सिकाइको जग बलियो बनाउन मद्दत गर्छ । आमाबाबुसँगको कुराकानी तथा सामीप्यताले बालबालिकाको पूर्ण क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ । अभिभावकले घरमा गर्ने कार्यबाट बालबालिकाको बौद्धिक, भाषिक, शारीरिक, सामाजिक तथा संवेगात्मक विकास हुनुका साथै पढाइ लेखाइका आधारभूत सिपको समेत विकास भई विद्यालयका लागि तयारीसहित जीवनकै बलियो आधारशिला निर्माण हुन्छ ।

यही अवधारणालाई ध्यानमा राखी प्रारम्भिक उमेरका बालबालिकाको सिकाइ, पढाइ र लेखाइको सिप विकासमा अभिभावकको संलग्नता बढाई बालबालिकालाई घरमा नै सिकाउने ज्ञान तथा सिप विकासको अवसर प्रदान गर्न द एसिया फाउन्डेसन तथा सिविन-नेपालको साझेदारीमा रेडी टु लर्न एन्ड प्ले नामक नमुना परियोजना कीर्तिपुर नगरपालिकामा लागु गरिएको थियो । बालबालिकाकेन्द्रित सिकाइ तथा पाठ्यसामग्रीलाई अभिभावक केन्द्रित सिकाइका माध्यमबाट तिनै बालबालिकाबिच पुऱ्याउने सन्दर्भमा परियोजनाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वयमा कक्षा सञ्चालन निर्देशिका तयार पारी अभिभावक कक्षा सञ्चालनमा ल्याएको र ती अभिभावक कक्षाबाट साना बालबालिका र परिवारमा सकारात्मक प्रभाव परेको पाइएको सन्दर्भमा यस परियोजनाको सिकाइ अन्यत्र पनि लागु गर्न सकिने कुरालाई मनन् गर्दै अभिभावक कक्षाका लागि तयार पारिएको सहजीकरण पुस्तिका प्रकाशनको चरणमा प्रवेश गर्नु खुसीको कुरा हो । नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रममा आधारित भई तयार पारिएको सहजीकरण पुस्तिका र कथाका रूपमा तयार पारिएका सिकाइ तथा पाठ्यसामग्री अभिभावक तथा साना बालबालिकाका लागि ज्यादै उपयोगी हुने कुरामा विश्वस्त छौँ। इन्टरनेटमा रमाइरहेको पुस्तालाई लेट्स रिड (Let's Read) एप (एप्लिकेसन) का माध्यमबाट ठुलो सङ्ख्याका बालकथामा सबैको सहज पहुँच पुऱ्याउने व्यवस्था मिलाइएको कुराबाट हामी थप हर्षित भएका छौँ। यसरी प्रारम्भिक बाल्यावस्थाका बालबालिकाका विकास तथा सिकाइका लागि अभिभावकको भूमिका खोजिएको यो सहजीकरण पुस्तिका निर्माण तथा प्रकाशन गर्ने सिविन नेपाल तथा द एसिया फाउन्डेसनलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको प्रभावकारी कार्यान्वयन र भविष्यमा विज्ञ महानुभाव तथा सरोकारवालाबाट रचनात्मक सुझावको अपेक्षा गर्छौं ।

**चूडामणि पौडेल**

महानिर्देशक

शिक्षा तथा मानवस्रोत विकास केन्द्र

**कृतज्ञता ज्ञापन**

सिविन–नेपाल तथा द एसिया फाउण्डेसनको साझेदारीमा प्राथमिक तहका बालबालिकाको पढाइ लेखाइको सीप विकासमा अभिभावकको संलग्नता बढाइ बालबालिकालाई घरमा नै सिकाउने  ज्ञान तथा सीप विकासको अवसर प्रदान गर्न रेडि टु लर्न एण्ड प्ले नामक परियोजना कीर्तिपुर नगरपालिकामा लागू गरिएको थियो । नमूनाका रूपमा सञ्चालन गरिएको यस परियोजनाबाट आशातित उपलब्धी हासिल भएकाले अभिभावकबाट बालबालिकासम्म पुग्ने यस विधिलाई अन्यत्र पनि विस्तार गर्न सकिने देखिएको छ । स्मरणीय छ अभिभावक कक्षा सञ्चालनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वयमा कक्षा सञ्चालन निर्देशिका तयार पारिएको थियो भने कीर्तिपुर नगरपालिकाको स्वीकृति एवम् समन्वयमा परियोजनाका गतिविधिहरू सञ्चालनमा ल्याइएका थिए । यतिबेर सो निर्देशिका प्रकाशनको चरणमा प्रवेश गरेको छ ।

यसरी सम्बन्धित निकाय तथा स्थानीय तहसँगको समन्वय र साझेदारीमा सञ्चालित अभिभावक कक्षाका निम्ति तयार पारिएको निर्देशिका प्रकाशन गर्न पाउँदा हर्षित भएका छौं । यसप्रकार परियोजना कार्यान्वयन सँगसँगै निर्देशिका तयार पार्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष धेरै जना र पक्षको भूमिका महत्वपूर्ण रहेको छ । यसक्रममा आवश्यक समन्वय तथा स्वीकृत प्रदान गर्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा कीर्तिपुर नगरपालिकाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै निर्देशिका निर्माणमा विज्ञका रूपमा प्रमुख भूमिका निर्वाह गर्ने डा. मिनाक्षी दाहाललाई विशेष धन्यवाद ज्ञापन गर्दछौं । कक्षामा सहभागी अभिभावकहरू तथा प्रमुख सेवाग्राही हाम्रा प्यारा बालबालिकालाई पनि धन्यवाद ज्ञापन गर्दछौं । यसैगरी परियोजना सञ्चालन तथा यस निर्देशिका प्रकाशनमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने द एसिया फाउण्डेसन,अल चिल्ड्रेन रिडिङ्, यु.एस.आई.डि., वोल्ड भिजन र अष्ट्रेलियन एड प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । परियोजनाको सफल कार्यान्वयनमा योगदान पु¥याउने द एसिया फाउण्डेसन टिम र सिविन टिमलाई धन्यवाद दिँदै प्रकाशित निर्देशिका तथा लेट्स रिड (Let's Read) एप (एप्लिकेसन) का माध्यमबाट उपलब्ध हुने ठूलो संख्याका बाल कथाहरू सबैका लागि उपयोगी हुने विश्वास लिएका छौं । धन्यवाद ।



**माधव प्रधान**

अध्यक्ष

सिविन–नेपाल

# विषयसूची


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| कार्यक्रमको लक्षित वर्ग | २ |
| कार्यक्रमको सिकाइ उद्देश्यहरू | २ |
| कार्यक्रम अघि ध्यान दिनुपर्ने कुराहरू | २ |
| कार्यक्रमको समयमा ध्यान दिनुपर्ने कुराहरू | २ |
| कार्यक्रम पछि ध्यान दिनुपर्ने कुराहरू | ३ |
| छलफल सत्र सञ्चालनका मान्यता | ४ |
| कार्यक्रम सञ्चालन प्रक्रिया | ४ |
| छलफलको अवधि | ५ |
| कार्यक्रम सञ्चालन विधि | ५ |
| सहजीकरणको बारेमा: | ५ |
| अभिभावक भेला सहजीकरणका चरणहरू | ७ |
| १. भलाकुसारी | ७ |
| २. विषयवस्तुको प्रस्तुति र छलफल | ७ |
| ३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल | ७ |
| ४. शब्द ज्ञान अभ्यास | ८ |
| ५. घरमा गर्ने क्रियाकलापको अभ्यास | ८ |
| ६. पुनरावलोकन तथा कार्य योजना | ८ |
| पहिलो हप्ता | ९ |
| विषयः बालबालिकाका कुरा बुझौँ | ९ |
| दोस्रो हप्ता | १४ |
| विषय: म र मेरो नाम | १४ |
| तेस्रो हप्ता | १७ |
| विषय: मेरो शरीर | १८ |
| चौथो हप्ता | २२ |
| विषय: मेरो शरीर | २२ |
| पाँचौँ हप्ता | २८ |
| विषय: मेरो साथी | २८ |
| छैठौँ हप्ता | ३३ |
| विषय: मेरो परिवार | ३३ |

| | |
|---|---|
| सातौँ हप्ता | ३८ |
| विषय:  मेरो परिवार | ३८ |
| आठौँ हप्ता | ४३ |
| विषय:  मेरो परिवार | ४३ |
| नवौँ हप्ता | ४९ |
| विषय:  वातावरण | ४९ |
| दसौँ हप्ता | ५४ |
| विषय:  वातावरण | ५४ |
| एघारौँ हप्ता | ५९ |
| विषय: वातावरण | ५९ |
| बाह्रौँ हप्ता | ६४ |
| विषय:  पेसा, व्यवसाय | ६४ |
| तेह्रौँ हप्ता | ६९ |
| विषय:  पेसा, व्यवसाय | ६९ |
| चौधौँ हप्ता | ७४ |
| विषय:  मेरो स्कुल | ७४ |
| पन्ध्रौँ हप्ता | ७९ |
| विषय:  खाना | ७९ |
| सोह्रौँ हप्ता | ८५ |
| विषय: तरकारी | ८५ |
| सत्रौँ हप्ता | ९१ |
| विषय:  फलफूल | ९१ |
| अठारौँ हप्ता | ९७ |
| विषय:  चराचुरूङ्गी | ९७ |
| उन्नाइसौँ हप्ता | १०२ |
| विषय:  चराचुरूङ्गी | १०२ |
| बिसौँ हप्ता | १०८ |
| विषय:  पानीमा बस्ने जन्तु | १०८ |
| एककाइसौँ हप्ता | ११४ |
| विषय: जनावर | ११४ |
| बाइसौँ हप्ता | १२० |

विषय:  जनावर ११२०
तेइसौँ हप्ता १२६
विषय:  जनावर १२६
चौबिसौँ हप्ता १३३
विषय:  महिना, वर्ष र क्यालेण्डर १३३
पच्चीसौँ हप्ता १३८
विषय: समय १३८
छब्बिसौँ हप्ता १४२
विषय: चाडवर्व १४५
सत्ताइसौँ हप्ता १५०
विषय:  यातायात १५०
अठ्ठाइसौँ हप्ता १५६
विषय:  यातायात १५६
उनन्तिसौँ हप्ता १६२
विषय: हाम्रो पहिचान १६२
तिसौँ हप्ता १६८
विषय:  हाम्रो पहिचान १६८

## पृष्ठभूमि

घर बालबालिकाको पहिलो पाठशाला हो । बालबालिकाको सिकाइ र विकासका लागि परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ । बालबालिकाले घरमा पाउने उत्प्रेरणामूलक वातावरणले उनीहरूको सिकाइको जग बलियो बनाउन मद्दत गर्छ । आमाबाबुसँगको कुराकानी तथा निकटताले बालबालिकाको पूर्ण क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ । अभिभावकले घरमा गर्ने कार्यहरूबाट बालबालिकाको बौद्धिक, भाषिक, शारीरिक, सामाजिक तथा संवेगात्मक विकास हुनुका साथै पढाइ लेखाइका आधारभूत सिपहरूको विकास भई विद्यालयको लागि तयारी र जीवनकै बलियो आधारशिला निर्माण हुन्छ ।

यिनै अवधारणालाई ध्यानमा राखी बालबालिकाको पढाइ लेखाइको सिप विकासमा अभिभावकको संलग्नता बढाउन तथा बालबालिकालाई घरमा नै सिकाउने ज्ञान तथा सिप विकासको अवसर प्रदान गर्न यो सहजीकरण पुस्तिका तयार गरिएको छ ।

यस पुस्तिकाको मद्दतले सहज रूपमा कुनै एक विषयवस्तुमा आधारित रही बालबालिकाको भाषा सिकाइका चरणहरूलाई छलफलको विषय बनाउने तथा अभिभावकको बुझाइ र व्यवहारमा परिवर्तन ल्याउने जमर्को गरिएको छ ।

प्रस्तुत, सहजीकरण पुस्तिका बालबालिकाका सिकाइ अभिवृद्धिका लागि अभिभावकलाई संलग्न गराउने अभिप्रायले  तयार गरिएको हो । यो कार्यक्रम स्थानीय तह, संघसंस्था तथा विद्यालय मार्फत सञ्चालन गर्न सकिनेछ । अभिभावकलाई तयार गर्ने भूमिका सहजकर्ताहरूको हुनेछ । यसकोललागि कायर्क्रम सञ्चालन गर्ने संघसंस्था वा निकायले स्थानीयस्तरमा सहजकर्ता छनौट गर्न सक्नेछन् । सहजकर्ताहरूले ३० हप्ता प्रत्येक हप्ता एउटा गरी ३० वटा विषयवस्तुहरू अभिभावकहरूसँग छलफल गर्नेछन् । छनौट गरिएका विषयहरूलाई पनि दुई भागमा विभाजित गरिएको छ । जसअनुसार पहिलो भागमा अभिभावकसँग नै भेटेर गरिने क्रियाकलापहरू राखिएका छन् भने दोस्रो भागमा बालबालिकाको सिकाइ सहयोगी (घरमा गरिने) क्रियाकलापहरू तयार गरी प्रस्तुत गरिएको छ ।

यस कार्यक्रमको मूख्य आकर्षण भनेको कथाको प्रयोग हो । यसमा प्रयोग भएका कथाहरू लेट्स रिड (Let's Read) एप (Google Play Store/iOS) र वेबसाइट www.letsreadasia.org बाट सजिलै डाउनलोड गर्न सकिनेछ । सहजताको लागि प्रत्येक हप्ताको कथाको पुस्तक सँगै कथाको लागि लिङ्क राखिएको छ । त्यस लिङ्कबाट जो कोहीले पनि कथा पढ्न र सुन्न सक्नेछन् । साथै letsreadnepal  फेसबुक पेज मार्फत पनि जोडिन सक्नुहुनेछ ।

## कार्यक्रमको लक्षित वर्ग

यस कार्यक्रम मार्फत सहजीकरण पुस्तिकाले सबै अभिभावकहरूलाई बालबालिकाको सिकाइमा सहयोग राउन मद्दत गर्नेछ । अझ विशेष गरेर श्रोत र साधनको पहुँचबाट वञ्चित तथा बालबालिकाको सिकाइ तथा विकासका लागि पर्याप्त समय दिन नसकेका अभिभावकलाई यस पुस्तिकाले सहयोग गर्नेछ र क्रमशः समग्र अभिभावकको क्षमता अभिवृद्धिमा सहयोग पुग्नेछ । तसर्थ यस कार्यक्रमले निम्नानुसारका वर्गलाई समेट्नेछ।

- प्रारम्भिक उमेरका सबै बालबालिका
- प्रारम्भिक उमेरका बालबालिकाका आमा, बाबु, हजुरबुबा, हजुरआमा, दाजु, दिदी तथा परिवारका अन्य सदस्यहरू

## निर्धारित सिकाइ उद्देश्यहरू

- बालबालिकामा पढाइ तथा लेखाइका सिप विकास गर्नु
- ध्वनि सचेतीकरण, गति, यतिका साथै अक्षर  ज्ञान बढाउनु
- शब्द भण्डार बढाई पढाइमा सुधार गर्नु
- बालबालिकाको पढाइमा अभिभावकको संलग्नता बढाउनु
- बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु

## कार्यक्रम सञ्चालनपूर्व ध्यान दिनुपर्ने कुराहरू

- सहभागीहरूका क्षमता र आवश्यकतालाई ध्यान दिई तयार गरिएका सिकाइ उद्देश्यहरू बारे विचार गर्नुहोस्।
- प्रत्येक भेलामा छलफल गरिने विषय र सामग्रीको समीक्षा गर्नुहोस् । सहज र लचिलो विषयगत एजेन्डा तयार गर्नुहोस् ।
- तपाईँलाई छलफलका लागि आवश्यक पर्ने सामग्री सत्र सञ्चालन गर्नुअगावै  तयार गर्नुहोस् र अभिभावकभन्दा चाँडै आइपुग्नुहोस् ता कि तपाईँसँग सामग्री सङ्कलन गर्न, मिलाउन, भेला हुने ठाउँ तयार गर्न र सहभागीहरूलाई स्वागत गर्न पर्याप्त समय होस् ।

## कार्यक्रमको समयमा ध्यान दिनुपर्ने कुराहरू

- समावेशी, सहभागितामूलक र लोकतान्त्रिक सिद्धान्तहरू अपनाउनुहोस् । ठुलो-सानो, जान्ने-नजान्ने जस्ता विभेदपूर्ण (तलमाथि देखाउने) दृष्टिकोण नराख्नुहोस् ।

- सिकाइका लागि खुल्ला दिमाग र पारस्परिक सम्मान आवश्यक हुन्छ भन्ने कुरामा सचेत रहनुहोस् ।
- अत्यधिक जटिल नेपाली शब्द वा अङ्ग्रेजी भाषाको प्रयोग नगर्नुहोस् । सहभागीका जटिल प्रश्नहरूलाई सामान्य रूपमा नलिनुहोस् र उत्तर नदिने वा हलुकासँग टार्ने नगर्नुहोस् । आफूलाई सबै कुरा थाहा छैन भनी स्वीकार गर्न नहिचकिचाउनुहोस् र सहभागीहरूले के भन्नु हुन्छ (उहाँहरूको शारीरिक भाषा अथवा हाउभाउसहित) सुन्नुहोस् ।
- सहभागीहरूका अगाडि नउभिनुहोस्, बसाइलाई गोलाकार बनाउनुहोस् । उनीहरूसँग समान स्थानमा हुने गरी कुर्सीमा वा भुइँमा बस्नुहोस् र सबैसँग आँखा जुधाएर कुराकानी गर्न मिल्ने गरी बसेर कुरा गर्नुहोस् ।

## कार्यक्रम सकिएपछि ध्यान दिनुपर्ने कुराहरू

- सहभागीको भावना, शारीरिक भाषा(हाउभाउ) र समूहको गतिशीलताप्रति संवेदनशील हुनुहोस् ।
- सबैले समूहमा प्रशंसा पाउने र समान व्यवहारको महसुस गर्ने वातावरण सुनिश्चित गर्नुहोस् ।
- सहभागीहरूका आवश्यकता र चाहनाअनुसार लचिलो र रचनात्मक हुनुहोस् । तिनीहरूलाई चुनौती दिनुहोस्, तर तिनीहरूलाई आफूले हारेको अनुभूति नगराउनुहोस् ।
- समूहमा आफ्नो भूमिकाबारे सचेत हुनुहोस् ।
- सहजकर्ताका रूपमा आफ्नो भूमिका, आफ्नो लक्ष्य र जिम्मेवारीहरूबारे स्पष्ट हुनुहोस् ।
- कोही पनि पूर्ण छैन वा त्यस्तो हुनु आवश्यक छैन भन्ने कुरालाई ध्यानमा राख्नुहोस् - तपाईं पनि एक सहजकर्ताको रूपमा सँगसँगै सिक्ने र सिकाउने कार्यमा संलग्न भएको महसुस गराउनुहोस् ।

## छलफल सत्र सञ्चालनका मान्यताहरू

## छलफल सत्र सुरु गर्नुअघि सबैको सहभागितामा देहायअनुसारका मान्यताहरू तयार गर्नुपर्छ ।

- सहभागीहरूसँग छलफल गरी कार्यक्रमका बेला पालन गर्नुपर्ने नियम तथा आचारसंहिता तयार गर्ने । जस्तैः
    - समयमा उपस्थित हुने
    - नियमित रूपमा सहभागी हुने
    - विशेष अवस्थामाबाहेक अनुपस्थित नहुने, अनुपस्थित हुनुपर्ने अवस्था आएमा खबर गर्ने
    - सबैलाइ बोल्ने अवसर दिने
- स्थानीय भाषा, संस्कृति, भेषभूषाहरूको कदर गर्ने ।
- आफ्ना धारणा, विचार तथा अनुभव साटासाट गर्न सहभागीहरूलाइ प्रोत्साहित गर्ने ।
- सहभागीहरूका विचार, उत्तर ध्यानपूर्वक सुन्ने, टिपोट गर्ने र छलफल गरी महत्त्वपूर्ण सन्देशलाई प्रस्ट पार्ने ।

## कार्यक्रम सञ्चालन प्रक्रिया

यो कार्यक्रम दुई प्रकारबाट सञ्चालन गर्न सकिन्छ ।

- सामूहिक छलफल र भेला
- परिवार भेटघाट

कार्यक्रम सञ्चालनको क्रममा २० देखि २५ जना आमाबुबाहरूको समूह बनाई साप्ताहिक रूपमा नियमित छलफल गराउनु पर्नेछ । यस्ता भेटघाट तथा छलफल समुदायको अवस्था अनुरूप साना समूहहरू बनाएर तथा एकएक जना अभिभावकलाई भेटेर पनि सञ्चालन गर्न सकिनेछ । यसका लागि माथि भनिएजस्तो प्रारमभिक उमेरका बालबालिका भएका आमा, बुबा तथा परिवारका अन्य सदस्यहरूलाई बोलाउनु पर्नेहुन्छ ।

कुनै एउटा विषयमा केन्द्रित रही हामी पढौँ (लेट्स रिडले Let's Read) सावर्जनिक गरेका कथाको पुस्तकको प्रयोगबाट छलफल तथा अनुभवहरू आदान प्रदान गरिनेछ । यसबाट अभिभावकको बालबालिकाप्रति गरिने राम्रा अभ्यासहरूलाई प्रोत्साहन दिइनेछ ।

यसरी समूहमा छलफल गर्न नमिलेको अवस्थामा पनि परिवारका सदस्यहरूलाई एक ठाउँमा राखी कुराकानीको माध्यमबाट प्रारम्भिक बालविकासका सम्बन्धमा आवश्यक जानकारीहरू दिन सकिन्छ ।

## छलफलको अवधि

यस कार्यक्रमको लागि छलफलको अवधि र समय निर्धारण सहभागी अभिभावकहरूकै सल्लाह तथा सहमतिबाट गरिनेछ । सामान्यतया यसको लागि २ घण्टाको समय उपयुक्त हुनेछ ।

## कार्यक्रम सञ्चालन विधि

यस कार्यक्रमलाई अभिभावकको समूहमा गएर सञ्चालन गर्नुपर्दछ । यसका लागि निम्नानुसारका तरिका अपनाउन सकिन्छ । यस कार्यका लागि निम्नानुसारका प्रकियाहरू अपनाउनु पर्दछ ।

- समूह गठन
- सहजकर्ता छनौट
- सहजकर्ता तालिम
- सहजकर्ता परिचालन
- सामूहिक छलफल

## सहजीकरणका बारेमा

कार्यक्रमलाई आकर्षक एवं प्रभावकारी तरिकाले सञ्चालन गर्न सहजकर्ताको महत्त्वपूर्ण भूमिका हुन्छ । तथापि, सकजकर्ताहरू नै सम्पूर्ण रूपमा जिम्मेवार व्यक्ति, व्याख्याता वा निर्विवाद विशेषज्ञ भने होइनन् । वास्तवमा सहभागीहरू (अभिभावकहरू) बालबालिकासँग दैनिक रूपमा सँगै व्यवहार गर्छन् । उनीहरूसँग बालबालिकाका बारेमा धेरै कुराको जानकारी हुन्छ । उनीहरूसँग दैनिक गर्ने कार्य तथा सामना गर्ने चुनौतीहरूका बारेमा धेरै अनुभव, ज्ञान, विशेषज्ञता र अन्तरदृष्टि हुन्छ । तापनि अभिभावकलाई बाल-केन्द्रित र सहभागितामूलक सिकाइका बारेमा छलफल गर्न तथा घरमा सिकाइका लागि सकारात्मक वातावरण बनाउन र बालबालिकालाई मनपर्ने र प्रभावकारी विधिको प्रयोगलाई सुदृढ गर्नका लागि सहजकर्ताको ज्ञान र सिप महत्त्वपूर्ण हुन्छ । तालिम प्राप्त सहजकर्ताले आफूले सिकेका ज्ञान र प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरूको ज्ञानलाई संयोजन गर्न सकिने वातावरण सिर्जना गर्नुपर्ने हुन्छ । तसर्थ हामीले सिकाइमा मानिसहरूको दिमाग वा बुद्धि मात्र होइन उनीहरूका कार्यहरूमा उनीहरूका भावना र व्यक्तिगत प्रतिविम्ब पनि सहयोगी हुन्छन् भन्ने कुरा बिर्सनु हुँदैन । एक सहजकर्ताकोले फरकफरक विधिका सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्नसक्नुपर्छ जसले समग्र रूपमा सहभागीहरूलाई  कार्यक्रममा समावेश गर्दछ ।

साथै क्रियाकलापहरू सञ्चालन गर्दा पारस्परिक सम्मान, जिज्ञासापूर्ण र स्वामित्वमा आधारित ठाउँ सिर्जना हुने वातावरण तयार गर्नु पर्दछ । साथै सिकाइमा ध्यान दिने, सहयोगी र प्रोत्साहन गर्ने साझेदार सहभागी बनेर काम गर्नुपर्ने हुन्छ । मानिसहरूले अरूलाई हेरेर धेरै कुरा सिक्छन् । त्यसैले सहजकर्ताले सचेत भएर यस पुस्तिकामा भएका जानकारीहरू प्रस्तुत गर्नुको साथै आफ्नै रूप, शैली र शारीरिक भाषाको उदाहरणद्वारा पनि धेरै कुरा सिकाउन सक्नेछन् ।

## अभिभावक भेला सहजीकरणका चरणहरू

तालिम प्राप्त सहजकर्ताबाट अभिभावक छलफल कार्यक्रमलाई निम्नअनुसारको ६ चरणमा विभक्त गरी सहजीकरण गर्नेछन् । सहजीकरणका चरणहरू देहायअनुसार हुनेछन् ।

१. भलाकुसारी

२. विषयको प्रस्तुति र छलफल

३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल

४. शब्द ज्ञान अभ्यास

५. घरमा गर्ने क्रियाकलापको अभ्यास

६. पुनरावलोकन तथा कार्य योजना

सहजकर्ताले सबै सहभागीहरूलाई स्वागत गर्नुहोस् । सहभागीले यस कार्यक्रममा आउनुअघि भरेका विवरणलाई आधार बनाएर कुराकानीलाई अघि बढाउनुहोस् ।

### १. भलाकुसारी

अभिभावकलाई सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् । उनीहरूका लागि पढाइ लेखाइसम्बन्धी सहयोगी क्रियाकलाप बारेमा छलफल गर्नुहोस् ।

### २. विषय प्रस्तुति र छलफल

आजको विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । यो विषयको उद्देश्य के हो र यसबाट नानीबाबुहरूले के के कुरा सिक्नेछन् भन्ने कुरा बताउनुहोस् ।

### ३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल

यस चरणमा सहभागीहरूलाई निर्धारित कथा सुनाउने, विषयसँग सम्बन्धित पुस्तक पढ्ने, छलफल गर्ने तथा पुस्तकबाट सिकाउन खोजिएका शब्दहरू दोहोऱ्याउने गर्नुहोस् । पुस्तक पढ्दा चित्र देखाउँदै र हाउभाउसहित भन्नुहोस् । यसैगरी गीत, कविताहरू पनि आफूले भन्नुहोस् र अभिभावकलाई दोहोऱ्याउन वा पछ्याउन लगाउनुहोस् ।

### ४. शब्द ज्ञान अभ्यास

प्रत्येक दिनको छलफलपछि ५ वटा नयाँ शब्दहरू टिपोट गर्ने गर्नुहोस् । ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् । यदि अभिभावक पढ्न लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।

### ५. घरमा गर्ने क्रियाकलापको अभ्यास

अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा व्यवहारिक उदाहरणसहित बताउनुहोस् । अभिभावकहरूलाई घरमा बालबालिकाका लागि गर्न प्रयोग गरिने क्रियाकलाप सामग्री (activity sheet) दिनुहोस् । ती सामग्रीको प्रयोग कसरी गरेर सिकाउने भन्ने बारेमा छलफल गर्दै स्पष्ट पार्नुहोस् । अभिभावकलाई पुस्तक पढ्न (कथा भन्न) र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन थप अभ्यास गराउनुहोस् ।

### ६. पुनरावलोकन तथा कार्य योजना

हरेक दिन क्रियाकलापहरू सकिएपछि निम्नानुसारका तीन कार्यहरू गर्नुहोस् ।

पुनरावलोकन आज के के गरियो ? आज के के सिकियो ? आदि प्रश्नको उत्तर सबै सहभागीहरूसँग पालैपालो लिनुहोस् ।

बिर्सन नहुने कुराहरू: हरेक दिनको क्रियाकलापको अन्तमा बिर्सन नहुने कुराहरू के के हुन् भनेर सहभागीहरूलाई जोड दिएर भन्नुहोस् ।

प्रतिबद्ध बनाउने:  अभिभावकले घरमा गएपछि एक हप्तासम्म के के गर्नुपर्छ भन्ने विषयलाई स्पष्ट पार्नुहोस् । सो कार्यका लागि अभिभावकहरूलाई प्रतिबद्ध बनाउनुहोस् ।



पहिलो हप्ता

## विषय: बालबालिकाका कुरा बुझौँ

**कथा पुस्तक शीर्षक:** निन पोसाक लगाउन चाहन्छिन्!

**कथाको लिङ्क:** letsread.asia/NinWantsToGetDressed

**लक्षित सिकाइ उद्देश्य**

- बालबालिकाको सिकाइ र विकासमा अभिभावकको महत्त्व प्रस्ट पार्नु
- बालबालिकाको व्यवहार र अभिभावकको भूमिका प्रस्ट पार्नु
- अबका ३० सत्रमा सञ्चालन हुने क्रियाकलापका विषयमा जानकारी दिनु

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकाका भावना बुझेर सहयोग गर्ने ।

### १. भलाकुसारी

- सबैजना अभिभावक भेला भएपछि स्वागत गर्दै उहाँहरूका सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर जानकारी लिनुहोस् ।
- नानीबाबुहरूका विकास तथा सिकाइ र पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नु हुन्छ भन्ने बारेमा छलफल गर्नुहोस् ।
- आमा र बुवामध्ये बालबालिकाको विकास तथा सिकाइ र पढाइलेखाइमा सहयोग गर्न को बढी संलग्न हुनुहुन्छ भनेर सोध्नुहोस् ।
- पहिलो दिन भएको हुनाले अबका अरू सत्रहरूमा के के विषयवस्तु प्रस्तुत गरिन्छ ? ती सत्रहरू कसरी सञ्चालन गरिन्छन् भन्ने विषयमा जानकारी गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर सरसरती बताउनुहोस् ।

### २. विषय प्रस्तुति र छलफल

- सर्वप्रथम अभिभावकहरूलाई विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् । जस्तैः आजको विषय रहेको छ "बालबालिकाका कुरा बुझौँ " । यो विषयमा आज हामी बालबालिकाको बानी व्यवहार र हामी अभिभावकको भूमिकाका बारेमा छलफल गर्छौं ।
- अभिभावकहरूलाई सोध्नुहोस् : हाम्रा बालबालिकाले घरमा के कस्ता व्यवहार देखाउँछन् ? तपाईंहरूलाई बालबालिकाका के कस्ता वानी व्यवहार मनपर्छ अनि कस्ता बानी व्यवहार मनपर्दैनन् ?

- बालबालिकाको व्यवहार विकासमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुने हुनाले बालबालिकाले खोजेको समयमा सहयोग गर्ने र सकारात्मक कुराकानीबाट असल व्यवहार सिकाउनुपर्दछ भनी अभिभावकलाई सम्झाउनुहोस् ।
- पहिलो ५ वर्षसम्मको उमेर विकास र सिकाइका कारणले कति महत्त्वपूर्ण छ भनेर बिस्तारै छलफल गराउनुहोस् । बालबालिकाको सर्वाङ्गीण विकास कसरी हुन्छ र यो किन महत्त्वपूर्ण छ भन्ने कुरा सम्झाउनुहोस् ।
- क्रियाकलापसम्बन्धी जानकारी गराउनुहोस्: अभिभावकलाई प्रत्येक हप्ता भेला भएर गरिने क्रियाकलापका बारेमा बताउनुहोस् । जस्तैः हामी प्रत्येक हप्ता एउटा कथा भन्नेछौँ। ती कथाबाट हामी नयाँ शव्दहरू टिप्ने छौँ । तपाईँहरूले घरमा गएपछि नानीबाबुहरूलाई ती शव्द सिकाउनु हुनेछ जसबाट उनीहरूको पढाइ लेखाइमा सहयोग पुग्नेछ । बालबालिकाको सिकाइमा सहयोग पुऱ्याउने विषयमा थप छलफल र अभ्यास पनि गर्नेछौँ।

## ३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल

- कथाको चित्र देखाएर अभिभावकलाई के होला भनेर सोध्नुहोस् ।
- कथाको पात्र निनलाई चिनाउँदै आजको कथा "निन पोसाक लगाउन चाहन्छिन्!" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथा भन्दा वा सुनाउँदा बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।
- अभिभावकलाई पालैपालो ती लक्षित शव्दहरू उच्चारण गर्न तथा त्यसको अर्थ भन्न लगाउनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा प्रतिक्रिया माग्नुहोस् । उदाहरणका लागि: "निनले" आमालाई के गर्न सहयोग मागिन् ? अरू को कोसँग भनिन् ? समयमा सहयोग नपाउँदा निनलाइ कस्तो लाग्यो होला? अनि तपाईँहरूलाई पनि त्यस्तै लाग्छ ? यस्ता प्रश्न गर्दै छलफल गर्नुहोस् । बालबालिकाको भावना कसरी बुझ्ने र उनीहरूका चाहनाअनुसार कसरी अभिभावकले कार्य गर्ने भन्ने सन्दर्भमा थप छलफल गर्नुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- कथामा भएका पाँचवटा शब्दहरू जस्तैः **नीन, खाना, दाना, गाई, पात** छान्नुहोस् **।**
- छानिएका शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- अभिभावकहरू पढ्न र लेख्न सक्षम छन् भने औँलाले वा कुनै लाम्चो वस्तुले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् । शब्द भन्दा ताली बजाएर भन्न लगाउनुहोस् । पटक पटक अभ्यास गराउनुहोस् । उस्तै उच्चारण हुने शब्दहरू खोजी भन्न लगाउनुहोस् । जस्तै, खाना, दाना, नाना, ........गाई, भाइ,.......पात, हात, .......

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीहरूसँग गर्ने क्रियाकलापका विषयमा स्पष्ट पार्नुहोस् ।
- क्रियाकलाप सामग्री (activity sheet) दिएर त्यसबाट बालबालिकालाई घरमा कसरी सिकाउने भन्ने विषयमा छलफल गर्नुहोस् ।
- घरमा गएर नानीबाबुहरूलाई कथाको पुस्तक पढ्न तथा कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउन भन्नुहोस् ।
- यस्ता शब्द लेख्न तथा पढ्न बालबालिकालाइ प्रोत्साहन गर्ने तरिका बताउनुहोस् ।
- घरमा बालबालिकासँग कुरा गर्दा नझर्किने, गाली नगर्ने , स्नेहपूर्वक कुराकानी गर्ने, उनीहरूको समय र रुचिलाई बुझ्ने जस्ता विषयहरूलाई महत्त्व दिन भन्नुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।

यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख)बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बाल विकासका ५ पक्षहरू हुन्छन् ती हुन् :शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र भाषिक । यी सबै पक्षको सन्तुलित विकास भए मात्र बालबालिकाको पूर्ण विकास हुन्छ ।
- बालविकास गर्भावस्थादेखि हुन्छ । सिकाइ जन्मदेखि सुरु हुन्छ । गर्भावस्थादेखि ८ वर्षसम्मको उमेर नै मानव जीवनको जग हो ।

- गर्भ देखि ८ वर्षसम्म पाएको अनुभवले नै भविष्यमा कस्तो मान्छे बन्ने निर्धारण गर्न सकिन्छ । तसर्थ अभिभावकले बालबालिकाको भावना बुझेर सहयोग गर्नुपर्दछ ।
- बालबालिकालाई कथा सुनाएर, विभिन्न सामग्री खेल्न दिएर, कथा, कविता पढेर , गीत गाएर र गाउन लगाएर , अन्तरक्रिया वा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामका लागि प्रतिबद्ध बनाउनुहोस् ।


## पहिलो हप्ताको क्रियाकलाप


**कथा पुस्तक शीर्षक:** निन पोसाक लगाउन चाहन्छिन् !

**कथाको लिङ्क:** letsread.asia/NinWantsToGetDressed

**अभिभावकलाई निर्देशन**: बालबालिकालाई उनीहरूका कापीमा विभिन्न आकारका घेरा बनाएर दिनुहोस्  र रङ भर्न लगाउनुहोस् ।

**उद्देश्य :** लेखाइको सिप विकास गर्ने ।





## दोस्रो हप्ता



## विषय: म र मेरो नाम

**कथा पुस्तक शीर्षक :** सानी मिरा
**कथाको लिङ्क:** letsread.asia/SaniMira

**लक्षित सिकाइ उद्देश्य**

- नाम चिनाउने
- उच्चारण गराउने
- शब्दभण्डार बढाउने

यो हप्ताको मुख्य धारणा **(Concept):** बालबालिकाको सिकाइ र विकासका लागि खेलको महत्त्व ।

### १. भलाकुसारी

- सबैजना अभिभावक भेला भएपछि स्वागत गर्दै उनीहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूले अचेल बिहान बेलुका के कस्ता काम गर्छन् ?
- बालबालिकाका लागि दिइएका क्रियाकलाप गराउनु भयो कि भएन सोध्नुहोस् र नगराउनु भएको भए कठिनाइका कारण सोधी निवारणका उपायका सम्बन्धमा छलफल गर्नुहोस् ।
- निर्धारित क्रियाकलाप गराउनुभएका अभिभावकहरूसँग देहायका प्रश्नका आधारमा छलफल गर्नुहोस् ।
    - के उनीहरूले "निन पोसाक लगाउन चाहन्छिन् " कथा मन पराए ?
    - कथामा उल्लेख भएकामध्ये कुन कुरा ज्यादा मनपराए ?
    - निनले सहयोग माग्दा र नपाउँदा बालबालिकाले कस्तो प्रतिक्रिया देखाए ?
- नानीबाबुहरूका विकास तथा सिकाइ र सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्दै हुनुहुन्छ ? भन्ने बारेमा छलफल गर्नुहोस् ।
- सिकाइ सहयोगका कार्यमा आमा र बुवा मध्ये को बढी संलग्न भइरहनुभएको छ भनेर सोध्नुहोस् ।
- पहिलो दिन / अघिल्लो हप्ता के के गरियो पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

### २. विषयको प्रस्तुति र छलफल

- आज छलफल हुने विषयवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

- उहाँहरूलाई भन्नुहोस्- आजको विषय रहेको छ “म ” । यो विषयमा आज हामी बालबालिकाका नाम र रूचिका बारेमा छलफल गर्छौं । हामी बालबालिकालाई आफ्नो नाम अनि अरूको नाम भन्न कसरी सिकाउने भन्ने विषयमा छलफल गर्नेछौं ।
- यस सत्रमा केही नयाँ शब्दहरू सिकिने जानकारी गराउनुहोस् ।
- आफूले सिकेका शब्दहरू घरमा नानीबाबुहरूलाई सिकाउनु यसको उद्देश्य भएको कुरा बुझाउनुहोस् ।
- कतिपय थप शब्दहरू नाम र रुचिका आधारमा खोज्ने र चिन्ने विषयमा स्पष्ट पार्नुहोस् ।
- कथा सुनेर मात्र शब्द अभ्यास र अरू केही अभ्यास गर्ने जानकारी गराउनुहोस् ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- कथाको चित्र देखाएर अभिभावकलाई के होला भनेर सोध्नुहोस् ।
- कथाको पात्र मिरालाई चिनाउँदै आजको कथा “सानी मिरा” हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा प्रतिक्रिया माग्नुहोस् । मिराले हजुरआमाले रोक्न खोजेका कुरामा पनि आफ्नो साहस देखाएर गर्न खोज्नुलाई तपाईँ के भन्नुहुन्छ ? के मिराका बाबुले उनलाई ठिक सल्लाह दिनुभएको छ ? के तपाईँका बालबालिका पनि सानी मिरालेजस्तै कुनै व्यवहार देखाउँछन् ?
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्याउनुहोस् ।
- अभिभावकलाई पालैपालो ती लक्षित शव्दहरू उच्चारण गर्न तथा त्यसको अर्थ भन्न लगाउनुहोस् ।
- अभिभावकलाई पालैपालो आआफ्नो नाम भन्न लगाउनुहोस् । उदाहरणको लागि: मिरा अब “मि” बाट आउने अरू नामहरू भन्न लगाउने, जस्तै ; मिना, मिता, .........

**४. शब्द ज्ञान अभ्यास**

- आजको लागि कथामा भएका पाँच शब्दहरू: **उफ्रन, दौडन, लडीबुडी, बगैंचा**, **केटाकेटी** टिपोट गर्नुहोस् ।
- ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।

- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- ती शब्दहरूको अर्थ भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर भन्न लगाउनुहोस् ।
- यस कार्यलाई पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकहररूलाई घरमा नानीहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने काम क्रियाकलाप सामग्री (activity sheet) दिने र कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउने तरिका प्रस्तुत गरिदिनुहोस् ।
- उदाहरणर्का लागि घरमा बालबालिकालाई उनीहरूको नाम भन्न लगाउने । नामसँग मिल्ने वा उस्तै सुनिने अरू शब्दहरू भन्न लगाउने । जस्तो नानीको नाम सीमा भए, सीमा, रीमा, हीमा...आदि आउने गरी भन्न लगाउने।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख)बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## दोस्रो हप्ता

**अभिभावकलाई निर्देशन :** तल दिइएका क्रियाकलापहरू गर्न लगाउनुहोस् । यदि बालबालिका उफ्रन नसक्ने अवस्थामा भए उनीहरूलाई बोकेर वा कसरी सहज हुन्छ त्यसरी नै दिइएका क्रियाकलापहरू गर्न सहयोग गर्नुहोस् ।

**उद्देश्य :** शारीरिक सक्रियता बढाउने

निर्देशन बुझ्ने (सुनाइ सिप विकास)

उफ्रने



दौडने



लडीबुडी गर्ने



बगैंचामा जाने



आफ्नो नाम भन्ने



## तेस्रो हप्ता

### विषय: मेरो शरीर



**कथा शीर्षक:** मेरो शरीर
**कथाको लिङ्क:** letsread.asia/MyBody

**लक्षित सिकाइ उद्देश्य**

- शरीरको अङ्गका नाम चिनाउने
- नयाँ शव्दको उच्चारण गराउने
- शब्दभण्डार बढाउने

**यो हप्ताको मुख्य धारणा (Concept):** मानव शरीरका अङ्गबारे जानकारी दिने ।

**१. भलाकुसारी**

- सबैजना अभिभावक भेला भएपछि स्वागत गर्दै उनीहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूले बुवाआमाले गराउन थाल्नुभएका क्रियाकलापप्रति कत्तिको रुचि देखाएका छन् ? सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? भन्ने बारेमा छलफल गर्नुहोस् ।
- सिकाइ सहयोगका कार्यमा आमा र बुवा मध्ये को बढी संलग्न भइरहनुभएको छ भनेर सोध्नुहोस् ।
- कुनै अभिभावकले बालबालिकाका लागि गराउन प्रतिबद्ध हुनुभएका क्रियाकलाप गराउन नसक्नु भएको भए कठिनाइका कारण सोध्नुहोस् र निराकरणका उपायमा छलफल गर्नुहोस् ।
- निर्धारित क्रियाकलापहरू गराउनु भएका अभिभावकसँग देहायकाजस्ता प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् ।
    - के बालबालिकाले सानी मिरा' कथा मन पराए ?
    - नानीबाबुहरूले सानी मिराका के कस्ता बानी मन पराए ?
    - कथा सुनाउँदै गर्दा कुन घटनामा दुखी देखिए ?
    - कथा सुनिसकेपछि के उनीहरूले पनि सानी मिरालेजस्तै आफू के बन्ने भनेर भने ?
- अघिल्लो हप्ता के के गरियो पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आज छलफल हुने विषयवस्तुका बारेमा जानकारी गराउनुहोस् ।
- उहाँहरूलाई भन्नुहोस्: आजको विषय रहेको छ “मेरो शरीर” । यो विषयमा पनि आज हामी  शरीरका विभिन्न अङ्गका नाम चिनाउने क्रियाकलाप गर्छौँ ।
- यस सत्रमा केही नयाँ शरीरका अङ्गसम्बन्धी शब्दहरू सिकिने जानकारी गराउनुहोस् ।
- आफूले सिकेका शब्दहरू घरमा नानीबाबुहरूलाई सिकाउनु यसको उद्देश्य भएको कुरा बुझाउनुहोस् ।
- कतिपय थप शब्दहरू नाम र रुचिका आधारमा खोज्ने र चिन्ने विषयमा स्पष्ट पार्नुहोस् ।
- कथा सुनेर मात्र शब्द अभ्यास र अरू केही अभ्यास गर्ने जानकारी गराउनुहोस् ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- कथाको चित्र देखाएर अभिभावकलाई यो केका बारेमा होला भनेर सोध्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई देखाउँदै आजको कथा “मेरो शरीर_ हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा पढ्नुहोस् । कथामा पात्रले भनेजस्तै गरी आफूले पनि आफ्नो शरीर देखाएर प्रस्तुत हुनुहोस् ।
- यो पुस्तकमा दिइएका विषयले के कुरा सिकाउला ? भनेर अभिभावकलाई सोध्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- पुस्तकबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।
- अभिभावकलाई  पालैपालो ती लक्षित शव्दहरू उच्चारण गर्न तथा त्यसको अर्थ भन्न लगाउनुहोस् ।
- अभिभावकलाई  आफ्नो आफ्नो शरीरको अङ्ग देखाउदै पालैपालो नाम भन्न लगाउनुहोस् । उदाहरणको लागि: नाक । अब “न” बाट आउने अरू नामहरू भन्न लगाउने, जस्तै ; नसा, नङ, .........
- शरीरका अङ्गहरूका नामसाथै यसका सरसफाइ तथा सुरक्षाको बारेमा पनि छलफल गर्नुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकमा भएका  पाँच शब्दहरूः **नाक, कान, आँखा, दाँत** र **जिब्रो** टिपोट गर्नुहोस् ।
- ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।

- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- अभिभावकलाई शरीरका ती अङ्ग भन्ने र छुने खेल खेलाउनुहोस् ।
- ती शब्दहरूका अर्थ भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर भन्न लगाउनुहोस् ।
- यस कार्यलाई पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने काम क्रियाकलाप सामग्री (activity sheet) दिने र घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउने तरिका प्रस्तुत गरिदिनुहोस् । उदाहरणको लागि घरमा बालबालिकालाई उनीहरूको अङ्ग देखाउदै नाम भन्न लगाउने । नामसँग मिल्ने वा उस्तै सुनिने अरू शब्दहरू भन्न लगाउने जस्तैः हात शब्दसँग भात, खात,रात, लात...आदि ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख)बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।


ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## तेस्रो हप्ता

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई उनीहरूको कापीमा गोलो घेरा बनाएर नाक, आँखा, मुख राखेर अनुहार बनाउन लगाउनुहोस् अथवा बालबालिकालाई खाली अनुहार भएको चित्र दिएर उनीहरूलाई नाक, आँखा, मुख भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूको हात समाएर लेख्न वा चित्र टाँस्न सहयोग गर्नुहोस् ।

**उद्देश्य :** सुनाइ सिप विकास

लेखाइ सिप विकास



## चौथो हप्ता

### विषय:  मेरो शरीर



**कथा शीर्षक:** मेरो शरीरलाइ सुन्छु
**कथाको लिङ्क:** letsread.asia/ListenToMyBody

**लक्षित सिकाइ उद्देश्य**

- शरीरका अङ्गको नाम र काम चिनाउने
- उच्चारण गराउने
- शब्दभण्डार बढाउने

**यो हप्ताको मुख्य धारणा  (Concept):** शरीर र शरीरको चालसम्बन्धी शब्दभण्डार बढाउने।

**१.भलाकुसारी**

- सबैजना अभिभावक भेला भएपछि स्वागत गर्दै उनीहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूले अचेल बिहान बेलुका के कस्ता काम गर्छन् ?  सोध्नुहोस् ।
- सिकाइ सहयोगका कार्यमा आमा र बुवा मध्ये को बढी संलग्न भइरहनुभएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? भन्ने बारेमा छलफल गर्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस् । कुनै अभिभावकले नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- क्रियाकलाप गराउनुभएका अभिभावकसँग देहायकाजस्ता प्रश्नहरू सोधेर छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'मेरो शरीर' कथा मन पराए ?
    - के उनीहरूले पनि कथा सुनिसकेपछि आआफ्ना शरीरका अङ्गहरू देखाउँदै र ऐना हेर्दै अङ्गका कामका विषयमा कुराकानी गरे ?
    - के उनीहरूले कथामा उल्लेख गरिएका भन्दा फरक र थप शरीरका अङ्गका नाम र कामका बारेमा पनि जिज्ञासा राखे ?
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामीले के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आज छलफल हुने विषयवस्तुका बारेमा जानकारी गराउनुहोस् ।

- उहाँहरूलाई भन्नुहोस्: आजको विषय रहेको छ “मेरो शरीर” । यो विषयमा आज हामी शरीरका विभिन्न अङ्गका चाल र कामका बारेमा छलफल गर्छौं ।
- बालबालिकालाई शरीरको अङ्गको चाल सुन्ने तथा पहिचान गर्ने विषयमा सिकाउने तरिका छलफल हुने बताउनुहोस् ।
- यसबाट टिपोट गरिने केही शब्दहरू घरमा नानीबाबुहरूलाई सिकाउनु यसको उद्देश्य भएको कुरा बुझाउनुहोस् ।
- कथा सुनिसकेपछि कथामा आउने केही शब्द अभ्यास र अरू थप शब्द उच्चारण अभ्यास गर्ने जानकारी गराउनुहोस् ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “मेरो शरीरलाइ सुन्छु” भन्ने कथाको चित्र देखाएर अभिभावकलाई यो केका बारेमा होला भनेर सोध्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा ““मेरो शरीरलाइ सुन्छु” भन्ने हो भन्नुहोस्।
- अभिभावकहरूलाई हाम्रो शरीरका अङ्गहरू जस्तै आँखा, नाक, कान ,मुटु आदिको चाल कस्तो हुन्छ भनेर सोध्नुहोस् ।
- कथाको चित्र प्रस्तुत गर्दै हाउभाउसहित सुनाउनुहोस् । बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र उहाँहरूकै अनुभव पनि भन्ने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रले गरेजस्तै आफ्नो शरीरलाई सुन्ने क्रियाकलाप गर्न लगाउनुहोस् । जस्तैः सास तान्ने, छोड्ने, ताली बजाउने, चुट्की बजाउने आदि ।
- पुस्तकमा उल्लेख भएका शरीरका अङ्गसम्बन्धी विषय बालबालिकाका लागि किन उपयोगी हुनसक्छ छलफल गराउनुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- पुस्तक वा कथाबाट सिकाउन खोजिएका शब्दहरू दोहोर्याउनुहोस् ।
- अभिभावकलाई पालैपालो ती लक्षित शव्दहरू उच्चारण गर्न तथा त्यसको अर्थ भन्न लगाउनुहोस् ।
- अभिभावकलाई आफ्नो आफ्नो शरीरको अङ्ग देखाउदै पालैपालो नाम भन्न लगाउनुहोस् । अनि कुन अङ्गले के काम गर्दछ भनी छलफल गराउनुहोस् । उदाहरणका लागि: नाकले बास्ना थाहा पाउने (सुँघ्ने)

  अब यस्तै अरू अङ्ग र तिनका कामहरू भन्न लगाउने, जस्तै ; कान, मुख, दाँत हात, खुट्टा .........

- शरीरका अङ्गले गर्ने कामको हाउभाउ प्रदर्शन गरेर कुन अङ्गले गर्छ भनी चिन्ने खेल खेलाउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि कथामा भएका  पाँच शब्दहरूः **हात, सिटी, ओठ, ताली** र **खुट्टा** टिपोट गर्नुहोस् ।
- **हात, सिटी, ओँठ, ताली, खुट्टा**को चित्र पालैपालो देखाएर नाम भन्न लगाउनुहोस् । कुन अङ्गले के काम गर्छ भन्न लगाउनुहोस् ।
- यो कामलाई पटक पटक दोहोऱ्याउनुहोस् ।
- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले यी शब्द देखाउँदै पढ्न लगाउनुहोस् । पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- अभिभावकलाई शरीरका ती अङ्ग भन्ने र छुने खेल खेलाउनुहोस् । साथै उहाँहरूलाई पनि आफ्नो शरीरलाई सुन्ने अभ्यास गराउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर भन्न लगाउनुहोस् ।
- यस कार्यलाई पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने काम क्रियाकलाप सामग्री  (activity sheet) दिने र घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउने तरिका प्रस्तुत गरिदिनुहोस् । उदाहरणको लागि घरमा बालबालिकालाई उनीहरूको अङ्ग देखाउदै नाम र काम भन्न लगाउने । जस्तैः नाकले बास्ना थाहा पाउने । त्यसैगरी क्रमशः कान,दाँत, आँखा, जिब्रो, हात, गोडा आदि
- घरका नानीबाबुहरूलाई पनि आआफ्नो शरीरलाई सुन्ने क्रियाकलाप गराउने कुरा गर्नुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस्  ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।


- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- मानव शरीर पूर्ण स्वास्थ्य हुनका लागि शरीरका सबै अङ्गहरू दुरुस्त हुनुपर्छ । त्यसकारण ती सबै अङ्गहरूको उचित सरसफाइ र सुरक्षा गर्नुपर्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस्  ।


## चौथो हप्ता

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई उनीहरूका शरीरको अङ्गहरू देखाएर वा अङ्गहरूको चित्र देखाएर नाम भन्न लगाउनुहोस् । यसपछि तल दिइएका क्रियाकलापहरू गर्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूको हात समाएर क्रियाकलाप गर्न सहयोग गर्नुहोस् ।


**उद्देश्य :** सुनाइ तथा बोलाइ सिप विकास

| | |
|---|---|
| **खुट्टा**  | **ढ्याप ढ्याप**  |
| **औँला**  | **चुट्की**  |
| **ओठ**  | **हाँसो**  |


**हात**




**ताली**



**लामोलामो सास फेर्ने र सास फेरेको अवाज सुन्न लगाउने**



**पालैपालो ५ -५ पटक दाहिने र देब्रे खुट्टा उचाल्न लगाउने**



## पाँचौ हप्ता

### विषय: मेरो साथी



**कथा पुस्तक शीर्षक**: रिमा र आनी
**कथाको लिङ्क:** letsread.asia/RimaAndAni

**लक्षित सिकाइ उद्देश्य**

- उच्चारण सिकाउने
- शब्दभण्डार बढाउने
- तुलना र भिन्नता देखाउने सिप विकास (गणितीय सिप)

**यो हप्ताको मुख्य धारणा (Concept ):** साथी साथी बिचमा मेलमिलाप र सहयोगको भावना जागृत गर्ने

### १. भलाकुसारी

- सबैजना अभिभावक भेला भएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? भन्ने बारेमा छलफल गर्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस् । कसैले नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् र त्यस्ता कठिनाइ समाधान गर्ने उपायका विषयमा छलफल गर्नुहोस् ।
- निर्धारित क्रियाकलाप गराउनुभएका अभिभावकहरूसँग देहायका जस्ता प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'मेरो शरीरलाई सुन्छु' कथा मन पराए ?
    - के नानीबाबुहरूले पनि आआफ्नो शरीरलाई सुन्ने अभ्यास गरे ?
    - के यो क्रियाकलाप गर्दा उनीहरू रमाए ?
    - के उनीहरूले चर्चा गरिएका भन्दा फरक अङ्गका चाल सम्बन्धमा पनि कुनै जिज्ञासा राखे ?
    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।

- यो बसाइमा हामीले के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आज छलफल हुने विषयवस्तुका बारेमा जानकारी गराउनुहोस् ।
- उहाँहरूलाई भन्नुहोस्: आजको विषय रहेको छ “मेरो साथी” । यो विषयमा आज हामी  दुई जना साथीका बारेमा छलफल गर्छौं ।
- हामी बालबालिकालाई उनीहरूका साथीहरू को को छन् र कस्ता कस्ता छन् भनी बताउन लगाउने विषयका क्रियाकलापहरू गर्नेछौँ  । आफ्नो साथीहरूको बानी र रुचिका बारेमा कसरी थाहा पाउने र त्यसलाई सहज रूपमा स्वीकार गर्ने भन्ने विषयमा छलफल गर्नेछौं ।
- अलग अलग क्षमता र विशेषता भए पनि हामी साथी बन्न सकिने धारणा दिनु छलफलको उद्‌देश्य भएको जानकारी गराउनुहोस् ।
- कथाको माध्यमबाट नानीबाबुहरूले नयाँ शब्द सिक्ने र साथीसँग मिलेर खेल्ने बानीको विकास गराउने सम्बन्धमा क्रियाकलाप हुने जानकारी गराउनुहोस् ।
- विभिन्न व्यक्ति र वस्तुको भिन्नता (जस्तैः अग्ला होचा, धेरै थोरै) पहिचान सम्बन्धी क्रियाकलापहरू गरिने र थप  अभ्यास गर्ने कुरा बताउनुहोस्  ।
- कथा सुनिसकेपछि कथामा आउने केही शब्द अभ्यास र अरू थप शब्द उच्चारण अभ्यास गर्ने जानकारी गराउनुहोस् ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "रिमा र आनी” भन्ने कथाको चित्र देखाएर अभिभावकलाई यो केका बारेमा होला भनेर सोध्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा “ रिमा र आनी” भन्ने हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- अभिभावकहरूलाई पालैपालो  उहाँहरूका साथीका नाम  भन्न लगाउनुहोस् । सजिलोको लागि कति जना साथी छन् र कस्ता कस्ता बानी व्यवहार वा रूप रङ्ग भएका छन्  ? को धेरै अग्लो को भन्दा को होचो ? आदि प्रश्न सोध्नुहोस् । यस्ता प्रश्नको उत्तर खोज्दा तुलना गर्ने गणितीय सिप विकास हुने कुरा बुझाउनुहोस् ।

- कथाका पात्रमा भएजस्तै साथीको फरक फरक बानी भन्न लगाउनुहोस् जसले गर्दा साथीहरूको वानी फरक फरक हुँदोरहेछ भन्ने निष्कर्ष निस्कियोस् ।
- साथीहरूसँग कसरी मिल्ने, मिलेर खेल्ने सम्बन्धमा छलफल गराउनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।
- अग्लो होचो, तातो चिसो, पातलो बाक्लो आदिजस्ता जनाउने चित्र देखाएर अभिभावकलाई पालैपालो ती ती कस्ता छन् भन्न लगाउनुहोस् ।
- अभिभावकलाई अग्लो-होचो, बाक्लो -पातलो, तातो- चिसोको उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि कथामा भएका पाँच शब्दहरू: **साथी**, **अग्ली**, **होची**, **तातो** र **चिसो** शब्दहरू टिपोट गर्नुहोस् ।
- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले यी शब्द देखाउँदै पढ्न लगाउनुहोस् । पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर भन्न लगाउनुहोस् ।
- यस कार्यलाई पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उहाँहरूले गर्ने काम क्रियाकलाप सामग्री (activity sheet) दिने र घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- साथी, अग्लो-होचो, तातो- चिसोको चित्र प्रस्तुत गर्दै त्यसमा भएको फरक खोज्न लगाउने कुरा बुझाउनुहोस् ।
- फरक फरक गुण भएका सामग्री वा वस्तुको नाम भन्दै त्यसको विशेषता भन्ने खेल खेलाउन लगाउनुहोस् । जस्तैः बरफ भन्दा चिसो । आकाश भन्दा निलो आदि ।

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि सोध्नुहोस् । भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । कुनै पनि कुराको तुलना गर्न दिँदा बालबालिकाहरूमा गणितीय सिपको विकास हुनुका साथै उनीहरूमा विश्लेषणात्मक क्षमताको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- मानव शरीर पूर्ण स्वास्थ्य हुनका लागि शरीरका सबै अङ्गहरू दुरुस्त हुनुपर्छ । त्यसकारण ती सबै अङ्गहरूको उचित सरसफाइ र सुरक्षा गर्नुपर्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## पाँचौँ हप्ता

**अभिभावकलाई निर्देशन :**

1. बालबालिकालाई तलको चित्र देखाइ फरक छुट्याउन लगाउनुहोस् । के के फरक देख्छन् भन्न सहयोग गर्नुहोस् ।
2. उनीहरूका मनपर्ने साथीको चित्र बनाउन लगाउनुहोस् र साथीको राम्रा बानीहरू भन्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

**उद्देश्य :** सुनाइ, बोलाइ तथा गणितीय सिप विकास



## छैटौँ हप्ता

## विषय: मेरो परिवार



**कथा पुस्तक शीर्षक:** रामु घरमै बस्छन्

**कथाको लिङ्क:** letsread.asia/RamuStaysHome

**लक्षित सिकाइ उद्देश्य**

- उच्चारण सिकाउने
- शब्दभण्डार बढाउने
- परिवारको बारेमा चिनारी गराउने

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकालाई गुणस्तरीय समय र अभिभावकको भूमिका

### १. भलाकुसारी

- सबैजना अभिभावक उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? भन्ने बारेमा छलफल गर्नुहोस् । कुनै अभिभावकले नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- निर्धारित क्रियाकलाप गराउनुभएका अभिभावकहरूसँग देहायका प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'रिमा र आनी' कथा मन पराए ?
    - उनीहरूले रिमा र आनीमध्ये कसको बानीलाई ज्यादा मन पराए ?
    - के उनीहरू र उनीहरूका साथीका पनि आनी र रिमाका जस्तै फरक फरक बानी रहेछन् त ?
    - के बालबालिकाले कथामा भएका नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।

- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषय प्रस्तुति र छलफल**

- आजको विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् ।
- आवरण चित्र देखाउँदै आजको विषय “मेरो परिवार” हो भन्नुहोस्।
- बालबालिकाको पहिलो साथी परिवार नै हो । बालबालिकालाई अप्ठ्यारो समयमा पनि अभिभावकले बालबालिकालाई समय दिएर धेरै कुरा सिकाउन सकिन्छ भन्ने कुरा छलफलको मुख्य विषय भएको जानकारी दिनुहोस् ।
- साथै महामारी रोगबाट बच्न सरसफाई र मास्कको प्रयोग गर्ने कुरा पनि छलफलमा आउने जानकारी दिनुहोस् ।
- अभिभावकले समय नदिंदा बालबालिकाले कस्तो व्यवहार देखाउँछन् र किन होला भनेर छलफल गरिने कुरा बताउनुहोस् ।
- आजको छलफलबाट पनि नानीबाबुहरूलाई नयाँ शब्द सिकाइने साथै आफ्नो बुवा आमासँग के र कसरी खेल्ने बारेमा जानकारी हुने कुरा बुझाउनुहोस् ।
- क्रियाकलापका क्रममा कथा सुन्ने र अभ्यास गर्ने चरण रहेको पनि स्पष्ट पार्नुहोस् ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "रामु घरमै बस्छन्” भन्ने कथाको चित्र देखाएर अभिभावकलाई यो के विषयका बारेमा होला भनेर सोध्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "रामु घरमै बस्छन्” हो भन्नुहोस् ।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । रामु कतिबेला खुसी र कति बेला दुखी भए कारण पहिचान गरी भन्न लगाउनुहोस् ।
- अभिभावकलाई उनीहरूले नानीबाबुहरूसँग कसरी र कतिबेला समय बिताउने गर्नुहुन्छ सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् । सजिलोको लागि कति बेला के गर्नुहुन्छ ? कस्तो बेलामा साथमा राख्नुहुन्छ? के कस्ता कुराकानी गर्नुहुन्छ भनेर सोध्नुहोस् ।
- पुस्तकमा जस्तै महामारी फैलिएको बेलामा आमा र बुबाले कसरी बालबालिकालाई भुलाउनु भयो अनुभव सुनाउन लगाउनुहोस् । साथै पुस्तकको अन्त्यमा दिएका प्रश्नहरूको प्रयोग गरी छलफल गराउनुहोस् ।

- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि कथामा भएका  पाँच शब्दहरूः **आमा, बुबा, फुपु, साथी, नर्स** शब्दहरू टिपोट गर्नुहोस् ।
- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले यी शब्द देखाउँदै पढ्न लगाउनुहोस् । पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस्  ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- परिवारका अन्य नाताका बारेमा पनि अभिभावकसँग  छलफल गरी बालबालिकालाई चिनाउने उपाय खोज्नुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने काम क्रियाकलाप सामग्री  (activity sheet) दिएर कसरी घरमा नाता सम्बन्धका बारेमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- कथामा रामुको फुपु नर्स भएको जस्तै  आफ्ना नातेदारहरू को कहाँ बस्नुहुन्छ, के काम गर्नु हुन्छ, उहाँहरूका राम्रो बानीहरू के के छन्  आदिजस्ता विषयमा अभिभावकसँग छलफल गर्दै यी कुराहरू बालबालिकासँग कसरी गर्न सकिन्छ भन्ने उपायको खोजी गराउनुहोस् ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि सोध्नुहोस् । भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।
- घरमा अभिभावकले नानीबाबुहरूसँग खेल्न सक्ने खेलहरूका बारेमा छलफल गर्नुहोस् । सामान्यतया घरमा के कस्ता खेलहरू खेल्नुहुन्छ भनेर सोध्नुहोस् । घरमा कथा भन्ने, गाउँ खाने कथा भन्ने, पजल मिलाउने जस्ता अन्य के कस्ता खेल खेलाउन सकिन्छ र घरमा खेल्ने के कस्ता र कति खेलौनाहरू छन् भनेर छलफल चलाउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । कुनै पनि कुराको तुलना गर्न दिँदा बालबालिकाहरूमा गणितीय सिपको विकास हुनुका साथै उनीहरूमा विश्लेषणात्मक क्षमताको पनि विकास हुन्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ । परिवारमा राम्रो सम्बन्ध हुने र बालबालिकाले अभिभावकसँग गुणस्तरीय समय बिताउन पाउनेछन् यसबाट बालबालिकाको अत्मविश्वास पनि बढ्दछ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- महामारी तथा अन्य प्रकोपका बेला बालबालिकाहरूले आमाबाबुसँग समय बिताउँदा सुरक्षाको महसुस गर्छन् ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामका लागि प्रतिबद्ध बनाउनुहोस् ।

## छैटौँ हप्ता

**अभिभावकलाई निर्देशन :**

1. बालबालिकालाई उनीहरूको मनपर्ने खेलौना ल्याउन भन्नुहोस् र बालबालिकासँग खेल्नुहोस् ।
2. घरमा भएका खेलौना तथा अन्य बालबालिकाले चिनेका सामानहरूलाई एउटा झोलामा राख्नुहोस् र झोलामा हात मात्र छिराउन मिल्ने गरी बन्द गर्नुहोस् । अब बालबालिकाको आँखा हलुकासँग बन्द गरिदिनुहोस् र झोलाबाट एक एक गरी सामान निकाल्दै नाम भन्न लगाउनुहोस् । सामान चिन्न सकेमा स्याबासी दिनुहोस् र नसकेमा अलि अलि सङ्केत दिएर चिन्न सहयोग गर्नुहोस् ।

**उद्देश्य :** सुनाइ, बोलाइ तथा पढाइ सिप विकास

## सातौँ हप्ता

## विषय: मेरो परिवार



**कथा पुस्तक शीर्षक:** जन्मदिनको चकलेट
**कथाको लिङ्क:** letsread.asia/TheBirthdayChocolate

**लक्षित सिकाइ उद्देश्य**

- उच्चारण सिकाउने
- शब्दभण्डार बढाउने
- स्मरण र कल्पनाशीलता बढाउने

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकाको आवश्यकतामा घरपरिवारको सहयोग आवश्यक

### १. भलाकुसारी

- सबैजना अभिभावक उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले कसरी सहयोग पुऱ्याउने गर्नुभएको छ ? के यसबाट उनीहरूका व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् र निराकरणका उपायसम्बन्धी छलफल गर्नुहोस् ।
- निर्धारित क्रियाकलाप गराउनु भएका अभिभावकसँग देहायका प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् ।
  - के उनीहरूले 'रामु घर मै बस्छन्' कथा मन पराए ?
  - के रामुजस्तै उनीहरू पनि अभिभावकहरूसँग खेल्न मनपराउँछन् ?
  - के बालबालिकाले रामु दुखी हुनुको कारण पत्ता लगाए ?
  - के कथा सुनिरहँदा उनीहरूले पनि आफूले भोगेका कुरा व्यक्त गरे ?

    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषयवस्तु "मेरो परिवार" हो भनेर अभिभावकहरूलाई जानकारी गराउनुहोस् ।
- परिवारमा जन्मदिन मनाउने तरिकाका विषयमा छलफल हुने जानकारी गराउने ।
- बालबालिकालाई उनीहरूको जन्मदिन र साथीका जन्मदिन मनाउने कार्यमा अभिभावकको सहयोगको महत्त्वका विषयमा छलफल हुने जानकारी गराउने ।
- बालबालिकाले हामीले भनेको कुराबाट भन्दा पनि हामीले गरेका कामहरूबाट छिटो सिक्छन् भनेर बताउनुहोस् ।
- आजको छलफलबाट नानीबाबुहरूले सिक्ने नयाँ शब्द तय गरिने छ। साथै बालबालिकाले आफ्नो जन्मदिन गते, महिनाका बारेमा कसरी थाहा पाउनेछन् भन्ने विषयमा छलफल केन्द्रित हुने जानकारी गराउनुहोस् ।
- यसको लागि कथा सुन्ने र अभ्यास गर्ने कुराको जानकारी गराउनुहोस् ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "जन्मदिनको चकलेट" भन्ने कथाको चित्र देखाएर अभिभावकलाई यो केका बारेमा होला भनेर सोध्नुहोस्।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "जन्मदिनको चकलेट" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- कथाकी पात्र टीनाको अवस्थाका सम्बन्धमा छलफल गरी अभिभावकहरूको प्रतिक्रिया लिनुहोस् ।
- अभिभावकलाई उनीहरूका जन्मदिनका बारेमा पालैपालो भन्न लगाउनुहोस् ।
- पुस्तकमा जस्तै छोराछोरीको जन्मदिनमा के के कसरी मनाउनुहुन्छ भन्न लगाउनुहोस् । यसैगरी छोराछोरीका साथीहरूको जन्मदिनमा के गर्नुहुन्छ छलफल गराउनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।

- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- पुस्तकमा भएका पाँचवटा शब्द **जन्मदिन, चकलेट, व्यस्त, मुन्द्रा** र **जुँगा** छान्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नसक्ने भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि सोध्नुहोस् । भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।
- घरमा बालबालिकालाई उनीहरूको जन्मदिनको बारेमा भन्न लगाउनुहोस् । माथि दिइएको शब्द जस्तै **जन्मदिन, चकलेट** वा अरू जन्मदिनमा चाहिने कुराका बारेमा छलफल गर्न लगाउनुहोस् ।
- बालबालिकालाई आफ्नो संस्कार तथा संस्कृतिअनुसार उनीहरूको वा परिवारका अन्य सदस्यको जन्मदिन मनाउने सम्बन्धी योजना बनाउन लगाउने सम्बन्धी विषयमा छलफल गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

- कथामा जस्तै अभिभावकको नक्कल गर्न लगाउँदा बालबालिकाको पढाइ लेखाइका सिपका साथै स्मरणशक्तिको विकास हुन्छ । नयाँ नयाँ कुराहरू कल्पना गर्दछन् जसले पढाइमा सहयोग पुग्दछ भन्ने कुरामा जोड दिनुहोस् ।

ख) बिर्सन नहुने कुराहरू: देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । कुनै पनि कुराको तुलना गर्न दिँदा बालबालिकाहरूमा गणितीय सिपको विकास हुनुका साथै उनीहरूमा विश्लेषणात्मक क्षमताको पनि विकास हुन्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- कसैका भूमिकाको नक्कल गर्दा बालबालिकाको प्रतिभा प्रस्फुरण हुनुका साथै उनीहरूको स्मरण गर्ने शक्ति बढ्छ ।

ग) प्रतिबद्धता: अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## सातौं हप्ता

**अभिभावकलाई निर्देशन :**

3. बालबालिकालाई उनीहरूको जन्मदिन मनाउनका लागि के के गर्ने ? कार्यक्रम बनाउन लगाउनुहोस् । जन्मदिन मनाउन चाहिने सामग्रीको चित्र देखाउनुहोस् र नाम भन्न लगाउनुहोस् । खाली कागज दिएर अन्य सामग्री थप्न लगाउनुहोस् ।

**उद्देश्य :** सुनाइ, बोलाइ तथा पढाइ (अक्षर चिनारी) तथा लेखाइ सिप विकास

| **चित्र** | **शब्द** |
|---|---|
| टीका | |
| चकलेट | |
| टोपी | |
| केक | |
| लुगा | |
| मिठो खानेकुरा | |
| उपहार | |

4. सामग्रीको पहिलो अक्षर सोध्नुहोस् र भन्न लगाउनुहोस् ।

5. उदाहरणका लागि, **केक – क, चकलेट –च, टोपी - ट, लुगा – ल, उपहार -उ ........**

आठौँ हप्ता

## विषय: मेरो परिवार



**कथा पुस्तक शीर्षक:** बाबा के गर्दै हुनुहुन्छ ?
**कथाको लिङ्क:** letsread.asia/WhatIsDaddyDoing

**लक्षित सिकाइ उद्देश्य**

- उच्चारण सिकाउने
- शब्दभण्डार बढाउने
- पढाइ तथा लेखाइका सिप विकास गर्ने

**यो हप्ताको मुख्य धारणा (Concept):** परिवारमा आपसी सहयोग र मेलमिलापको भावना

### १. भलाकुसारी

- सबैजना अभिभावक उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् । आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो ? बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन ? कसैले नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् र कठिनाइ समाधानका विषयमा छलफल गर्नुहोस् ।
- क्रियाकलाप गराउनु भएका अभिभावकहरूलाई देहायका थप प्रश्नहरू गर्दै छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'जन्मदिनको चकलेट' कथा मन पराए ?
    - उनीहरू कथाका कुन कुरामा खुसी भए कुन कुराले दुखी भए ?
    - टीनाले आमा बा र हजुरबाको भूमिका अभिनय गरेको विषयमा बालबालिकाको प्रतिक्रिया कस्तो रह्यो ?
    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ?
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

## २. विषयको प्रस्तुति र छलफल

- आजको विषयवस्तु पनि अघिल्लो हप्ताजस्तै "मेरो परिवार " हो भनेर जानकारी गराउनुहोस् ।
- यसपटक परिवारमा कामको बाँडफाँड कसरी हुन्छ भन्ने विषयमा छलफल हुने र एकले अर्कालाई कसरी सहयोग पुऱ्याउने भन्ने विषयमा छलफल हुने भएकाले यी विषय बालबालिकाहरूमा असल वानी व्यवहार निर्माण गर्न उपयोगी हुने कुरा बताउनुहोस् ।
- बालबालिकालाई सानैदेखि आफ्नो काम आफैँ गर्न र सहयोग गर्ने बानीको विकास गराउनुपर्ने विषयमा अभिभावकहरूलाई सचेत बनाउनुहोस् ।
- सदाभैँ यस सत्रको छलफलबाट पनि नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् भनी आश्वस्त पार्नुहोस् ।
- विषयको आरम्भ कथाबाट हुने र थप अभ्याससमेत गरिने जानकारी गराउनुहोस् ।

## ३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल

- "बाबा के गर्दै हुनुहुन्छ ?" भन्ने कथाको चित्र देखाएर अभिभावकलाई चित्रमा कसलाई देखाएको होला के गर्दे होलान् जस्ता प्रश्न गरी छलफल अघि बढाउनुहोस् । उहाँहरूको अनुमान र तर्कलाई ग्रहण गर्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा ""बाबा के गर्दै हुनुहुन्छ ?" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् ।
- अभिभावकलाई घरमा ककसले के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् । के उहाँहरू पनि घरमा कथाका बाबा र आमाजस्तै मिलेर काम गर्नुहुन्छ ? छलफल गराउनुहोस् ।
- घरभित्रको र घरबाहिरको काम कसले बढी गरेको हुन्छ छलफल गराउनुहोस् । साथै पुस्तकको अन्त्यमा दिएका प्रश्नहरू गरी छलफल गराउनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

## ४. शब्द ज्ञान अभ्यास

- पुस्तकमा भएका पाँचवटा शब्दहरू: **खाना पकाउने, बढार्ने, लुगा धुने, पानी भर्ने, सघाउने** लाई लिनुहोस् ।

- टिपोट गरिएका शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् तर पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउ सहित भन्न लगाउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- क्रियाकलाप सामग्री (activity sheet) दिएर कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- कुनै काम जसले सक्छ उसले गर्नुपर्छ वा एकले अर्कोलाई सहयोग गर्नुपर्छ भन्ने सन्देश दिँदै नानीबाबुहरूमा एकअर्कामा सहयोगी भावनाको विकास गराउने प्रकारका कुरा गर्ने सम्बन्धमा अभिभावकलाई जानकारी गराउनुहोस् । बालबालिकालाई सानातिना घरका काम गर्न दिनुपर्छ भन्ने सन्देश दिनुहोस् ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि सोध्नुहोस् । भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- कथामा जस्तै अभिभावकको नक्कल गर्न लगाउँदा बालबालिकाको पढाइ लेखाइका सिपका साथै स्मरणशक्तिको विकास हुन्छ । नयाँ नयाँ कुराहरू कल्पना गर्दछन् जसले पढाइमा सहयोग पुग्दछ भन्ने कुरामा जोड दिनुहोस् ।
- बालबालिकालाई घरको काममा सहभागी गराउँदा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग हुन्छ । यसबाट बालबालिकाले असल व्यवहार सहयोगी भावना त सिक्छन् नै उनीहरूको पढाइ लेखाइ र गणितीय सिप विकासको लागि पनि यस्ता क्रियाकलापले मद्दत गर्दछन् भन्ने कुरा अभिभावकलाई भन्नुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । कुनै पनि कुराको तुलना गर्न दिँदा बालबालिकाहरूमा गणितीय सिपको विकास हुनुका साथै उनीहरूमा विश्लेषणात्मक क्षमताको पनि विकास हुन्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस्  ।

## आठौं हप्ता

**उद्देश्य:** सुनाइ, बोलाइ, पढाइ (अक्षर चिनारी) तथा लेखाइ सिप विकास

**अभिभावकलाई निर्देशन :**

बालबालिकालाई विभिन्न कामका चित्रहरू देखाएर कुन काम कसले गर्नुहुन्छ र किन भनेर सोध्नुहोस् ।

| चित्र | कसले गर्ने ? | किन ? |
|---|---|---|
| खाना पकाएको  | | |
| लुगा धोएको  | | |
| भाँडा माझेको  | | |
| पसलबाट सामान ल्याएको | | |

| | | |
|---|---|---|
|  | | |
| विद्यालय गएको  | | |
| घर सफा गरेको  | | |

6. बालबालिकाले गर्न सक्ने के के काम छन् सोध्नुहोस् ।
7. कामको पहिलो अक्षर सोध्नुहोस् र लेख्न लगाउनुहोस् ।
8. उदाहरणका लागि, पढ्ने **–प, घर-घ, पसल- प, ........**

## नवौँ हप्ता

## विषय: वातावरण



**कथा पुस्तक शीर्षक:** माथि हेर त !
**कथाको लिङ्क:** letsread.asia/LookUp
**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास
- अक्षर चिनारी
- शब्दभण्डार वृद्धि

**यो हप्ताको मुख्य धारणा (Concept):** फरक थाहा पाउने ( डिकोडिङ) सिप

### १. भलाकुसारी

- अभिभावकहरू उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? के यसबाट उनीहरूका व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- निर्धारित क्रियाकलापहरू गराउनुभएका अभिभावकहरूसँग देहायका प्रश्नहरूका आधारमा प्रश्न गरी प्रतिक्रिया माग्नुहोस् ।
    - के उनीहरूले 'बाबा के गर्दै हुनुहुन्छ ?' कथा मन पराए ?
    - उनीहरू त्यस कथाको कुन घटनामा ज्यादा खुसी भए ?
    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषय प्रस्तुति र छलफल**

- आजको विषयवस्तुको बारेमा जानकारी गराउनुहोस् ।
- भन्नुहोस्: आजको विषय रहेको छ "मेरो वातावरण" । यो विषयमा आज हामी बालबालिकाले आफ्नो वरिपरिको वातावरणलाई हेरेर त्यसलाई कसरी अवलोकन गर्छन् भन्ने पहिचान गर्न उनीहरूलाई के छ, कस्तो छ भनेर भन्न लगाउँछौँ । यसबाट उनीहरूमा अझ सूक्ष्म रूपले हेर्ने र फरक थाहा पाउने सिपको विकास हुन्छ ।
- थप प्रस्ट पार्नुहोस् : बालबालिकाले पढ्न सिक्नुअघि उनीहरूले अक्षरहरूमा भएको फरक पहिचान गर्न सक्नुपर्दछ । यसका लागि अक्षर चिन्नुभन्दा पनि पहिले वरिपरि वातावरणमा भएका विविध वस्तुहरूको फरक पहिचान गर्ने अभ्यास महत्त्वपूर्ण हुन्छ । तसर्थ आज हामी वरिपरि देखिने फरकफरक वस्तुहरू खोज्छौ र छलफल गर्छौं । यसबाट नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् । यसको लागि हामी कथा सुन्छौं अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "माथि हेर त !" भन्ने कथाको चित्र देखाएर अभिभावकलाई चित्रका विषयमा छलफल गराउनुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "माथि हेर त !" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित चित्रमा चिनाउन खोजिएका कुरा चिन्न लगाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् ।
- अभिभावकलाई चित्र देखाउँदै कथामा भनिएका फरक वस्तुहरू के के देख्नुहुन्छ सोध्नुहोस् ।
- अन्य बाहिरका वस्तुहरू साथै अक्षरहरू देखाएर फरक छुट्याउन लगाउँदै छलफल गराउनुहोस् । यसो गर्दा बालबालिकामा अवलोकन गर्ने , तुलना गर्ने, अक्षर चिन्ने र छिटो पढ्न चाहिने सिप विकास हुन्छ भनेर स्पष्ट गरिदिनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । यस्ता चित्र देखाएर बालबालिकालाई छलफलमा सहभागी गराउँदा के फाइदा हुन्छ ? प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- पुस्तकबाट पाँचवटा शब्दहरू जस्तैः **चरा, धर्सो, बत्ती, सडक, गर्मी** लाई छान्नुहोस्।

- टिपोट गरिएका शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् तर पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउ सहित भन्न लगाउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दहरूको पहिलो अक्षरलाई ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् । उदाहरणको लागि, **चरा-च, धर्सो-ध, बत्ती-ब, सडक-स, गर्मी- ग ।**
- लेख्न रुचाउने तथा सक्ने अवस्थामा अक्षरहरू सार्न लगाउनुहोस् ।
- च, ध, ब स र ग बाट आउने अरू शब्दहरू भन्न लगाउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । उदाहरणका लागि घरमा भएको कुनै दुई ओटा सामान देखाएर बालबालिकालाई के फरक छ सोध्ने वा लुगामा भएका प्याटर्न वा चित्रहरू देखाएर सोध्ने गरेमा भाषा, पढाइको सिप विकास हुन्छ ।
- शब्दहरू वा अक्षरहरू देखाएर के फरक छ भनी सोधेमा बालबालिकाले फरक अक्षरबाट फरक ध्वनि आउँछ वा फरक उच्चारणा गरिन्छ भन्ने बुझ्दछन् जुन पढाइको सिप विकासको लागि अति नै महत्त्वपूर्ण हुन्छ ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि सोध्नुहोस् । भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

- बालबालिकालाई फरक पत्ता लगाउन वा खोज्न लगाउँदा उनीहरूको पढाइको सिप विकास तथा अक्षर चिनारीमा सहयोग हुन्छ । यसबाट बालबालिकाले अक्षर चिन्ने तथा उनीहरूको पढाइ लेखाइ र गणितीय सिप विकासका लागि पनि यस्ता क्रियाकलापले मद्दत गर्दछ भन्ने कुरा अभिभावकलाई बुझाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।


- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । कुनै पनि कुराको तुलना गर्न दिँदा बालबालिकाहरूमा गणितीय सिपको विकास हुनुका साथै उनीहरूमा विश्लेषणात्मक क्षमताको पनि विकास हुन्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## नवौँ हप्ता

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई तलको चित्र देखाई फरक छुट्याउन लगाउनुहोस् । के के फरक देख्छन् भन्न सहयोग गर्नुहोस् । साथै फरक चित्रमा रङ्ग लगाउन दिनुहोस् । यदि बालबालिकाले आफै गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।

**उद्देश्य :** पढाइ, लेखाइ तथा गणितीय सिप विकास



## दसौँ हप्ता

### विषय: वातावरण



**कथा पुस्तक शीर्षक:** मेरो स्कार्फ
**कथाको लिङ्क:** letsread.asia/MyScarf
**लक्षित सिकाइ उद्देश्य:**

- पढाइको सिप
- सृजनशीलता
- शब्दभण्डार
- अक्षर चिनारी

**यो हप्ताको मुख्य धारणा (Concept):** सृजनशील तथा कल्पनाशील हुने बानीको विकास

**१. भलाकुसारी**

- सबैजना अभिभावक उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? के यसबाट उनीहरूका व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोधी निवारणका उपायका सम्बन्धमा छ्यफल गर्नुहोस् ।
- निर्धारित क्रियाकलापहरू गराउनु भएका अभिभावकसँग देहायका विषयमा छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'माथि हेर त' कथा मन पराए ? उनीहरू त्यस कथाको कुन घटनामा ज्यादा रुचि राखे ? भनेर सोध्नुहोस् ।
    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषयवस्तु"वातावरण" हो भनेर जानकारी गराउनुहोस् ।
- भन्नुहोस्: यसै विषयमा हामीले गएको हप्तामा पनि छलफल गरेका थियौं । आज पनि हामी बालबालिकाले वातावरणमा देखेका वस्तुहरूलाई आफ्नो सिर्जनशीलताको प्रयोग गरेर प्रस्तुत गर्दछन् भन्ने बारेमा छलफल गर्छौं ।
- स्पष्ट पार्नुहोस्: हामी बालबालिकालाई घरमा परिवारले भयरहित वातावरणामा हुर्कायौं भने उनीहरू अझ सिर्जनशील तथा नयाँ नयाँ कुरा कल्पना गर्न सक्ने हुन्छन् भन्ने विषयमा पनि छलफल गर्छौं ।
- बालबालिकालाई घरमा भएका सामग्रीहरू फरकफरक तरिकाले प्रयोग गर्न दिइयो भने उनीहरू सिर्जनशील हुन्छन् भन्ने विषयमा पनि छलफल गर्नेछौं ।
- भन्नुहोस्: पहिलेजस्तै यसबाट नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् । हामी बालबालिकालाई सिर्जनशील बनाउने थप उपायहरूको बारेमा पनि छलफल गर्नेछौं । यसको लागि हामी कथा सुन्छौं अनि केही अभ्यास गर्नेछौं ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "मेरो स्कार्फ" भन्ने कथाको चित्र देखाएर अभिभावकलाई चित्रले के भनेको होला भनेर अनुमान गर्न लगाउनुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा ""मेरो स्कार्फ"हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- अभिभावकलाई चित्र देखाउँदै कथामा भनिएका फरक वस्तुहरू के के देख्नुहुन्छ सोध्नुहोस् ।
- साथै आफूसँग भएको केही समग्री जस्तै टोपी, सल वा कागजका विभिन्न आकृति बनाएर अभिभावकलाई के होला भनेर सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् । सहभागिहरूलाई पनि त्यस्तै फरक आकृति बनाउन लगाउनुहोस र अरूलाई सोध्न लगाउनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् र प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् र अभिभावकलाई दोहोऱ्याएर भन्न पनि लगाउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि **, सारी, पुतली, पाल, झोला र छाता** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दहरूको पहिलो अक्षर ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् । उदाहरणको लागि, **सारी-सा, पुतली-पु, पाल-पा, झोला-झो, छाता-छा ।**
- यदि अभिभावक/बालबालिका लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न  लगाउनुहोस् ।
- समान उच्चारण हुने शब्दहरू **सा** बाट सारी, पारी जस्ता शब्दहरू भन्न लगाउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री  (activity sheet) दिएर कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । उदाहरणको लागि कथामा भनिएकाजस्ता क्रियाकलापहरू गर्न बालबालिकाहरूले मन पराउने भएकोले उनीहरूलाई यस्तो काम गर्न दिएमा पढाइ तथा लेखाइका लागि अवश्यक सिपहरू, सिर्जनशीलता र कल्पना गर्ने क्षमताको विकास हुन्छ ।
- बालबालिकाले बनाउने फरक फरक वस्तुहरूको बारेमा थप सोध्ने, चित्र बनाउन लगाउने गरेमा उनीहरूको सिर्जनशीलता बढ्ने र कल्पना गर्ने क्षमतामा वृद्धि हुन्छ । यस्ता सिपहरू पढाइका लागि अति आवश्यक छन् ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि सोध्नुहोस् । भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस्  ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । साथै उनीहरूलाई चित्र बनाउन दिने तथा चित्रमा रङ भर्न लगाउने फरक फरक चिज खेल्न दिने जस्ता क्रियाकलापले सृजनशीलता र कल्पनाशीलता बढ्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस्  ।

## दसौँ हप्ता

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई उनीहरूको मनपर्ने सल वा पछ्यौरा दिनुहोस् र कथामा भनेको जस्तै विभिन्न वस्तु बनाएर खेलौना ल्याउन भन्नुहोस् र बालबालिकासँग खेल्नुहोस् । साथै तल दिएका चित्रहरूको नाम भन्न, त्यस्तै चित्र कोर्न  र रङ लगाउन सहयोग गर्नुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

**उद्देश्य :** सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिप विकास

घर



चरा



छाता



केरा



कुकुर



## एघारौँ हप्ता

### विषय: वातावरण



**कथा पुस्तक शीर्षक:** उल्टो पुल्टो
**कथाको लिङ्क:**
letsread.asia/OppositeDayhttps://letsread.asia/WhatIsDaddyDoing
**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप बढाउनु
- सृजनशीलता विकास गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- अक्षर चिनारी गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** सृजनशीलता तथा कल्पनाशीलताको विकास

**१. भलाकुसारी**

- सबैजना अभिभावक उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक प्रसङ्ग निकाल्नुहोस् ।
- घरमा नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? के यसबाट उनीहरूका व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस् । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् । कसरी समाधान गर्ने भन्ने विषयमा छलफल गर्नुहोस् ।
- निर्धारित क्रियाकलाप गराउनु भएका अभिभावकहरूसँग देहायका जस्ता प्रश्नहरू गर्दै छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'मेरो स्कार्फ' कथा मन पराए ? उनीहरू त्यस कथाको कुन घटनामा ज्यादा रुचि राखे ?
    - के नानीबाबुहरूले पनि कथाको पात्रलेजस्तै कुनै सिर्जनात्मक अभ्यास गरे ?

- के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ?

- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषयवस्तु "बानी व्यवहार " हो भनेर जानकारी गराउनुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा हामी बालबालिकाले कस्ता काम गर्न मन पराउँछन् भन्ने छलफल गर्नेछौं । आज हामी  बालबालिकाका रुचि र उटपट्याङ व्यवहारका बारेमा छलफल गर्छौं ।
- बताउनुहोस् : बालबालिका नयाँ र फरक काम गर्न मन पराउँछन् । यो उनीहरूको सिकाइको अधारभूत प्रक्रिया हो । यसबाट बालबालिकाको सिर्जनात्मक क्षमता बढ्छ । हामी यस छलफलपछि बालबालिकाले गर्न खोजेको कामहरूलाई रोक्न भन्दा उनीहरूलाई रूचिअनुसारको काम गर्न दिएमा सिकाइ र विकास अझ छिटो हुन्छ भनेर बताउनेछौ । बालबालिकाले के गर्न हुने के गर्न नहुने भन्ने असल बानीको विकास पनि यसरी नै हुन्छ भन्ने  कुरा गर्नेछौं।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यसबाट नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् । साथै उनीहरूले आफ्नो काम कसरी गर्ने भन्ने बुझ्नेछन् र जिम्मेवारी बोध गर्न प्रेरित हुनेछन्।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "उल्टो पुल्टो"  भन्ने कथाको चित्र देखाएर अभिभावकलाई चित्रले देखाएको विषयमा छलफल गर्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "उल्टो पुल्टो" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- अभिभावकलाई चित्र देखाउँदै कथामा भनिएका फरक वस्तुहरू के के देख्नुहुन्छ सोध्नुहोस् ।
- कथामाजस्तै घरमा नानीबाबुहरूले यस्तो उटपट्याङ काम गर्छन् कि गर्दैनन् भनेर सोध्नुहोस् । उनीहरूले उल्टो काम गरे वा गर्न खोजे भने के गर्नुहुन्छ भनेर सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।

- बालबालिकाले नयाँ र फरक काम गर्न मन पराउने हुनाले उनीहरूको सिकाइलाई सहयोग गर्न रूचिअनुसार फरक तरिकाले काम गर्न प्रेरित गर्नुपर्दछ भनेर बताउनुहोस् । यसबाट बालबालिकाको सिर्जनात्मक क्षमता बढ्छ ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- कथाको पात्र बालक सबै काम उल्टो गर्छु भन्दा भन्दै कसरी सुल्टो गर्छु भन्न पुगे ? के हामी यस्तै तरिकाले बालबालिकाका खराब सोच र व्यवहारलाई सुधार्न सक्छौँ ? छलफल गर्नुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि **, उल्टो, सुल्टो, जुत्ता, खुट्टा** र **पन्जा** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- उल्टो, सुल्टो जस्तै सुनिने अरू शब्दहरू भन्न लगाउनुहोस् । उदाहरणको लागि उल्टो, पुल्टो, फुल्टो....आदि । यस्ता शब्दहरू अर्थ नलाग्ने भए पनि फरक पर्दैन । बालबालिकाहरू उटपट्याङ शब्द भन्न मनपराउँछन् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई लेख्ने अभ्यास गराउन अभिभावकहरूलाई पनि अभ्यास गराउनुहोस् । लेखाइका लागि सिधा रेखा र अर्धगोलाकार रेखा बनाउन लगाउनुहोस् । दिएका चित्रहरू सार्न लगाउनुहोस् । अक्षर लेखाउनेभन्दा पहिले विभिन्न ढाँचाहरू बनाएर लेख्न लगाउनुपर्छ । यसका लागि बालबालिकालाई सिधा रेखा र अर्धगोलाकार रेखाबाट चित्र बनाउन दिनुहोस् ।

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द अभ्यास गर्न र लेख्न सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।


- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । साथै उनीहरूलाई चित्र बनाउन दिने तथा चित्रमा रङ भर्न लगाउने फरक फरक चिज खेल्न दिने जस्ता क्रियाकलापले सृजनशीलता र कल्पनाशीलता बढ्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- बालबालिका उटपट्याङ् लाग्ने शब्द उच्चारण गर्न मनपराउँछन् । उनीहरूले ती शब्दहरूको उच्चारण गर्न लाग्दा (खराब र असामाजिक अर्थ लाग्ने खालको छैन भने) रोक्नु हुँदैन बरु थप शब्द भन्न लगाउँदा उनीहरूको बोलाइ सृजनशीलता र कल्पनाशीलताको विकास हुन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामका लागि प्रतिबद्ध बनाउनुहोस् ।

## एघारौँ हप्ता

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई दिइएका सिधा रेखा र अर्धगोलाकार रेखामा रङ भर्न तथा  थप रेखाहरू कोर्न लगाउनुहोस् । यसैगरी पेन्सिल वा हात राखेर माथिबाट लेख्न (ट्रेस गर्न) लगाउनुहोस् ।  यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।

**उद्देश्य :** सुनाइ, बोलाइ, पढाइ तथा सिप विकास





## बाह्रौँ हप्ता

## विषय: पेसा व्यवसाय

**कथा पुस्तक शीर्षक:** म के बन्न सक्छु ?
**कथाको लिङ्क:** letsread.asia/WhatCouldIBecome
**लक्षित सिकाइ उद्देश्य**

- पठन सिप विकास गराउनु
- सृजनशीलता वृद्धि गराउनु
- शब्दभण्डार बढाउनु
- अक्षर चिनारी गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** विभिन्न पेसा तथा व्यवसायबारे परिचित गराउने

**१. भलाकुसारी**

- सबै अभिभावकहरू उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- हामीले गरेको क्रियाकलापबाट के नानीबाबुहरूले आनन्द लिँदै केही सिकेका छन् त ? के यसबाट उनीहरूका सिकाइमा र असल बानी व्यवहार निर्माणमा केही सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? के यसबाट उनीहरूका व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस् । नगराउनु भएको भए कठिनाइका कारण सोधी निराकरणका उपायमा छलफल केन्द्रित गर्नुहोस् ।
- घरमा सहज रूपमा निर्धारित क्रियाकलाप गराउने अभिभावकसँग देहायका प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् ।
    - के नानीबाबुहरूले 'उल्टो पुल्टो' कथा मन पराए ? उनीहरू त्यस कथाको कुन घटनामा ज्यादा खुसी भए ?
    - के उनीहरूले पनि कथाका पात्रको नक्कल गर्न खोजे ?

- कथा सुनिसकेपछि उनीहरूका बुझाइ कस्तो रह्यो ?
- के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ?

- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषयवस्तु "पेसा व्यवसाय" हो भनेर जानकारी गराउनुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा आज हामी मानिसहरू कुन कुन पेसामा छन् वा के कस्ता कामहरू गर्दछन् भन्ने बारेमा छलफल गर्छौं । हामी बालबालिकालाई घरमा आमा र बुबाले के काम गर्नुहुन्छ र अन्य मानिसले के काम गर्छन् अथवा गर्नुपदर्छ भनी बताउनेछौ । आफ्नो घर परिवारका मानिसले तथा छरछिमेकमा गरिने कामहरू र पछि ठुलो भएपछि गर्न सकिने कामको बारेमा पनि कुरा गर्नेछौँ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यसबाट नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् । साथै विभिन्न पेसामा भएका मानिसहरूलाई आदर सम्मान गर्न र भविष्यमा आफूले गर्ने कामका बारेमा सोच्न प्रेरित हुनेछन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "म के बन्न सक्छु ?" भन्ने कथाको चित्र देखाएर अभिभावकलाई चित्रले देखाएको विषयमा छलफल गर्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "म के बन्न सक्छु ?" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- अभिभावकहरूलाई के उहाँहरू पनि बाल्यकालमा के बन्ने होला भनेर कथाको पात्रलेजस्तै कल्पना गर्नुहुन्थ्यो ? सम्झिएर भन्न लगाउनुहोस् ।
- अभिभावकहरूलाई घर तथा छिमेकका मानिसले के के पेसा गर्नुहुन्छ भनेर सोध्नुहोस् । साथै अन्त्यमा प्रश्नहरू गरी विभिन्न काम वा पेसाबारे छलफल गराउनुहोस् ।

- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- कथामाजस्तै बालबालिकाले आफू के बन्ने भनेर कल्पना गर्नु र भन्नु आवश्यक छ भन्ने विषयमा छलफल गराउनुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि **, आमा, आहा, आकाश, आइसक्रिम** र **आवाज** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दको पहिलो अक्षर **आ**-बाट आउने अन्य शब्दहरू भन्न लगाउनुहोस् । पुस्तकमा **आ** अरू कहाँ कहाँ छ खोज्न लगाउनुहोस् र घरमा बालबालिकालाई पनि यस्तै गर्नुपर्ने कुरा बताउनुहोस् । यसबाट बालबालिकाले अक्षर छिटो चिन्ने र पढ्ने हुन्छन् भनी बुझाउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर कसरी घरमा सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई लेख्ने अभ्यास गराउन अभिभावकहरूलाई पनि अभ्यास गराउनुहोस् । लेखाइका लागि सिधा रेखा र अर्धगोलाकार रेखा बनाउन लगाउनुहोस् । बालबालिकालाई घरमा कहाँ कहाँ सिधा रेखा र अर्धगोलाकार रेखा देख्छन् खोज्न लगाउनुहोस् र चित्र बनाउन दिनुहोस् ।
- बालबालिकालाई कुनै चित्र वा वस्तुहरू हेरेर छाप्न लगाउनुहोस् अथवा स्वतन्त्र रूपमा चित्र कोर्न दिनुहोस् र के बनाएको, किन बनाएको जस्ता प्रश्न गर्नुहोस् । यसबाट बालबालिकाको कल्पना गर्ने क्षमताको विकास हुन्छ ।

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द अभ्यास गर्न र लेख्न सिकाउन अभ्यास गराउनुहोस्

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । साथै उनीहरूलाई चित्र बनाउन दिने तथा चित्रमा रङ भर्न लगाउने फरक फरक चिज खेल्न दिने जस्ता क्रियाकलापले सृजनशीलता र कल्पनाशीलता बढ्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- बालबालिकालाई विभिन्न प्रकारका कामहरूको बारेमा बताउँदा उनीहरूको रूचि थाहा हुन्छ । यसबाट काम गर्नुपर्ने भावनाको विकास भई काम गर्ने बानीको विकास गर्न सहयोग पुग्छ ।


ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## बाह्रौँ हप्ता

**कथा पुस्तक शीर्षक:** म के बन्न सक्छु ?

**कथाको लिङ्क:** letsread.asia/WhatCouldIBecome

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई दिइएका आकारहरूमा लेख्न लगाउनुहोस् । यस्तै आकार भएका अन्य सामग्री जस्तैः ग्लास, कचौरा दिएर छाप्न लगाउनुहोस् । कथाको पुस्तकमा भएका चित्रहरू छाप्न (ट्रेस गर्न) लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।



## तेह्रौँ हप्ता

## विषय: पेसा तथा व्यवसाय



**कथा पुस्तक शीर्षक:** ढक! ढक! ढक!
**कथाको लिङ्क:** letsread.asia/KnockKnock
**लक्षित सिकाइ उद्देश्य**

- पठन सिप विकास गराउनु
- सृजनशीलता बढाउनु
- शब्दभण्डार बढाउनु
- अक्षर चिनारी गराउनु
- लेखन सिपको विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** विभिन्न पेसा तथा व्यवसायबारे परिचित गराउने

### १. भलाकुसारी

- सबै अभिभावकहरू उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयबाट कुराकानी आरम्भ गर्नुहोस् ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर बुझ्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा को ज्यादा संलग्न हुनुहुन्छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् र अब समाधानको बाटोको विषयमा पनि छलफल गर्नुहोस् ।
- निर्धारित र नियमित क्रियाकलाप गराइरहनुभएका अभिभावकहरूसँग देहायका प्रश्नका आधारमा छलफल गर्नुहोस् ।
    - के उनीहरूले 'म के बन्न सक्छु' कथा मन पराए ?

  - उनीहरू त्यस कथाको कुन घटनामा ज्यादा खुसी भए ?  के उनीहरूले पनि कथाका पात्रहरूले जस्तै आफू के भन्ने भनेर सुनाए ?
  - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

## २. विषयको प्रस्तुति र छलफल

- आजको विषयवस्तु पनि "पेसा तथा व्यवसाय" हो जुन विषयमा हामीले अघिल्लो हप्ता पनि कुराकानी गरेका थियौँ भनेर बताउनुहोस् ।
- जानकारी गराउनुहोस् : आज हामी  अन्य व्यवसाय वा पेसा के के हुनसक्छन् ? मानिसहरूले कस्ता कस्ता कामहरू गर्छन् वा उनीहरूका पेसालाई के भनिन्छ भन्ने  बारेमा छलफल गर्छौं। हामी बालबालिकालाई यस छलफलपछि सबै प्रकारका वा पेसाहरूको महत्त्व छ र सम्मान  गर्नुपदर्छ भनी बताउनेछौँ । आफ्नो घरपरिवारका मानिसले तथा छरछिमेकमा गरिने कामहरू र पछि ठुलो भएपछि गर्न सकिने  कामका बारेमा पनि कुरा गर्नेछौँ ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यसबाट नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् । साथै विभिन्न पेसामा भएका मानिसहरूलाई आदर सम्मान गर्न र  भविष्यमा आफूले गर्ने कामका बारेमा सोच्न प्रेरित हुनेछन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

## ३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल

- "ढक! ढक! ढक!"   भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकलाई के भइरहेको छ अनुमान गर्न र भन्न लगाउनुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "ढक! ढक! ढक!"  हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी आफूले पनि ढक ढक गर्दै कथाको पात्रअनुकूल प्रस्तुत हुँदै कथा सुनाउनुहोस् ।
- पेसाको अभिनय गर्दै अभिभावकलाई अनुमान गर्ने र भन्ने अवसर दिनुहोस् ।

- कथाको चित्र देखाउँदै  यस्ता काम गर्ने मानिसहरूलाई के भनेर सम्बोधन गरिन्छ भनी सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।
- अभिभावकहरूलाई घर तथा छिमेकमा कसले के काम गर्नुहुन्छ भनेर सोध्नुहोस् । साथै अन्त्यमा प्रश्नहरू गरी  विभिन्न काम वा पेसा र ती पेसाकर्मीलाई भनिने शब्द वा पदका विषयमा छलफल गराउनुहोस् ।
- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै विस्तारै छलफल गर्दै पढ्नुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि **, ढकढक, डकर्मी, कपाल, शरद र पसल** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- ढकढक जस्तै सुनिने अरू शब्दहरू पनि भन्न लगाउनुहोस् । उदाहरणको लागि टकटक, बकबक....आदि ।
- यसैगरी **ढकढक-ढ, डकर्मी -ड, कपाल -क, शरद -श, पसल –प** अक्षरहरू  पढ्न लगाउनुहोस् । पुस्तकमा यि अक्षरहरू अरू कहाँ कहाँ छ खोज्न लगाउनुहोस् र घरमा बालबालिकालाई पनि यस्तै गर्नु पर्नेकुरा बताउनुहोस् । यसबाट बालबालिकाले अक्षर छिटो चिन्ने र पढ्ने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री  (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- यो हप्ता पनि बालबालिकालाई लेख्नको लागि सहयोगी अभ्यास गराउनुहोस् । लेखाइका लागि सिधा रेखा र अर्धगोलाकार रेखाबाट विभिन्न आकारहरू वा ढाँचाहरू बनाउन लगाउनुहोस् ।

- बालबालिकालाई कुनै चित्र वा वस्तुहरू हेरेर छाप्न तथा सार्न लगाउनुहोस् अथवा स्वतन्त्र रूपमा चित्र कोर्न दिनुहोस् र के बनाएको, किन बनाएको जस्ता प्रश्न गर्नुहोस् । यसबाट बालबालिकाको कल्पना गर्ने क्षमताको विकास हुन्छ ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द अभ्यास गर्न र लेख्न सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- अभिभावकहरूलाई भन्नुहोस् : बालबालिकालाई विभिन्न प्रकारका काम तथा पेसाका बारेमा बताउँदा उनीहरूको रूचि थाहा हुन्छ । उनीहरूमा कामप्रतिको लगाव बढ्छ । बालबालिकाले असल व्यवहार सहयोगी भावना त सिक्छन् नै उनीहरूको पढाइ लेखाइ र गणितीय सिप विकासको लागि पनि यस्ता क्रियाकलापले मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरू: देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।


- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- पेसा फरक फरक हुन्छ भन्ने धारणाले उनीहरूमा विभिन्न पेसाप्रति सम्मान प्रकट गर्ने वानीको विकास हुन्छ ।
- कथा सुनाइले बालबालिकाको सुनाइ, बोलाइको सिप विकासका साथै असल बानीको पनि विकास हुन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।


ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।


## तेह्रौँ हप्ता


**अभिभावकलाई निर्देशन :** बालबालिकालाई दिइएका आकारहरूमा लेख्न लगाउनुहोस् । यस्तै अकार भएका अन्य सामग्री जस्तै, ग्लास, कचौरा दिएर छाप्न लगाउनुहोस् । कथाको पुस्तकमा भएका चित्रहरू छाप्न (ट्रेस गर्न) लगाउनुहोस् ।


चित्रमा रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।











## चौधौँ हप्ता

## विषय: मेरो स्कुल



**कथा पुस्तक शीर्षक:** स्कुलमा ल्हासो फ्याफुल्ला

**कथाको लिङ्क:** [letsread.asia/LhassoFyafulla](letsread.asia/LhassoFyafulla)

**लक्षित सिकाइ उद्देश्य:**

- पढाइको सिप विकास गर्न
- जोडिएका शब्द भन्ने र पठन सिप विकास गर्न
- अक्षर चिनारी गराउन
- शब्दभण्डार वृद्धि गर्न
- लेखन सिप विकास गर्न

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकालाई विद्यालयमा के कस्ता अप्ठ्यारा पर्दछन् र कस्तो वातावरणमा बालबालिकाको सिकाइ प्रभावकारी बनाउन सकिन्छ भन्ने जानकारी

### १. भलाकुसारी

- सबै अभिभावकहरू उपस्थित हुनुभएपछि स्वागत गर्दै उहाँहरूको सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक कुनै विषय भए त्यसको प्रसङ्ग जोड्नुहोस् जस्तै :भर्खरै ल्होसार वा कुनै पर्व मनाएको भए कस्तो भयो ? कतिको रमाइलो गर्नुभयो ? आदि ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् । उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् ? उनीहरूका बानी व्यवहारमा आएका परिवर्तनका विषयमा सोध्नुहोस् ।
- आजकल हामीले गरेको छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले समय दिनुभएको छ ? सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस् । नगराउनु भएको भए कठिनाइका कारण सोधी यस अघिका सत्रहरूमा भएका छलफलका क्रममा सुझाव गरिएका कुनै उपायबाट समाधान गर्नुपर्ने सुझाव दिनुहोस् ।
- नियमित र निर्धारित क्रियाकलाप गराइरहनुभएका अभिभावकहरूसँग देहायका प्रश्न सोध्दै छलफल गर्नुहोस् ।

- के नानीबाबुहरूले 'ढकढक !' कथा मन पराए ?
    - उनीहरू त्यस कथाको कुन घटनामा ज्यादा खुसी भए ?
    - के उनीहरूले पनि कथाका पात्रले जस्तै ढकढक गर्दै कुराकानी गर्ने अथवा नक्कल गर्न खोजे ?
    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषयवस्तु पनि "मेरो स्कुल" हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस्
- जानकारी गराउनुहोस् : आज हामी बालबालिकाको लागि स्कुल के हो र कस्तो हुनुपर्दछ भनेर छलफल गर्नेछौं । साथै पढाइ लेखाइको सिप विकासका लागि अभिभावकले जान्नु पर्ने विषयको बारेमा पनि छलफल गर्नेछौं ।
- सोध्नुहोस्: बालबालिका कस्तो वातावरणमा ज्यादा रमाउँछन् ? के कस्ता कुराले बालबालिकालाई स्कुल जान वा नजान मन लाग्ने हुन्छ होला ?
- जोड दिएर भन्नुहोस्: स्कुलको वातावरण राम्रो भए मात्र बालबालिका स्कुल जान मन पराउँछन् ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले नयाँ शब्द सिक्नेछन् । अभिभावकहरूले पनि बालबालिकाका लागि स्कुलको वातावरण राम्रो चाहिन्छ भनेर विचार विमर्श गर्नुहुने छ ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "स्कुलमा ल्हासो फ्याफुल्ला" भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकलाई चित्रले के देखाएको छ ? यो केको बारेमा होला भनेर अनुमान गर्न र भन्न लगाउनुहोस् ।

- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "स्कुलमा ल्हासो फ्याफुल्ला" हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- कथामा भन्न खोजेको विषयको बारेमा अभिभावकको धारणा के छ चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- घरमा फरक भाषा बोल्ने अभिभावक हुनुहुन्छ भने उहाँहरूलाई भाषाका कारण आफ्ना छोराछोरीलाई स्कुलमा समस्या परेको वा अन्य केही घटना घटेको याद गर्नु भएको छ कि छैन सोध्नुहोस् । कथाका पात्र उर्गेन र ऊर्मुलाई जस्तै अन्य भाषा बोल्दा वा बोल्ने बालबालिकालाई स्कुलमा अन्य के कस्ता समस्या आउलान् भनेर छलफल अगाडि बढाउनुहोस् । भाषा सिकाउन कुरा गर्नुपर्ने, कथा पढ्नुपर्ने जस्ता क्रियाकलापलाई जोड दिनुहोस् ।
- कथाका पात्रहरू उर्गेन र ऊर्मु तथा डोल्मा मिस र घटित घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै बिस्तारै छलफल गर्दै पढ्नुहोस् ।
- पढ्न अभ्यास गर्ने अक्षरहरू देखाएर फरक छुट्याउन लगाउँदै छलफल गराउनुहोस् । यसो गर्दा बालबालिकामा अक्षर चिन्ने र छिटो पढ्न चाहिने सिप विकास हुन्छ भनेर स्पष्ट गरिदिनुहोस् ।
- कथाबाट सिकाउन खोजिएको शब्दहरू दोहोर्‍याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि **तामाङ, ल्हासो, उर्मु, उर्गेन** र **डोल्मो** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- छानिएका ती शब्दहरूमा अक्षर जोडिएका हुनाले ध्यान दिएर सुन्न र सही उच्चारण गर्न सहयोग गर्नुहोस् । उदाहरणको लागि, **ङ, ल्हा, उर्मु, आदि ।** बालबालिकालाई यस्तै जोडिएका थप शब्दहरू भन्न र खोज्न लगाउनुहोस् यदि लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । उदाहरणका लागि बालबालिकालाई विद्यालको चित्र बनाउन लगाउने र विद्यालयमा भएका विभिन्न वस्तुहरूको बारेमा भन्न लगाउनुहोस् । यसो गर्दा भाषिक क्षमता विकास हुनुको साथै पढाइको सिप विकास हुन्छ ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द अभ्यास गर्न र लेख्न सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के नयाँ कुरा सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरू: देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## चौधौँ हप्ता

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई उनीहरूको विद्यालयको चित्र बनाउन भन्नुहोस् र  विद्यालयमा भएका विभिन्न वस्तुहरूको बारेमा भन्न लगाउनुहोस् । विद्यालमा उनीहरूलाई मनपर्ने के के हो भन्न लगाउनुहोस् र किन मनपरेको वा मन नपरेको कुरा भए किन मन नपरेको सोध्नुहोस्  ।

दिइएको चित्रलाई ४ टुक्रा बनाउनुहोस् र सबै टुक्रा मिलाएर फेरि पहिलेको जस्तै सिङ्गो चित्र बनाउन दिनुहोस् ।  साथै तल दिएका चित्रहरूमा भएका वस्तुहरूको नाम भन्न, त्यस्तै चित्र कोर्न, रङ लगाउन र नाम लेख्न सहयोग गर्नुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।



## पन्ध्रौँ हप्ता

## विषय: खाना



**कथा पुस्तक शीर्षक:** आज के खाने ?

**कथाको लिङ्क:** letsread.asia/AjaKeKhane

**लक्षित सिकाइ उद्देश्य:**

- पढाइको सिप विकास गर्नु
- गणितीय सिप विकास गर्नु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गर्नु
- लेखन सिप विकास गर्नु

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिका जतिबेला पनि सिक्न तयार हुन्छन् र खाना खाने समय सिकाइका लागि अझ प्रभावकारी समय हो ।

**१. भलाकुसारी**

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । भर्खरै कुनै पर्व संस्कार विशेषका दिन बितेका भए सो कस्तो भयो जानकारी लिनुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् । उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- निर्धारित क्रियाकलाप गराउनु भएका अभिभावकहरूसँग देहायका प्रश्नहरू गर्दै छलफल गर्नुहोस् ।
    - के नानीबाबुहरूले "स्कुलमा ल्हासो फ्याफुल्ला" कथा मन पराए ?
    - उनीहरू त्यस कथाको कुन घटनामा दुखी भए र कुन घटनामा खुसी भए ?

  - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “खाना” हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा हामीले बालबालिकालाई कसरी खाना खाने भन्ने बारेमा रमाइलो कुराकानी गर्दै सिक्ने वातावरण बनाउन सकिन्छ भनेर छलफल गर्नेछौ । खानेकुराको बारेमा चिनारी गराउँदै खानामा उनीहरूका रुचि कसरी बढाउने ? यसकै माध्यमबाट उनीहरूमा सिर्जनशीलता र कल्पनाशीलतालाई बढाउने अवसर कसरी दिन सकिन्छ ? भन्ने बारेमा पनि हामी छलफल गर्छौं
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् साथै उनीहरूलाई आकारको ज्ञान पनि हुनेछ । उनीहरू पनि कुनै खानेकुरालाई नाम नभनेर आकार प्रकारबाट कस्तो भन्ने भनेर अभ्यास गर्न सिक्ने छन् । यसका लागि अभिभावकले प्रयत्न गर्नुपर्ने छ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “आज के खाने ?” भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकलाई चित्रले के देखाएको छ ? यो केको बारेमा होला भनेर अनुमान गर्न र भन्न लगाउनुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा “आज के खाने ?” हो भन्नुहोस्।
- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा उत्सुकता पैदा गर्ने गरी प्रश्न गर्ने र अनुमान गरी भन्न लगाउने अवसर निर्माण गर्नुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा भन्ने र अभिभावकलाई पनि त्यस्तै गर्न लगाउनुहोस् ।
- कथामा भन्न खोजेको विषयको बारेमा अभिभावकको धारणा के छ चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- कथामा जस्तै फरक फरक खानाहरूको पजल बनाएर सोध्नुहोस् । उदाहरणका लागि अभिभावकलाई चिल्लो, गोलो, भुक्क फुलेको छ के होला भनेर सोध्नुहोस् । यस्ता अनुमान गर्न सकिने

खानाका अन्य विषय पनि पालैपालो भन्न लगाउनुहोस् । सहभागीहरूलाई पनि त्यस्तै गरी अरूलाई सोध्ने अवसर दिनुहोस् ।

- कथाका पात्रहरू तथा घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् । प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै विस्तारै छलफल गर्दै पढ्नुहोस् । अभिभावक मार्फत बालबालिकालाई सिकाउन खोजिएका शब्दहरूलाई जोड दिएर दोहोऱ्याउनुहोस् ।
- पढ्न अभ्यास गर्ने अक्षरहरू देखाएर फरक छुट्याउन लगाउँदै छलफल गराउनुहोस् । यसो गर्दा बालबालिकामा अक्षर चिन्ने र छिटो पढ्न चाहिने सिप विकास हुन्छ भनेर स्पष्ट गरिदिनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका **तिनकुने, गोलो, हरियो, रातो** र **सेतो** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- साथै शब्दहरूको पहिलो अक्षर ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् । उदाहरणको लागि, **तिनकुने – ति, गोलो-गो, हरियो-ह, रातो- रा, सेतो – से ।**
- लेख्न सक्ने अभिभावकहरूलाई अक्षरहरू सार्न  लगाउनुहोस् नसक्नेहरूलाई पनि घरमा बालबालिकालाई लेख्न लगाउन सकिने कुरा बताइदिनुहोस् । समान उच्चारण हुने शब्दहरू जस्तै **रातो** बाट हातो, सातो , पातो आदि जस्ता शब्दहरू बनाउन लगाउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस्; उनीहरूले गर्ने क्रियाकलाप सामग्री  (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । उदाहरणका लागि कथामा भनिएकाजस्ता उखान वा पजल सुन्न, सोध्न र भन्न बालबालिकाले मन पराउने भएकोले यस्तो काम गर्न दिएमा उनीहरूमा पढाइ तथा लेखाइका लागि अवश्यक सिपहरू, सिर्जनशीलता र कल्पना गर्ने क्षमताको विकास हुन्छ ।

- अझै स्पष्ट पार्नुहोस् : बालबालिकाले पनि माथि उल्लेख गरिएजस्ता पजल बनाउने गरेमा उनीहरूमा सिर्जनशीलता बढ्ने र कल्पना गर्ने क्षमताको विकास हुन्छ । यसबाट उनीहरूमा शब्दभण्डार विकास गर्न र बोलाइ सिपमा पनि उतिकै निखारता आउने हुन्छ ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द अभ्यास गर्न र लेख्न सिकाउने अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- बालबालिकालाई पजल वा उखान भनेर वस्तुहरूको पहिचान गर्न लगाएमा उनीहरूमा अत्मविश्वास बढ्नुका साथै पढाइ, लेखाइ सिप विकासका लागि उपयोगी हुने कुरा सारसङ्क्षेपको रूपमा सुनाउनुहोस् ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- उखान टुक्का र पजलको प्रयोगले बालबालिकालाई सृजनशील, कल्पनाशील हुन सहयोग पुऱ्याउँछ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## पन्ध्रौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:** पढाइको सिप, गणितीय सिप, अक्षर र मात्रा चिनारी र लेखन सिप विकास

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई उनीहरूको मनपर्ने खानेकुराको बारेमा सोध्नुहोस् । साथै गाउँखाने कथा भनेर तरकारी चिन्न लगाउनुहोस् । उदाहरणका लागि

9. "रोटीको डल्लो, भित्र मासु, तातो तातो खाँदा मिठो" के हो?
10. "जमीनमुनि फल्छ, सुन्तला रङ्ग छ, भिटामिन पाइन्छ" के हो ?
11. "हरियो कोसा, भित्रको दाना काँचै नि खाने पकाएर नि खाने" के हो ?
12. "सेतो फूल, पकाउन छिटो, तरकारी मिठो" के हो ?

साथै खानेकुराको चित्रहरू पूरा गर्न, रङ लगाउन र नाम लेख्न सहयोग गर्नुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।


| **खानाको चित्र** | **नाम** |
| --- | --- |
|  | मो:मो |
|  | गाजर |



मटरकोसा



काउली



## सोह्रौँ हप्ता

## विषय: तरकारी

**कथा पुस्तक शीर्षक:** गोलभेडा

**कथाको लिङ्क:** letsread.asia/Tomato https://letsread.asia/WhatIsDaddyDoing

**लक्षित सिकाइ उद्देश्य**

- पढाइको सिप विकास गर्नु
- शब्द भन्न र पढ्ने सिप विकास गर्नु
- अक्षर र मात्रा चिनारी गर्नु
- शब्दभण्डार वृद्धि गर्नु
- लेखन सिप विकास गर्नु

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकालाई आफूसँगै घरको काममा सहभागी गराउँदा उनीहरूमा सिकाइ हुनुका साथै सहयोगी भावनाको पनि विकास हुन्छ ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् । उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् । के उनीहरूलाई करेसाबारीमा काम गर्दा लैजानुहुन्छ भनेर सोध्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोधी समस्या समाधानका उपायका सम्बन्धमा छलफल गराउनुहोस् ।

- निर्धारित र नियमित क्रियाकलाप गराएका अभिभावकहरूसँग देहायका प्रश्नहरू सोध्दै जानकारी लिनुहोस् ।
    - के नानीबाबुहरूले "आज के खाने ?" कथा मन पराए ?
    - के उनीहरूले पनि कथामा जस्तै खानेकुरालाई त्यसको रङ र आकारको आधारमा भन्ने कोसिस गरे ?
    - के तपाईँहरूले कथामा भएका बाहेक थप खानेकुराको सम्बन्धमा बालबालिकासँग चर्चा गर्दै ती खानेकुरालाई रङ र आकारका विशेषताका आधारमा भन्न लगाउनुभयो ?
    - के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "तरकारी" हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस्
- जानकारी गराउनुहोस् : आज हामी बालबालिकाले कस्ता काम गर्न मन पराउँछन् भन्ने विषयमा छलफल गर्नेछौं । आज हामी बालबालिकाका सहयोगी बानी र उत्सुकताका विषयमा कुराकानी गर्छौं । हामीले हाम्रै भान्साकोठामा रहेका तरकारी तथा खानेकुराबाट पनि बालबालिकालाई सिकाउन सक्छौँ भनेर छलफल गर्छौं । यसबाट बालबालिकाको सिर्जनात्मक क्षमता बढ्छ । हामी यस छलफल पछि बालबालिकाले घर व्यवहारमा देखिने धेरै चिजबिजबाट वास्तविक सिकाइ गर्छन् भनेर बताउनेछौ । यस्तै क्रियाकलाप र व्यवहार गर्दै उनीहरूमा असल बानीको विकास हुन्छ भन्ने कुरा गर्नेछौँ ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् । उनीहरूमा घर व्यवहारका काममा सहयोग गर्ने असल वानी विकास गर्नसमेत सहयोग पुग्ने छ । यसका लागि अभिभावकले प्रयत्न गर्नुपर्ने छ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "गोलभेडा" भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकसँग छलफल गर्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा "गोलभेडा" हो भन्नुहोस्।

- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा अभिभावकसँग कथाका घटनाका विषयमा जिज्ञासा तथा प्रतिक्रिया लिनुहोस् । साथै कथाका पात्रहरूले गरेका क्रियाकलापहरूको बारेमा समीक्षा गराउनुहोस् ।
- कथामा भन्न खोजेको विषयको बारेमा अभिभावकको धारणा के छ चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- घरमा नानीबाबुहरूलाई सानातिना काम लगाउने गर्नु भएको छ कि छैन भनेर सोध्नुहोस् । जस्तो कि तरकारी टिप्ने वा केलाउने, आवश्यक सामान झिक्ने वा खोज्ने ।
- बालबालिकाहरू स्वयम् बाबुआमाको काममा सहयोग गर्न आए भने के गर्नुहुन्छ भनेर सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् । बालबालिका बाबुआमासँग नजिक हुन चाहने हुँदा उनीहरूको विचारलाई सम्मान गर्नुपर्ने हुन्छ । उनीहरूका प्रयासलाई स्वीकृति दिँदा उनीहरूमा सकारात्मक धारणा बस्ने कुरा बुझाउनुहोस् । साथै सहयोगी भावनाको विकास गर्न र थप सिकाइका लागि यस्ता सहभागिताले मद्दत गर्ने कुरा स्पष्ट पार्नुहोस् ।
- कथाका पात्रहरू टुन र आमा र त्यहाँका घटनाहरूका बारेमा चित्र देखाउँदै छलफल गराउनुहोस् र अभिभावकसँग प्रतिक्रिया माग्नुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै विस्तारै छलफल गर्दै पढ्नुहोस् । अभिभावक मार्फत बालबालिकालाई सिकाउन खोजिएका शब्दहरूलाई जोड दिएर दोहोऱ्याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि **गोलभेडा, भण्टा, फर्सी, खुर्सानी** र **सिमी** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- विषयगत छलफलमा आएका नामबाहेक अन्य तरकारीहरू के के हुन सक्छन् ? सहभागीहरूलाई भन्न लगाई छलफल गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।

- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । अबको खण्डमा अभिभावकलाई (बालबालिकालाई घरमा गराउन) चित्रमा चिह्न तथा रङ्ग भर्ने तौरतरिकाका क्रियाकलाप सिकाउनुहोस् । साथै तरकारीका नाम लेख्न लगाउनुहोस् । अक्षर खोजेर तरकारीको नाम बताउन लगाउनुहोस् । आफ्नो बारीमा भएका तरकारीको बोट चिन्न र ती तरकारीहरूका स्वाद भन्न लगाउनुहोस् ।
- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द अभ्यास गर्न र लेख्न सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- बालबालिकाले घरमा भएका तथा घरवरिपरि पाइने विभिन्न सामग्री तथा वस्तुहरूबाट पनि नयाँ शब्दको चिनारी पाइरहेका हुन्छन् । उनीहरूले ती वस्तुहरू जस्तै तरकारीहरूबाट रङ गुण स्वाद आकार प्रकार लगायतका गणितीय सिप पनि हासिल गरिरहेका हुन्छन् । अभिभावकले बालबालिकालाई ती वस्तुसँग साक्षात्कार हुने वातावरण मिलाइदिनुपर्छ ।

ख) बिर्सन नहुने कुराहरू: देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- बालबालिकाले वातावरणसँग अन्तरक्रिया गरेर सिक्छन् ।
- बालबालिकालाई कुनै पनि काममा सहभागी बनाउँदा उनीहरूले अनुभव गरेर सिक्ने अवसर पाउँछन् ।


ग) प्रतिबद्धता: अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## सोह्रौं हप्ता

**लक्षित सिकाइ उद्देश्य:** पढाइको सिप, गणितीय सिप, अक्षर र मात्रा चिनारी र लेखन सिप विकास

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई उनीहरूलाई मनपर्ने तरकारीको नाम भन्न लगाउनुहोस् । यसैगरी विभिन्न तरकारीको चित्र बनाउन, रङ भर्न र तरकारीको नाम लेख्न लगाउनुहोस् । साथै तरकारीको नामको पहिलो अक्षरहरू पढ्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

| तरकारीको चित्र | नाम |
|---|---|
|  | साग |
|  | आलु |
|  | सलगम |



गोलभेडा



अदुवा



## सत्रौँ हप्ता

## विषय: फलफूल

**कथा पुस्तक शीर्षक:** मेरो साथी रुख

**कथाको लिङ्क:** letsread.asia/Rukh

**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास गराउनु
- नयाँ शब्दको उच्चारण र चिनारी गराउनु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** फलफूलको स्वाद र मानिसका व्यवहारका बारेमा जानकारी पाउनेछन् ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । थोरै समसामयिक र गर्न मिल्ने विषयवस्तुमा कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् । उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् ।
- आजकल हामीले यहाँ गरेका छलफल र तपाईँहरूले घरमा नानीबाबुहरूलाई गराउने गर्नुभएको क्रियाकलपबाट उनीहरूको सिकाइलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- निर्धारित र नियमित क्रियाकलाप गराउनु भएका अभिभावकहरूलाई देहायका प्रश्नहरूका आधारमा सोध्नुहोस् ।

- के नानीबाबुहरूले “गोलभेडा”  कथा मन पराए ? के उनीहरूले पनि कथाका पात्र टुन र आमालाई सम्झेर रमाए ?
- के तपाईँहरूले पनि टुनको आमाले जस्तै आफ्ना नानीबाबुहरूलाई तरकारी तथा फलफूल चिनाउने क्रियाकलाप गर्नुभयो ?
- के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।

- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- अघिल्लो हप्ता के के गरियो स्मरण गराउँदै पुनरावलोकन गराउनुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “फलफूल” हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस्
- जानकारी गराउनुहोस् : आज हामी खाने फलफूलहरू  र तिनीहरूका स्वादका विषयमा कुरा गर्नेछौँ । साथै फलफूलका रूखहरू  मानिसका साथी हुन् भनेर बालबालिकालाई रूखबिरूवाको महत्त्व सिकाउने कुरा गर्नेछौँ । जसरी फरक फरक फलफूलको स्वाद तथा त्यसको गुण फरक हुन्छ त्यसै गरी फरक फरक मानिस वा साथीहरूको गुण पनि फरक फरक हुन्छ भन्ने छलफल गर्दै हामीले बालबालिकालाई पनि यस्ता विषयहरू सिकाउनु पदर्छ भनी बताउनेछौ । आफ्नो साथीहरूको बानीको बारेमा पनि कुरा गर्नेछौँ र घर वरिपरि हुने फलफूलका रूखका बारेमा पनि कुरा गर्नेछौँ ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस  छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् । उनीहरूले रङ र स्वादका विषयमा पनि प्रतिक्रिया दिन सिक्ने छन् । उनीहरूले वस्तुका केही गुणहरू जस्तै नरम, कडा भनेर छुट्याउन सक्ने छन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “मेरो साथी रूख”  भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकसँग छलफल गर्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा “मेरो साथी रूख” हो भन्नुहोस्।

- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा अभिभावकसँग कथाका घटनाका विषयमा जिज्ञासा तथा प्रतिक्रिया लिनुहोस् । साथै कथाका पात्रहरू राकेश, हजुरआमा, निनी आदिले गरेका क्रियाकलापहरूको बारेमा समीक्षा गराउनुहोस् ।
- अभिभावकलाई उनीहरूका घरमा कस्ता बोटबिरूवा छन् वा फलफूलका बोटहरू छन् छैनन् भनेर सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।
- सहभागीहरूलाई फलफूलका स्वाद र मानिसका व्यवहारसँग तुलना गर्न लगाउनुहोस् । उनीहरूका जानपहिचानका मानिस के कस्ता प्रकृतिका छन् त भनेर सोध्नुहोस् ।
- कथामा भन्न खोजेको विषयको बारेमा अभिभावको धारणा के छ चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै विस्तारै छलफल गर्दै पढ्नुहोस् । अभिभावक मार्फत बालबालिकालाई सिकाउन खोजिएका शब्दहरूलाई जोड दिएर दोहोऱ्याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **आँप, अमिलो, अम्बा, खैरो** र **बोक्रा** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- विषयगत छलफलमा आएका नामबाहेक अन्य फलफूलहरू के के हुन सक्छन् ? सहभागीहरूलाई भन्न लगाई छलफल गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- शब्दको पहिलो अक्षर आ-बाट आउने अन्य शब्दहरू भन्न लगाउनुहोस् । पुस्तकमा आ अरू कहाँ कहाँ छ खोज्न लगाउनुहोस् र घरमा बालबालिकालाई पनि यस्तै गर्नु पर्नेकुरा बताउनुहोस् । यसबाट बालबालिकाले अक्षर छिटो चिन्ने र पढ्ने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ आइपरेको भए अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपायको सम्बन्धमा छलफल गर्नुहोस् ।
- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।

- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- अभिभावकले गराउने क्रियाकलाप थप स्पष्ट पार्नुहोस्: बालबालिकालाई ५ वटा फलफूलका नाम भन्न लगाउनुहोस् र ति फलफूलको चित्र बनाएर नाम लेख्न लगाउनुहोस् । बालबालिकालाई लेख्ने अभ्यासका लागि शुरूमा छाप्न वा ट्रेस गर्न लगाउनुहोस् अनि क्रमशः लेखाउनुहोस् ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई कथामा उल्लेख भएजस्तै विभिन्न प्रकारका स्वादका बारेमा भन्न लगाउँदा उनीहरूका रूचि पनि प्रकट हुन्छ । साथै साथीहरूको व्यवहारसँग तुलना गर्दा असल व्यवहारको विकास हुन्छ । बालबालिकाले असल व्यवहार सहयोगी भावना त सिक्छन् नै उनीहरूको पढाइ लेखाइ र गणितीय सिप विकासको लागि पनि यस्ता क्रियाकलापले मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।


- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिका स्वभावैले खेल्न रूचाउने हुनाले उनीहरूलाई खेल्न दिने र खेलमा अभिभावक पनि सहभागी हुँदा बालबालिका खुसी हुनुका साथै खेलबाट सजिलै सिक्न सक्छन् ।
- घर वरिपरि रहेका र पाइने बोटबिरुवा तथा फलफूल पनि बालबालिकाका सिकाइका स्रोतहरू हुन् ।
- विभिन्न प्रकारका रङ, स्वाद, गन्ध जस्ता वस्तुका गुणहरू बालबालिकाले घरकै वातावरणमा सहजै सिक्छन् । अभिभावकले थप अन्तरक्रिया गरिदिँदा उनीहरूको सिकाइ मजबूत हुनुका साथै सृजनशीलता, बोलाई तथा सञ्चार सिपकोसमेत विकास हुन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

**सत्रौँ हप्ता**

**लक्षित सिकाइ उद्देश्य:** पढाइको सिप, शब्द भन्न र पढ्ने सिप, अक्षर र मात्रा चिनारी तथा लेखन सिप विकास


**अभिभावकलाई निर्देशन :** बालबालिकालाई तलको ५ वटा फलफूलको नाम भन्न लगाउनुहोस् र ती फलफूलको चित्र बनाएर अथवा पूरा गरेर नाम लेख्न लगाउनुहोस् ।चित्रमा रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् । शब्द दिएर अक्षर खोज्न लगाउनुहोस् जस्तो: अम्बाबाट अ, कागतीबाट क वा ग ।

| फलफूलको चित्र | नाम | स्वाद |
| --- | --- | --- |
|  | आँप<br>आँप | गुलियो |
|  | कागती<br>का | अमिलो |

स्याउ

स्याउ

गुलियो



काँचो केरा

.................. ..................

टर्रो



अङ्गुर

अं..............

गुलियो



## अठारौँ हप्ता

## विषय: चराचुरुङ्गी

**कथा पुस्तक शीर्षक:** कुखुरा र हाँस

**कथाको लिङ्क:** letsread.asia/KukhuraHaas

**लक्षित सिकाइ उद्देश्य**

- पठन सिप विकास गराउनु
- शब्दको सही उच्चारण गर्न सिकाउनु
- अक्षर, आवाज र शब्द चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** चराचुरुङ्गीको आवाज चिन्न र साथीलाई सहयोग गर्ने धारणाको विकास

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । थोरै समसामयिक र गर्न मिल्ने विषयवस्तुमा कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् । उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- निर्धारित र नियमित क्रियाकलाप गराउनुभएका अभिभावकहरूलाई निम्नानुसारका प्रश्नहरू सोध्दै छलफल गराउनुहोस् ।

- के नानीबाबुहरूले “मेरो साथी रूख”  कथा मन पराए ?
- के उनीहरू पनि कथाका पात्र राकेश, हजुरआमा र निनीलाई सम्झेर रमाए ?
- के तपाईँहरूले पनि आफ्ना नानीबाबुहरूलाई रूखलाई माया गर्ने ,संरक्षण गर्ने जस्ता विषयमा कुराकानी गर्नुभयो ?
- के तपाईँका नानीबाबुहरूले पनि साथीहरूलाई कुनै रुख तथा फलफूलसँग दाँजेर केही भने ?
- के उनीहरूले नयाँ शब्दहरू सिक्न रुचि देखाए ? नदेखाएको भए कुन कुन शब्दमा उनीहरूले रुचि देखाएनन् ? किन होला ? सोध्नुहोस् ।

- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “चराचुरूङ्गी"  हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस्
- जानकारी गराउनुहोस् : यो विषयमा आज हामी घरमा पालिने चराहरूको बारेमा छलफल गर्छौं । सबैभन्दा पहिले ककसले के कस्ता पशुपन्छी वा चराचुरूङ्गी पाल्नु भएको छ भनेर छलफल गर्छौं । त्यस पछि हामी ती चराचुरूङ्गीले के खान्छन्, कहाँ बस्छन्  ? तिनीहरूका के कस्ता गुणहरू हुन्छन् भनेर छलफल गर्नेछौं।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस  छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् । उनीहरूले चराचुरुङ्गीका विषयमा पनि थप जानकारी लिने छन् र प्रतिक्रिया दिन सिक्ने छन् ।
- सबै प्राणीको फरक फरक विशेषता र क्षमता हुने कुराको धारणा पनि बालबालिकालाई दिने कोसिस हुनेछ ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “कुखुरा र हाँस”  भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकसँग के कसो भन्ने विषयमा केही बेर छलफल गर्नुहोस् ।
- कथाको पात्र तथा चित्रलाई चिनाउँदै आजको कथा “कुखुरा र हाँस” हो भन्नुहोस्।

- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा अभिभावकसँग कथाका घटनाका विषयमा जिज्ञासा तथा प्रतिक्रिया लिनुहोस् ।  साथै कथाका पात्रहरू कुखुरा र हाँसका फरक फरक विशेषता र उनीहरूलाई परेका कठिनाइका सम्बन्धमा छलफल गराउनुहोस् ।
- अभिभावकलाई  हाँसका र कुखुरा समानता र भिन्नताहरू के के होलान् भनेर सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् । साथै यहाँ भनिएका बाहेक अन्य चराहरूका बारेमा पनि छलफल गराउनुहोस् ।
- कथामा भन्न खोजेको विषयको बारेमा अभिभावकको धारणा के छ चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- पुस्तक पढ्नुहोस् र पढ्दा चित्र देखाउँदै विस्तारै छलफल गर्दै पढ्नुहोस् । अभिभावक मार्फत बालबालिकालाई सिकाउन खोजिएका शब्दहरूलाई जोड दिएर दोहोऱ्याउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **कुखुरा, हाँस, क्याँ क्याँ, हिस्स** र  **भ्वाम्म**  गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- विषयगत छलफलमा आएका कुखुरा र हाँसबाहेक अन्य फरक विशेषता भएका चराचुरुङ्गी के के हुन सक्छन् ? सहभागीहरूलाई भन्न लगाई छलफल गराउनुहोस् ।
- कथामा उल्लेख भएबाहेकका अन्य चराहरूको नाम लिँदै कुन चराले कस्तो अवाज निकाल्छ नक्कल गर्न लगाउनुहोस् । साथै कुखुरा र हाँस हिँडेको अभिनय पनि गराउनुहोस् ।
- यसैगरी चराको चित्र र शब्दको जोडा मिलाउन दिनुहोस् । पुस्तकमा यी अक्षरहरू अरू कहाँ कहाँ छन् खोज्न लगाउनुहोस् र घरमा बालबालिकालाई पनि यस्तै गर्नुपर्ने कुरा बताउनुहोस् । यसबाट बालबालिकाले अक्षर छिटो चिन्ने र पढ्ने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।

- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- अभिभावकले गराउने क्रियाकलाप थप स्पष्ट पार्नुहोस्: यो हप्ता बालबालिकालाई लेख्नको लागि सहयोगी अभ्यास गराउनुहोस् । चराको चित्र बनाउन र नाम लेख्न लगाउनुहोस् । कथाको पुस्तकबाट शब्दहरू सार्न लगाउनु होस् । यसबाट लेखाइमा रूचि बढ्नुका साथै अक्षर पनि राम्रो बन्दछ ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई विभिन्न प्रकारका चराहरूको बारेमा बताउँदा तथा अभिनय गर्न लगाउँदा बालबालिकाले भाषा, विज्ञान तथा गणितका सिपहरू सिक्छन् यसले उनीहरूलाई पढाइ, लेखाइ र गणितीय सिप विकासको लागि मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।


## अठारौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:** पढाइको सिप, शब्द भन्न र पढ्ने सिप, अक्षर र मात्रा चिनारी तथा लेखन सिप विकास

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई तलको चराको चित्र पूरा गर्न लगाउनुहोस् । साथै कथाको तथा अन्य पुस्तकबाट शब्दहरू सार्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

एउटा अक्षर मात्र लखेर अक्षर कार्ड बनाउनुहोस् र बालबालिकालाई ती अक्षर खोज्न दिनुहोस् । चराचुरूङ्गीका नामहरू भनेर अक्षर खोज्न लगाउनुहोस् जस्तोः हाँस- ह, चल्ला –च, काग-क, भँगेरा-भ आदि ।

| | |
|---|---|
| च | भ |
| ह | प |
| क | |





## उन्नाइसौँ हप्ता

## विषय:  चराचुरुङ्गी

**कथा पुस्तक शीर्षक:** के तिमीले सुन्यौ ?

**कथाको लिङ्क:** letsread.asia/DidYouHear

**लक्षित सिकाइ उद्देश्य:**

- सुनाइको सिप विकास गराउनु
- पठन सिप विकास गराउनु
- अनुकरणात्मक  शब्दको जानकारी गराउनु
- अक्षर चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा  (Concept ):** चराचुरुङ्गीबारे जानकारी तथा चराको आवाजबाट बालबालिकाको सुनाइको सिप विकास

**१. भलाकुसारी**

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । थोरै समसामयिक र गर्न मिल्ने विषयवस्तुमा कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् ।  उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् ? उनीहरूको लेखाइ तथा पढाइप्रतिको रुचि कस्तो छ ? भनेर सोध्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।

- निर्धारित क्रियाकलाप गराउँदा बालबालिकामा देखा परेका रुचि र व्यवहारका विषयमा अभिभावकसँग देहायका प्रश्नका आधारमा छलफल गर्नुहोस् ।
    - के नानीबाबुहरूले "कुखुरा र हाँस" कथा मन पराए ?
    - के उनीहरूले पनि कथाका पात्र कुखुरा र हाँसको जस्तो आवाज निकाल्ने र त्यस्तै चालमा हिँड्ने नक्कल गरे ?
    - के तपाईँहरूले पनि आफ्ना नानीबाबुहरूलाई कुखुरा र हाँससम्बन्धी थप केही कुरा भन्नुभयो ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "चराचुरुङ्गी" हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस्
- जानकारी गराउनुहोस् : यो विषयमा आज हामी केही चराहरू कसरी कराउँछन् भनेर छलफल गर्नेछौँ । बालबालिका प्राकृतिक वातावरणमा रमाउँछन् र त्यहाँ सुनिने विभिन्न आवाजहरूप्रति स्वभाविक रूपमा प्रतिक्रिया दिन चाहन्छन् र ती आवाजहरू छुट्याउन पनि सक्दछन् । यो उनीहरूको सुनाइको सिप पनि हो ।
- अभिभावकलाई सोध्नुहोस् : बालबालिकाले कस्ताकस्ता आवाजहरू छुट्याउन वा चिन्न सक्छन् होला ? । के यस्ता क्रियाकलापबाट पनि सुनाइ, बोलाइ, पढाइ र लेखाइको सिप विकासका लागि सहयोग पुग्ला ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् । उनीहरूले चराचुरुङ्गीका आवाजका विषयमा पनि थप जानकारी लिने छन् र प्रतिक्रिया दिन सिक्ने छन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "के तिमीले सुन्यौ ?" भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकसँग जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- पुस्तकमा दिइएका चराहरूका स्थानीय नाम र स्थानीयले ती आवाजहरूलाई कसरी प्रकट गर्छन् सोध्नुहोस् र आवाजहरू निकाल्न लगाउनुहोस् ।

- चित्र प्रस्तुत गर्दै हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा अभिभावकसँग कथाका घटनाका विषयमा जिज्ञासा तथा प्रतिक्रिया लिनुहोस् । साथै कथाका पात्रहरू सेतो टाउके, मालावार, तामे ढुकुर चिबे आदिका विशेषता र उनीहरूका आवाजको नक्कल गर्न लगाउनुहोस् ।
- भाषा सिकाउन बालबालिकासँग कुरा गर्ने, कथा सुनाउने तथा पढ्नेजस्ता क्रियाकलाप उपयोगी हुने कुरा अभिभावकलाई बताउनुहोस् ।
- कथामा भन्न खोजेको विषयको बारेमा अभिभावकको धारणा के छ चित्र देखाउँदै छलफल गराउनुहोस् ।
- बालबालिकालाई अक्षरहरू देखाएर पढ्ने अभ्यास गर्न र फरक छुट्याउन लगाउँदै छलफल गराउनुहोस् । यसो गर्दा बालबालिकामा अक्षर चिन्ने र छिटो पढ्न चाहिने सिप विकास हुन्छ भनेर स्पष्ट गरिदिनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **चील, ढुकुर, चिबे, मालाबार** र **पुकपुक्या** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- टिपोट गरिएका नयाँ शब्दहरूमा अक्षर जोडिएको हुनाले ध्यान दिएर सुन्न र सही उच्चारण गर्न सहयोग गर्नुहोस् । बालबालिकालाई यस्तै अन्य चराहरूको नाम लेखेर भन्न र खोज्न लगाउनुहोस् यदि लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न लगाउनुहोस् ।
- कथामा उल्लेख भएबाहेकका अन्य चराहरूको नाम लिँदै कुन चराले कस्तो अवाज निकाल्छ नक्कल गर्न लगाउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । उदाहरणका लागि बालबालिकाले घर वरिपरि चराचुरूङ्गी हेर्ने वा याद गर्ने गरेका छन् भने उनीहरूलाई त्यस्ता चराका बारेमा भन्न र चित्र बनाउन लगाउन सकिन्छ । ति चरा कहाँ बस्छन्? के खान्छन् ? आदि भन्न लगाउनुहोस् ।

- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई विभिन्न प्रकारका चराहरूको बारेमा बताउँदा तथा आवाजको नक्कल गर्न लगाउँदा उनीहरूमा भाषिक सिपहरूको विकास हुन्छ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।
- बालबालिकाहरू स्वभावैले नक्कल गर्न मन पराउँछन् । नक्कल गर्नु सिकाइको लागि अति आवश्यक छ । त्यसकारण बालबालिकाहरूले सकारात्मक कुरामा गरेका नक्कललाई अभिभावकले प्रोत्साहन गर्नुपर्छ ।



ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।


## उन्नाइसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:** सुनाइ बोलाइ, पढाइ र लेखाइको सिप विकास

**यो हप्ताको मुख्य धारणा:** बालबालिकालाई चराचुरूङ्गीको आवाज छुट्याउन सक्छन् भने उनीहरूको सुनाइको सिप विकास हुन्छ भन्ने जानकारी

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई विभिन्न चराको नाम भन्न लगाउनुहोस् र कुन चरा कसरी कराउँछ त्यस्तै आवाज निकालेर कराउन लगाउनुहोस् । यसैगरी तलको चराको चित्रमा रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् । शब्द दिएर अक्षर खोज्न लगाउनुहोस् जस्तोः सुगा - ग, ढुकुर – र, परेवा –प, ।

| चराको नाम चित्र | चराको नाम | आवाज |
|---|---|---|
|  | | |
|   | | |
| | | |

| | | |
|---|---|---|
|  | | |
|  | | |
| | | |



## बिसौँ हप्ता

## विषय:  पानीमा बस्ने जन्तु

**कथा पुस्तक शीर्षक:** मेरो माछा! हैन, मेरो माछा!

**कथाको लिङ्क**: letsread.asia/MyFish

**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास गराउनु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास  गराउनु

**यो हप्ताको मुख्य धारणा  (Concept ):** पानीमा बस्ने जन्तुको बारेमा जानकारी तथा जीवजन्तुलाई माया गर्नुपर्ने सन्देश

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । प्रसङ्ग मिल्ने समसामयिक विषयमा कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् ।  उनीहरूले बिहान बेलुकी के कस्ता काम गर्छन् ? उनीहरूको लेखाइ तथा पढाइप्रतिको रुचि कस्तो छ ? भनेर सोध्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्तामा नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।

- निर्धारित र नियमित क्रियाकलाप गराउनुभएका अभिभावकहरूसँग देहायका प्रश्नका आधारमा जानकारी लिनुहोस् ।
    - के नानीबाबुहरूले "के तिमीले सुन्यौ ?" कथा मन पराए ?
    - के उनीहरूले पनि कथाका पात्रहरू सेतो टाउके चरा , मालावर, तामेढुकुर , चिबे, पुकपुक्या चरालेजस्तो आवाज निकाल्ने नक्कल गरे ?
    - के तपाईँहरूले पनि आफ्ना नानीबाबुहरूलाई चराहरू सम्बन्धी थप केही कुरा भन्नुभयो ?
    - के उनीहरूले टिपोट गरिएका पाँच शब्दहरू **चील, ढुकुर, चिबे, मालाबार** र **पुकपुक्याका** विषयमा थप केही सिके ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "पानीमा बस्ने जन्तु" हो भनेर अभिभावकलाई जानकारी गराउनुहोस्
- जानकारी गराउनुहोस् : हामीले बालबालिकालाई पानीमा बस्ने जीव विशेषतः माछाका बारेमा जानकारी दिने गरी छलफल गर्नेछौँ । साथै बालबालिकालाई सिर्जनशील बनाउने थप उपायहरूका बारेमा पनि छलफल गर्नेछौं ।
- अभिभावकलाई सोध्नुहोस् : बालबालिकाले पानीमा बस्ने के कस्ता जीवहरूलाई देखेका होलान् ? । के आज हामीले छलफल गर्ने विषय बालबालिकाका लागि रोचक बनाउन सकिन्छ ? यो छलफलले उनीहरूको पढाइ र लेखाइको सिप विकासका लागि सहयोग पुग्ला त ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् । उनीहरूले अरू जीवजन्तुको पनि माया गर्ने धारणा बनाउने छन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "मेरो माछा ! हैन, मेरो माछा !" भन्ने कथाको चित्र र पुस्तक देखाएर अभिभावकसँग जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।

- हाउभाउसहित कथा सुनाउनुहोस् । कथाको बिचबिचमा अभिभावकसँग कथाका घटनाका विषयमा जिज्ञासा तथा प्रतिक्रिया लिनुहोस् । साथै कथाका पात्रहरू किचु, चोरु र मुनियाका स्वभाव केलाउन लगाउनुहोस् ।
- कथामा जस्तै हामी माछा मार्न जाने गरेका छौँ । स्थानीय क्षेत्रमा माछा कसरी मार्छन् भन्ने बारेमा सोध्नुहोस् ।
- मुनीयाले किन पानी भएन भने माछा मर्छ भनेकी होलिन् त ? हामीले खाने माछा कसरी आउँछ? कहाँबाट ल्याइन्छ जस्ता प्रश्नहरू सोधी पालैपालो उत्तर दिन लगाउनुहोस् ।
- डण्डी किन र कसरी भाँचियो होला ? अब के हुन्छ जस्ता प्रश्नहरू गरी छलफल गराउनुहोस् ।
- बालबालिकालाई अक्षरहरू देखाएर पढ्ने अभ्यास गर्न र फरक छुट्याउन लगाउने क्रियाकलाप अभिभावक समक्ष प्रस्तुत गर्नुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **पोखरी, डण्डी, भ्यट्ट, डुङ्ग** र **छप्ल्याङ्ग** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- कसरी लडिन्छ ? हातबाट सामान खस्दा कस्तो आवाज आउँछ ? आदिजस्ता प्रश्न गर्दै अनुकरणात्मक शब्दहरू निकाल्ने लयमा छलफल चलाउनुहोस् ।
- टिपोट गरिएका नयाँ शब्दहरू , **पोखरी -ख, डण्डी -ड, भ्याट्ट - ट, डुङ्ग - ग, छप्ल्याङ्ग - छ** लाई विशेष जोड दिँदै बालबालिका पढ्न र लेख्न लगाउने विधिका विषयमा छलफल चलाउनुहोस् ।
- अभिभावकहरूलाई समान उच्चारण हुने शब्दहरू **डुङ्ग, बुङ्ग, भुङ्ग** जस्ता शब्दहरू उच्चारण गर्न लगाई बालबालिकालाई सिकाउने तौरतरिका प्रस्तुत गर्नुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । उदाहरणको लागि कथामा भनिएकाजस्ता

अनुकरणात्मक शब्दहरू भन्न बालबालिकाले मन पराउने भएकोले उनीहरूलाई यस्ता शब्द भन्न वा बनाउन दिएमा उनीहरूमा पढाइ तथा लेखाइका लागि अवश्यक सिपहरू, सिर्जनशीलता र कल्पना गर्ने क्षमताको विकास हुन्छ । बालबालिकाले शब्द बनाएमा, शब्दमा भएका अक्षर खोज्ने गरेमा उनीहरूमा कल्पना गर्ने क्षमतामा वृद्धि हुन्छ । यस्ता सिपहरू पढाइका लागि अति आवश्यक सिप हुन् । यसबाट बालबालिकाको शब्दभण्डार बढ्दछ ।

- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकाले शब्द बनाउने, शब्दमा भएका अक्षर खोज्ने गरेमा उनीहरूमा पढाइ र लेखाइ सिप विकासमा मद्दत पुग्दछ ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।




ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।



## बिसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:** पढाइ, लेखाइको सिप विकास तथा अक्षर र मात्रा चिनारी

**यो हप्ताको मुख्य धारणा:** पानीमा बस्ने जन्तुको बारेमा जानकारी तथा अरू जीवजन्तुलाई माया गर्नुपर्ने

**अभिभावकलाई सन्देश** बालबालिकालाई पानीमा बस्ने जन्तुको नाम भन्न लगाउनुहोस् । यसैगरी तलको चित्रमा रंग भर्न दिनुहोस् । यदि बालबालिकाले आफै गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् । चित्रको नाम भन्न लगाउनुहोस् साथै अक्षरहरू भन्न र चिन्न लगाउनुहोस् ।

| चित्र | नाम | अक्षर पत्ती |
|---|---|---|
|  | माछा | **म, छ** |
|  | भ्यागुता | **भ, ग, त** |
|  | गँगटो | **ग, ट** |

| | | |
|---|---|---|
|  | कछुवा | **क, छ, व** |
|  | गोही | **ग, ह** |



## एककाइसौँ हप्ता

### विषय: जनावर

**कथा पुस्तक शीर्षक:** खुट्टा गन्ने हो ?

**कथाको लिङ्क:**

letsread.asia/LetsCountLegshttps://letsread.asia/WhatIsDaddyDoing

**लक्षित सिकाइ उद्देश्य**

- गणितीय सिप विकास गराउनु
- शब्द भन्न र पठन सिप विकास गराउनु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकाले वरिपरि वातावरणमा भएका जीवजन्तु, जनावर तथा चराचुरूङ्गीहरूबाट पढाइ, लेखाइ तथा गणितीय सिप सिकिरहेका हुन्छन् ।

**१. भलाकुसारी**

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । प्रसङ्ग मिल्ने समसामयिक विषयमा कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको प्रगति तथा हालखबर सोध्नुहोस् । उनीहरूका पढाइ र अन्य विषयको रुचिका विषयमा सोध्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यो हप्ता घरमा के के गर्नु भयो र बालबालिकाको लागि दिइएको क्रियाकलापहरू गराउनु भयो भएन सोध्नुहोस् । नगराउनु भएको भए कठिनाइका कारण सोध्नुहोस् ।
- निर्धारित र नियमित क्रियाकलापका सम्बन्धमा छलफल गर्नुहोस् ।
    - के नानीबाबुहरूले “मेरो माछा, हैन मेरो माछा !” कथा मन पराए ?

    - कथाका पात्रहरू किचु, चोरु र मुनियाका विषयमा बालबालिकाले कस्तो मूल्याङ्कन गरे ?
    - उनीहरू कथाका कुन घटनामा खुसी र कुन घटनामा बेखुसी देखिए ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "जनावर" हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : हामी बालबालिकाले वरिपरि कस्ता जीवजन्तुहरू देखेका छन् भन्ने विषयमा छलफल गर्नेछौँ । हाम्रो वरिपरि पाइने त्यस्ता जीवजन्तु तथा किराका कतिवटा खुट्टा हुन्छन् गन्नेछौँ। ती जीवजन्तुहरू कस्ता छन्, तिनीहरूमा के समानता र के भिन्नता छ भन्ने विषयमा कुरा गर्नेछौँ ।
- अभिभावकलाई सोध्नुहोस् : बालबालिकाले घरको वरिपरि के कस्ता जीव र किरा देखेका होलान् ? के आज हामीले छलफल गर्ने विषय बालबालिकाका लागि रोचक हुन सक्छ ? यो छलफलले उनीहरूको पढाइ र लेखाइको सिप विकासका लागि सहयोग पुग्ला त ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले यसअघिजस्तै नयाँ शब्द सिक्नेछन् । उनीहरूले अवलोकन गर्ने सिप सिक्नेछन् । यस छलफलबाट तुलना गर्ने र गणना गर्नेजस्ता गणितीय सिपको समेत विकास हुनेछ ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "खुट्टा गन्ने हो?" भन्ने पुस्तकको चित्र र पुस्तक देखाएर अभिभावकसँग जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- दुई खुट्टा, चार खुट्टा, छ खुट्टा र आठ खुट्टा हुने कुन कुन जीव होलान् भनेर अभिभावकलाई सोध्नुहोस् । जीव र किराका चित्र देखाउनुहोस् । ती जीव तथा किराहरू कहाँ पाइन्छन् ? सोध्नुहोस् ।
- चरा, गाई, हात्ती, जुनकिरी, भ्याउँकिरी, माकुरा तथा अक्टोपस आदिका चित्र देखाउँदै ती जीव र किराका खुट्टा गन्न र भन्न लगाउनुहोस् ।
- बालबालिकालाई गन्न, तुलना गर्न निकै मन पर्ने हुनाले उनीहरूका यस्ता रुचिलाई सिकाइसँग जोडेर लैजाँदा उनीहरूका सिर्जनात्मक क्षमता र गणितीय सिप बढ्छ । त्यसकारण हामीले यहाँ छलफल

भएका जीव र किराका मात्र होइन अरू पनि वरिपरि पाइने जीव र किराका विषयमा बालबालिकासँग थप छलफल गर्नु उपयोगी हुने कुरा अभिभावकहरूलाई भन्नुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **बकुल्ला, भ्याउँकिरी, जुनकिरी, माकुरा** र **अक्टोपस** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- अरू थप थोरै खुट्टा भएका र धेरै वटा खुट्टा भएका जीवजन्तुको नाम भन्न लगाउनुहोस् । उदाहरणको लागि भुसिलकिरा, झिँगा, लामखुट्टे, कमिला ......आदि । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- बालबालिकालाई मन परेका जीव तथा किराको चित्र बनाउन लगाउन अभिभावकलाई भन्नुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई अक्षर तथा शब्द चिन्न र रङ्ग भर्न लगाउनुहोस् । अक्षर खोजेर शब्द बनाउन लगाउनुहोस् ।
- आफ्नो घर वरिपरि देखिने जीवजन्तुका बारेमा कुरा गर्नुहोस् खुट्टा हुने र नहुने जनावरहरूका बारेमा बताउनुहोस् ।
- फरक फरक खुट्टा भएका जीवका चित्र दिएर वा ट्रेस गर्न लगाएर रङ भर्ने क्रियाकलाप गराउनुहोस् र सोहीबमोजिम बालबालिकालाई गराउन भन्नुहोस् ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् ।

### ६. कार्य योजना

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकाले घरमा भएका सामग्रीको प्रयोगबाट पनि पढाइ लेखाइका लागि चाहिने विभिन्न प्रकारका सिप सिकिरहेका हुन्छन् साथै उनीहरूमा सहयोगी र जिम्मेवारीको भावना पनि विकास हुन्छ । यसबाट उनीहरूमा काम गर्ने बानीको पनि विकास हुन्छ । बालबालिकाले असल व्यवहार सहयोगी भावना त सिक्छन् नै उनीहरूको पढाइ, लेखाइ र गणितीय सिप विकासको लागि पनि यस्ता क्रियाकलापले मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।


## एक्काइसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:** पढाइ, लेखाइ तथा गणितीय सिप विकास तथा शब्द**,** अक्षर र मात्रा चिनारी

**यो हप्ताको मुख्य धारणा:** बालबालिकाले वरिपरि वातावरणमा भएका जीवजन्तु,जनावर तथा चराचुरुङ्गीहरूबाट पढाइ, लेखाइ तथा गणितीय सिपहरू सिकिरहेका हुन्छन् ।

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई चित्रमा दिइएका जनावरको नाम भन्न र खुट्टा गन्न लगाउनुहोस् । यसैगरी चित्र हेर्दै नाम लेख्न र भएका खुट्टका सङ्ख्या लेख्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।

| जनावरको चित्र | नाम | खुट्टाको सङ्ख्या |
|---|---|---|
|  | **बकुल्ला** | |
|  | **झ्याउँकिरी** | |
|  | **जुनकिरी** | |

| | | |
|---|---|---|
|  | माकुरा | |
|  | अक्टोपस | |



## बाइसौँ हप्ता

## विषय: जनावर

**कथा पुस्तक शीर्षक:** सानी र सुरी

**कथाको लिङ्क:** letsread.asia/SaniAndSuri

**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास गराउनु
- नयाँ शब्दको अर्थपूर्ण प्रयोग गर्न सिकाउनु
- विपरीतार्थक शब्द ज्ञान गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept ):** कथाको माध्ययमबाट वस्तुको स्थान र अवस्थितिको जानकारी पाउनेछन् ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । प्रसङ्ग मिल्ने समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् साथै पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि के के गर्नु भयो भनेर छलफल सुरू गर्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- घरका लागि दिइएका क्रियाकलाप गराउनु भए नभएको सोध्नुहोस् र गराउन कठिनाइ भए के कारणले हो पत्ता लगाई समाधानका उपायका सम्बन्धमा छलफल गराउनुहोस् ।
- घरमा अभिभावकले गराउनुभएका क्रियाकलापका सम्बन्धमा देहायका प्रश्न गरी जानकारी लिनुहोस्
- के नानीबाबुहरूले "खुट्टा गन्ने हो?" भन्ने चित्र छलफल मन पराए ?

- के उनीहरूले त्यतिकै सङ्ख्यामा खुट्टा भएका अन्य जनावर र किराका विषयमा केही भने ?
- पुस्तकमा भएका किराहरूमध्ये नानीबाबुहरूले कुनकुनलाई वरिपरि देखेका रहेछन् ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “घरपालुवा जनावर” हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : हामीले घरमा पालिने विभिन्न जनावरका कुरा गर्दछौँ साथै कुनै पनि वस्तुको स्थान तथा अवस्थितिको बारेमा पनि कुरा गर्नेछौ । आफ्नो घरमा भएको जनावर हराएमा कहाँ र कसरी खोज्ने त्यसको पनि चर्चा गर्नेछौँ ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरूका घरमा के कस्ता जनावर छन् ? के बालबालिकाहरू जनावरसँग नजिक हुन चाहन्छन् ? उनीहरू जनावरका लागि के के गर्छन् ? यो छलफलले उनीहरूको पढाइ र लेखाइको सिप विकासका लागि सहयोग पुग्ला त ? आदि ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले तल, माथि, नजिक, टाढा, जस्ता स्थानमानहरू थाहा पाउने र लामो छोटो, वारिपारि, सफा, फोहोजस्ता विपरीतार्थक शब्दहरू पनि सिक्नेछन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “सानी र सुरी” भन्ने पुस्तकको चित्र र पुस्तक देखाएर अभिभावकसँग चित्रले के देखाउँछ ? यो केको बारेमा होला भनी जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै र हाउभाउसहित कथा भन्नुहोस् र कठिन शब्द भएमा अभिभावकलाई दोहोर्‍याएर उच्चारण गरी सुनाउनुहोस् ।
- सुरी कता गयो होला त? जस्ता प्रश्न गर्दै चित्र प्रस्तुत गरी छलफल गराउनुहोस् ।
- अभिभावकलाई उहाँहरूले घरमा के कस्ता जनावर पाल्नु भएको छ ? पालेका जनावर हराएर यसरी खोज्नु परेको छ कि छैन भनेर सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।
- यो कथाबाट नानीबाबुहरूले के के नयाँ कुरा सिक्न सक्छन् ? सोध्नुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **भित्र-बाहिर, माथि-तल, वारि-पारि, फेद-टुप्पो** र **अग्लो-होचो** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- टिपोट गरिएका पाँच शब्दहरूबाहेक अन्य विपरित अर्थ दिने शब्दहरू खोज्न र भन्न लगाउनुहोस्
- पुस्तकमा टिपोट गरिएका र अन्य थप त्यस्ता शब्दहरू कहाँ कहाँ छन्  ? खोज्न लगाउनुहोस् । यस कार्यमा पढ्न सक्ने अभिभावकले नेतृत्व गर्नेछन् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।
- यसबाट बालबालिकाले छिटो शब्द चिन्ने र पढ्ने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अघिल्लो हप्ताको क्रियाकलाप गराउँदा कुनै कठिनाइ भएको थियो कि अभिभावकहरूलाई सोध्नुहोस् । कुनै कठिनाइ भएको भए कठिनाइ हटाउने उपाय प्रस्तुत गर्नुहोस् ।
- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बालबालिकालाई विभिन्न वस्तुहरू फरक स्थानमा राखी तिनीहरूको अवस्थिति भन्न लेख्न लगाउनुहोस् । घरमा भएका खेलौना वा कुनै सामान अर्को कोठामा राखेर वा कतै लुकाएर खोज्न वा ठाउँ पत्ता लगाउन भन्नुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री  (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई अक्षर तथा शब्द चिन्न र रङ्ग भर्न लगाउनुहोस् । अक्षर खोजेर शब्द बनाउन लगाउनुहोस् ।
- बालबालिकालाई लेख्ने अभ्यासका लागि छाप्न वा ट्रेस गर्न  लगाउनुहोस् अनि क्रमशः लेखाउनुहोस्
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउने अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई वस्तुहरू कहाँ छन् भनेर खोज्न र भन्न लगाउँदा उनीहरूमा खोज गर्ने, सञ्चार गर्ने सिप विकास हुन्छ । साथै विपरीत अर्थ आउने शब्दहरूले उनीहरूको भाषिक सिप तथा पढाइ लेखाइ र गणितीय सिप विकासका लागि मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातवरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।


## बाइसौं हप्ता

**लक्षित सिकाइ उद्देश्य:** पढाइ, लेखाइको सिप विकास तथा विपरीतार्थक शब्द ज्ञान

**यो हप्ताको मुख्य धारणा:** कथाको माध्यमबाट वस्तुको स्थान र अवस्थितिबारे परिचित हुनेछन् **अभिभावकलाई निर्देशन :** बालबालिकालाई ५ वटा फलफूलका नाम भन्न लगाउनुहोस् र ती फलफूलको चित्र बनाएर नाम लेख्न लगाउनुहोस् ।चित्रमा रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् । शब्द दिएर अक्षर खोज्न लगाउनुहोस् जस्तोः अम्बाबाट अ, कागतीबाट क वा ग ।

| वस्तुको चित्र | अविस्थती |
|---|---|
|  | माथि |
|  | मुनी |
|  | बाहिर |
| | भित्र |

| | |
|---|---|
|  | |
|  | नजिक |
|  | टाढा |



## तेइसौँ हप्ता

## विषय: जनावर

**कथा पुस्तक शीर्षक:** चार साथी

**कथाको लिङ्क:** letsread.asia/FourFriends

**लक्षित सिकाइ उद्‌देश्य**

- पठन सिप विकास गराउनु
- नयाँ शब्द सिकाउनु
- विपरीतार्थक शब्द ज्ञान गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** कथाको माध्ययमबाट एक आपसमा मेलमिलाप र सहयोगको भावना विकास हुनेछ ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् साथै पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि के के गर्नु भयो भनेर छलफल सुरू गर्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यस हप्ता गरिएका क्रियाकलापका सम्बन्धमा देहायकाजस्ता प्रश्नहरू सोधेर जानकारी लिनुहोस् ।
    - के नानीबाबुहरूले "सानी र सुरी" भन्ने कथा मनपराए ?
    - के उनीहरूले **भित्र-बाहिर, माथि-तल, वारि-पारि, फेद-टुप्पो** र **अग्लो-होचो** आदि विपरितार्थक र स्थाबोधक शब्दहरूको अर्थपूर्ण प्रयोग गर्न सके ?
    - कथाको कुन घटनामा दुखी भए र कुन घटनामा खुसी देखिए ?आदि

- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "जङ्गली जनावर" हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : आज हामीले जङ्गलमा पाइने केही जनावरका कुरा गर्दछौँ । जङ्गलमा धेरै जनावहरू मिलेर बस्दछन् र कुनै पनि जनावर साथीलाई समस्या परेमा सहयोग पनि गर्दछन् भन्ने बारेमा पनि कुरा गर्नेछौँ । साथै कसरी समस्याको समाधान खोज्ने र फरक फरक क्षमता भएका साथीहरू कसरी एक अर्कालाई सहयोगी हुन्छन् भन्ने पनि चर्चा गर्नेछौँ ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरूले फरक जङ्गली जनावरहरू एक आपसमा मिलेको कतै कहिल्यै देख्नुभएको छ ? कुनै रोचक घटना भए सुनाउनुहोस् ।
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफलबाट नानीबाबुहरूले सहयोग, आपसी मेलमिलाप वा विविधतामा एकताकोव भाव जाग्ने, समस्या समाधानका युक्ति सोच्ने सिपको विकास हुनेछ ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "चार साथी" भन्ने पुस्तकको चित्र र पुस्तक देखाएर अभिभावकसँग चित्रले के देखाउँछ ? यो केको बारेमा होला भनी जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै र हाउभाउसहित कथा भन्नुहोस् र सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस् ।
- जनावरहरू किन मिलेका होलान् ? के मानिसहरू पनि यसै गरी एकआपसमा मेलमिलाप गर्छन् त ? जस्ता प्रश्न गर्दै चित्रसहित छलफल गराउनुहोस् ।
- अभिभावकलाई उहाँहरूका साथीहरूका बारेमा सोध्नुहोस् । कुनै समस्या पर्दा साथीसाथी बिचमा भएको सहयोगका उदाहरण सुनाउन लगाउनुहोस् । के आफ्ना नानीबाबुहरू पनि साथीसँग मेलमिलाप गर्छन् त ? सोधी भन्न लगाउनुहोस् ।
- यो कथाबाट नानीबाबुहरूले के के नयाँ कुरा सिक्न सक्छन् होला ? विमर्श गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **सिकारी, बथान, कृतज्ञ, चिन्तित** र **उपाय** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।

- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा पढ्न जान्ने अभिभावकसँगै राखेर चित्र देखाई शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- टिपोट गरिएका पाँच शब्दहरूबाहेक अन्य समान अर्थ दिने शब्दहरू खोज्न र भन्न लगाउनुहोस् ।
- पुस्तकमा टिपोट गरिएका र अन्य थप त्यस्ता शब्दहरू कहाँ कहाँ छन् खोज्न लगाउनुहोस् । घरमा बालबालिकालाई पनि यस्तै गर्नुपर्ने कुरा अभिभावकलाई बताउनुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।
- यसबाट बालबालिकाले छिटो शब्द चिन्ने र पढ्ने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई विभिन्न जनावरको नाम भन्न लगाएर तिनीहरूको विशेषता भन्न लगाउनुहोस्। उदाहरणको लागि, मृग-छिटो कुद्छ, स्याल बाठो हुन्छ । यसैगरी अन्य जनावरको विशेषता भन्न र लेख्न लगाउनुहोस् ।
- घरमा भएका खेलौना वा कुनै सामान भेटिएन भने कोसँग सहयोग माग्छौ भनेर सोध्नुहोस् । अथवा आफ्नो साथीलाई समस्या परेमा कसरी सहयोग गर्दछौ भनेर सोध्नुहोस् ।
- बालबालिकालाई लेख्ने अभ्यासका लागि छाप्न वा ट्रेस गर्न लगाउनुहोस् अनि क्रमशः लेखाउनुहोस् ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई विभिन्न जनावरका विशेषताहरू भन्न लगाउँदा उनीहरूमा विभेदीकरण गर्ने तथा तुलना गर्ने , स्मरण गर्ने, तर्क गर्ने र सञ्चार गर्ने तथा

गणितीय सिपको विकास हुन्छ । उनीहरूलाई साथीहरूको विशेषता पनि भन्न लगाएमा साथीहरूप्रतिको दृष्टिकोण तथा मेलमिलापको भावना विकास हुन सहयोग पुग्छ । रोचक प्रसङ्गसहितको कथाले उनीहरूमा नयाँ शब्द सिक्ने र प्रयोग गर्ने क्षमता विकास गराउँछ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामका लागि प्रतिबद्ध बनाउनुहोस् ।


## तेइसौँ हप्ता


**लक्षित सिकाइ उद्देश्य**



शब्द भन्न र पढ्ने सिप विकास, लेखन सिप विकास, शब्द भण्डार वृद्धि

**यो हप्ताको मुख्य धारणा:** कथाको माध्यमबाट एक आपसमा मेलमिलाप र सहयोगको भावना विकास

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई विभिन्न जङ्गली जनावरको नाम भन्न लगाउनुहोस् र कुन जनावर कसरी कराउँछ त्यस्तै आवाज निकालेर कराउन लगाउनुहोस् । यसैगरी जनावरको चित्र बनाएर त्यसको विशेषता  भन्न/लेख्न लगाउनुहोस् । चित्रमा रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् । शब्द दिएर अक्षर खोज्न लगाउनुहोस् जस्तोः बथान-ब, उपाय-य, मृग-ग, कछुवा-क ।

| जनावरको चित्र | जनावरको नाम | विशेषता |
|---|---|---|
|  | मृग | |
| | स्याल | |

| | | |
|---|---|---|
|  | | |
|  | बाघ | |
| | | |

| | | |
|---|---|---|
|  | हात्ती | |
|  | भालु | |

## चौबिसौँ हप्ता

## विषय:  महिना, वर्ष र क्यालेण्डर



**कथा पुस्तक शीर्षक:** ल्होचक्र

**कथाको लिङ्क:** letsread.asia/LhoChakra

**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास गराउनु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** वर्ष महिना र बारको नाम भन्ने तथा तामाङ जातिले मान्ने वर्षको बारेमा जानकारी ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् साथै पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि के के गर्नु भयो भनेर छलफल सुरू गर्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? सोध्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- के तपाईँले यस हप्ताका लागि तोकिएका क्रियाकलापहरू घरमा गराउनुभयो त ? नगराउनुभएको भए के कठिनाइ पर्‍यो ? सोधी समस्या समाधानका उपायसम्बन्धी छलफल गराउनुहोस् ।
- निर्धारित तथा नियमित क्रियाकलाप गराउने अभिभावकहरूसँग देहायका प्रश्नहरू सोध्दै आवश्यक जानकारी लिनुहोस् ।
    - के नानीबाबुहरूले “चार साथी” भन्ने कथा मनपराए ?

- कथाका चार पात्रहरू मध्ये मृग, कछुवा, काग र मुसामध्ये उनीहरूले कसलाई ज्यादा मनपराए ? किन होला ?
    - के नानीबाबुहरूले टिपोट गरिएका पाँच शब्दहरू **सिकारी, बथान, कृतज्ञ, चिन्तित** र **उपाय** अर्थपूर्ण तरिकाले भन्न सिके ?
    - के नानीबाबुहरूले मृग कछुवा काग र मुसामध्यै सबै वा कुनै जनावरको चित्र ट्रेस गरे ?
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "वर्ष, महिना र क्यालेण्डर" हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : हामीले बालबालिकालाई एक वर्षमा १२ महिना हुन्छ र एक हप्तामा सात दिन हुन्छ भनेर बुझाउनेछौं । हामीले गन्ने १२महिना जस्तै तामाङहरूले १२ वटा वर्षलाई मान्ने गर्दछन् । त्यसलाई ल्होचक्र भनिन्छ भनेर छलफल गर्नेछौं । आज हामी बालबालिकालाई क्यालेण्डर हेर्न पनि सिकाउनेछौं । साथै बालबालिकालाई १२ वटा वर्षको नाम र त्यसका विशेषताका बारेमा पनि छलफल गर्नेछौं ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईंहरूले बालबालिकालाई क्यालेन्डर हेर्न सिकाउनुभएको छ ? के उनीहरूलाई महिना र हप्ताका नाम पनि चिनाउनुभएको छ ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यस छलफललाई हामी नानीबाबुहरूलाई क्यालेण्डर हेर्न सिकाउने र १२ वटा वर्षको नाम र त्यसका विशेषतासँग परिचित गराउने विषयमा केन्द्रित गर्नेछौँ
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "ल्होचक्र" भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रले के देखाउँछ ? यो केको बारेमा होला भनी जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै र त्यहाँका पात्रले चक्र चिनाउँदा प्रस्तुत हुने हाउभाउसहित कथा भन्नुहोस् र सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस्
- कथामा जस्तै यो कुन वर्ष हो, को अभिभावक कुन वर्षमा जन्मनु भएको रहेछ सोध्नुहोस् ।
- वर्षको विशेषतासँग व्यक्तिको बानी व्यवहार मिल्छ कि मिल्दैन त्यो पनि सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।

- पुस्तक पढिसकेपछि अन्त्यमा क्यालेण्डर देखाउँदै को कुन महिना, गतेमा जन्मेको देखाउन लगाउनुहोस् साथै आफ्ना छोराछोरीको पनि जन्मिदन क्यालेण्डरमा देखाउन लगाउनुहोस् । पढ्न नजान्ने अभिभावक हुनुभएको भए पढ्न जानेसँग र सङ्केतात्मक वा चित्रका सहायताले सिकाइ गराउनुहोस् ।
- यो कथाबाट नानीबाबुहरूले के के नयाँ कुरा सिक्न सक्छन् होला ? विमर्श गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **छेवाङ, ल्होखोर, ड्रागन, चञ्चल** र **बाँदर** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् ।
- शब्दहरू भन्दा अक्षर ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् । यदि बालबालिका लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न लगाउनुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तैगरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- कथामा छलफल गरे जस्तै महिना र बारहरू सिकाउन क्यालेण्डरको प्रयोग गर्न सकिन्छ । यसबाट बालबालिकामा पढाइ तथा लेखाइका सिपहरू विकास हुन्छ साथै गणितीय ज्ञान र क्षमताको विकास हुन्छ । यसबाट बालबालिकाको शब्दभण्डार बढ्दछ ।
- कथामा प्रस्तुत भएका जनावरहरूका गणना र तिनको विशेषताका सम्बन्धमा बालबालिकासँग छलफल गर्नुहोस् । यस्तो छलफलले गणितीय सिपका साथै थप शब्दभण्डार र ज्ञान बढाउन सहयोग गर्छ ।
- बालबालिकालाई लेख्ने अभ्यासका लागि ( अभिभावकले) जनावरहरूको चित्र छाप्न वा ट्रेस गर्न लगाउनुहोस् अनि रङ्ग भर्न लगाउनुहोस् ।

- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकाले क्यालेण्डर हेर्ने, बार, महिना तथा गतेको नाम खोज्ने गरेमा उनीहरूको पढाइ लेखाइ तथा गणितीय सिप विकासको लागि मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरू: देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## चौबिसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य**

पढाइ, लेखाइको सिप विकास तथा अक्षर र मात्रा चिनारी

**यो हप्ताको मुख्य धारणा:** वर्ष, महिना र बारको नाम भन्ने तथा तामाङ जातिले मान्ने वर्षको बारेमा जानकारी ।

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई क्यालेण्डरमा भएको सात बारहरू देखाउँदै नाम भन्न लगाउनुहोस् । सात बारका नाम सार्न लगाउनुहोस् । घर परिवारका सदस्यहरूको जन्म गते र बार सोध्न लगाएर क्यालेण्डरमा चिनो लगाउन लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

| **बार** | सात बारका नाम सार्न लगाउनुहोस् | **अक्षर** |
|---|---|---|
| आइतबार | | आ, इ, त |
| सोमबार | | स, म |
| मङ्गलबार | | म, ग, ल, र |
| बुधबार | | ब, ध, |
| बिहीबार | | ब, ह, |
| शुक्रबार | | श, क |
| शनिबार | | श, न |

## पच्चीसौँ हप्ता

### विषय: समय



**कथा पुस्तक शीर्षक:** मोमोको समय तालिका

**कथाको लिङ्क:** letsread.asia/MomoKoTalika

https://letsread.asia/WhatIsDaddyDoing

**लक्षित सिकाइ उद्देश्य**

- समयको ज्ञान गराउनु
- शब्द भन्न र पठन सिप विकास गराउनु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकाले आफूले दैनिक गर्ने कामबाट नै समय सिकिरहेका हुन्छन् ।

**१. भलाकुसारी**

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् साथै पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि के के गर्नु भयो भनेर छलफल सुरू गर्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यी क्रियाकलाप गराउन बाबु र आमा कसले कतिको समय दिनुभएको छ ? यसमा केही कठिनाइ छ ? सोध्नुहोस् । कठिनाइ भए समाधानका उपायका सम्बन्धमा छलफल गर्नुहोस् ।
- के तपाईँहरूले सञ्चालन गर्नुभएका क्रियाकलापबाट नानीबाबुहरूको व्यवहारमा कुनै परिवर्तन भएको छ भनेर सोध्नुहोस् ।
- यस हप्ताका लागि निर्धारण गरिएका क्रियाकलाप गर्न सकेनसकेका विषयमा अभिभावकसँग जानकारी लिनुहोस् । सञ्चालन गर्न कुनै कठिनाइ परेको भए कारण र निवारणका विषयमा छलफल चलाउनुहोस् ।

- निर्धारित र नियमित क्रियाकलाप सञ्चालन गरेका अभिभावकहरूसँग देहायबमोजिमक प्रश्नहरूका आधारमा जानकारी लिनुहोस् ।
    - के नानीबाबुहरूले "ल्होचक्र" भन्ने कथा मनपराए ?
    - ल्होचक्रमा उल्लेखित १२ जनावरहरू मुसो, बाघ, गोरु, बिरालो, ड्रागन, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुरका विशेषता सम्बन्धमा बालबालिकाले के भने ?
    - के नानीबाबुहरूले आफू उल्लेख गरिएका १२ जनावरमध्ये कुनैसँग मिल्छु भनेर पनि तुलना गरे ?
    - के नानीबाबुहरूले टिपोट गरिएका शब्दहरू: **छेवाङ, ल्होखोर, ड्रागन, चञ्चल** र **बाँदर** शब्दको सही उच्चारण गर्न र चित्रमा चिन्न सके ? आदि ।
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “समय” हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा हामी बिहानदेखि राति सुत्ने बेलासम्म के के काम गर्दछौं भनेर छलफल गर्नेछौँ । अनि हामी कुन काम कति बजे गर्छौं त्यो समय कसरी थाहा पाउँछौँ भन्ने पनि छलफल गर्छौं ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरूले बालबालिकालाई घडी वा मोबाइलमा समय हेर्न सिकाउनुभएको छ ? के उनीहरू बजे वा समय किटान गरेर कुनै विषयमा कुराकानी गर्छन् ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यसबाट बालबालिकाले समयको ज्ञान पाउनेछन् । उनीहरूले घडी हेर्न पनि सिक्नेछन् । सदा उनीहरूले नयाँ शब्द र गन्ती सिक्नेछन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “मोमोको समय तालिका” भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रले के देखाउँछ ? यो केको बारेमा होला भनी जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै र त्यहाँका पात्रले चक्र चिनाउँदा प्रस्तुत हुने हाउभाउसहित कथा भन्नुहोस् र सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस्

- कथामा प्रस्तुत चित्रहरू देखाउँदै यो के हो ? मोमोले कति बजे के गर्दैछ ?  जस्ता सान्दर्भिक  प्रश्नहरू गर्दै छलफल गराउनुहोस् । छलफल चलाउँदा हातमा घडी लिएर मोमोको समय घडीमा देखाउँदै क्रियाकलाप अगाडि बढाउनुहोस् ।
- घरमा हामी समय हेरेर के कस्ता काम गर्छौँ  ? अभिभावकलाई सोध्नुहोस् र प्रतिक्रिया टिप्नुहोस्
- यस उमेरका बालबालिकाहरूलाई सधैं निश्चित समयमा काम गर्ने बानी लगाएमा उनीहरूले समयको मूल्य बुझ्ने तथा सधैँ समयमा नै आफ्नो काम गर्ने बानीको विकास हुन्छ भनेर बताउनुहोस् । यसबाट बालबालिकाको सिर्जनात्मक क्षमता र गणितीय सिप बढ्छ ।
- यो कथाबाट नानीबाबुहरूले के के नयाँ कुरा सिक्न सक्छन्  होला ? विमर्श गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **उठ्छ, जान्छ, खान्छ, सघाउँछ** र **नुहाउँछ**  गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । अरू थप उस्तै सुनिने लय  मिल्ने शब्दहरू भन्न लगाउनुहोस् । उदाहरणका लागि मान्छ, हान्छ  ......आदि ।
- शब्दहरू भन्दा अक्षर ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री  (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई बिहान देखि रातिसम्मको समय तालिका बनाउन लगाउनुहोस् । कुन कुन समयमा के के गर्ने लेख्न वा भन्न लगाउनुहोस् । आफ्नो घरमा भएको घडी हेरेर समय भन्न र हातको औँला गन्दै १, २, ३, ४ गरेर १२ सम्म भन्न लगाउनुहोस् ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकाले घरमा भएका सामग्रीहरू प्रयोगबाट पनि पढाइ लेखाइका लागि चाहिने विभिन्न प्रकारका सिप सिकिरहेका हुन्छन् । उनीहरूमा सहयोगीपन र जिम्मेवारीको भावना पनि विकास हुन्छ । यसबाट समयमा काम गर्ने बानीको पनि विकास हुन्छ । उनीहरूमा समय सचेतना बढ्नुका साथै कामलाई क्रममा राखेर गर्ने बानीको विकास हुन्छ । उनीहरूमा स्वभाविक रूपमा पढाइ, लेखाइ र गणितीय सिपको पनि विकास हुन्छ

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।



## पच्चीसौँ हप्ता




**लक्षित सिकाइ उद्देश्य:**



समयको ज्ञान, शब्द भन्न र पढ्ने सिप विकास, अक्षर र मात्रा चिनारी, शब्दभण्डार वृद्धि, लेखन सिप विकास

**यो हप्ताको मुख्य धारणा:** बालबालिकाले आफूले दैनिक गर्ने कामबाट नै समय सिकिरहेका हुन्छन् ।

**अभिभावकलाई निर्देशन:** बालबालिकालाई तालिकामा तलको कामहरू कुन समयमा गरिन्छ लेख्न वा भन्न लगाउनुहोस् । बिहानदेखि रातीसम्मको समय तालिका भर्न लगाउनुहोस् । समयको अङ्क लेखेपछि घडीमा अङ्क हेरी घन्टाको हात कोर्न लगाउनुहोस्।  आफ्नो घरमा भएको घडी हेरेर समय भन्न र हातको औँला गन्दै १, २, ३, ४ गरेर १२ सम्म भन्न लगाउनुहोस् । घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभ्यास गराउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।

| काम | समय | अंक |
|---|---|---|
| **उठ्ने** | बिहान ______ बजे |  |
| **खाना खाने** | बिहान ______ बजे |  |

| | | |
|---|---|---|
| **खाजा खाने** | दिउँसो ______ बजे |  |
| **नुहाउने** | दिउँसो ______ बजे |  |
| **खेल्ने** | दिउँसो ______ बजे |  |

| | | |
|---|---|---|
| **खाना खाने** | बेलुका ______ बजे |  |
| **सुत्ने** | राती ______ बजे |  |



## छब्बिसौँ हप्ता

## विषय: चाडपर्व

**कथा पुस्तक शीर्षक:** जिब्रो छेड्ने ख्याक

**कथाको लिङ्क:**

letsread.asia/JibroChedneKhyaahttps://letsread.asia/WhatIsDaddyDoing

**लक्षित सिकाइ उद्देश्य**

- शब्दको सही उच्चारण गराउनु
- पठन सिप विकास गराउनु
    - शब्दभण्डार वृद्धि गराउनु
    - लेखन सिप विकास गराउनु
    - संस्कृति तथा परम्पराको ज्ञान गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** बालबालिकाले आफूले मनाउने चाडपर्वहरूबाट पढाइ लेखाइका साथै सांस्कृतिक मूल्यमान्यता सिक्नेछन् ।

**१. भलाकुसारी**

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरमा नानीबाबुहरूले बिहान बेलुका के कस्ता काम गर्छन् भनेर सोध्नुहोस् साथै पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि के के गर्नु भयो भनेर छलफल सुरू गर्नुहोस् ।
- आजकल हामीले गरेका छलफलबाट नानीबाबुहरूलाई के कस्तो सहयोग भएको छ भनेर सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? यसका कुनै समस्या आयो ? आएको भए के कस्ता समस्या आए कसरी समाधान गर्नुभयो वा गर्नसक्नुभएन छलफल गरी समस्या बाँकी भए समाधानका उपाय निकाल्न लगाउनुहोस् ।
- घरमा निर्धारित क्रियाकलाप गराउनु भएका अभिभावकहरूलाई देहायका प्रश्न सोधदै अगिल्लो हप्ताको कार्यक्रमको प्रभावकारितासम्बन्धी पृष्ठपोषण लिनुहोस् ।
    - के नानीबाबुहरूले "मोमोको समय तालिका" भन्ने कथा मनपराए ?
    - के नानीबाबुहरूले मोमोको समयसँग आफूले गर्ने समयलाई तुलना गरे ?
    - के नानीबाबुहरूले मोमोको समयका कुरा गर्दा घडीको समय पनि मिलाएर हेरे ?

    - उनीहरूलाई मोमोको समयतालिकामा कुन कुरा ज्यादै मन पऱ्यो ?  आदि ।
- यी क्रियाकलाप गराउन बाबु र आमामध्ये कसले बढी समय दिनुभयो ? यसमा केही कठिनाइ छ ? सोध्नुहोस् ।
- अहिलेसम्मका क्रियाकलापका विषयमा अभिभावकहरूका कुनै जिज्ञासा भए सुन्नुहोस् र जवाफ दिने प्रयास गर्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “चाडपर्व”  हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् :  यो विषयमा "जिब्रो छेड्ने ख्याक" कथा मार्फत यो जात्रा आरम्भ हुनुको विषयमा छलफल गर्दैछौँ । यस्तै अरू जात्रा तथा चाडपर्व मनाउने विषय पनि छलफलमा आउने छ ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरूले बालबालिकालाई आफ्नो वरिपरि मनाइने सांस्कृतिक पर्वमा सहभागी गराउनु भएको छ ? त्यस्ता पर्वमा सहभागी हुँदा उनीहरू कस्तो प्रतिक्रिया दिन्छन् ?
- तपाईहरूले स्थानीयस्तरमा के के चाडपर्व मनाउनुहुन्छ
- अपेक्षित उपलब्धि सुनाउनुहोस् :
    - बालबालिका पर्व मनाइनुको कारणसँग परिचित हुनेछन् ।
    - सामाजिक मूल्य र मान्यताको धारणा बसाउनेछन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “जिब्रो छेड्ने ख्याक” भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रले के देखाउँछ ? यो केको बारेमा होला भनी जिज्ञासा जगाउने गरी छलफल गर्नुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै यो के होला, ख्याकले के गरेछ ?  जस्ता प्रश्न गर्दै छलफल गराउनुहोस् ।
- हाउभाउसहित कथा भन्नुहोस्  र सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस् ।
- हामी के कस्ता पर्व तथा जात्रा मनाउँछौँ । ती पर्व मनाउनुका कुनै विशेष कारण भए अभिभावकलाई भन्न लगाउनुहोस् ।

- यस उमेरका बालबालिकाहरूलाई यस्ता चाडपर्वका कथाहरूले हाम्रो सांस्कृतिक मूल्य मान्यता तथा परम्परा बुझ्न सहयोग पुग्छ र उनीहरूमा हाम्रो संस्कार र संस्कृतिप्रति सम्मान भाव जाग्छ भनेर बताउनुहोस् ।
- यो कथाबाट नानीबाबुहरूले के के नयाँ कुरा सिक्न सक्छन् होला ? विमर्श गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **ख्याक, जिब्रो, तान्त्रिक, बुख्याँचा** र **तारण** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् । पढ्न नसक्ने अभिभावकलाई पढ्न सक्नेको मद्दत लिन पनि लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दहरू भन्दा अक्षर ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् ।
- यदि बालबालिका लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न लगाउनुहोस् भनी अभिभावकलाई भन्नुहोस् र सक्ने अभिभावकलाई लेखन अभ्यास पनि गराउनुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । "जिब्रो छेड्ने ख्याक" कथामा चाडपर्वको बारेमा छलफल गरिएको छ त्यसैले हाम्रा स्थानीय चाडपर्वहरू के के छन् भनेर नानीबाबुलाई भन्न लगाउनुहोस् ।
- क्यालेन्डरमा चाडपर्वहरू खोज्न लगाई ती पर्वहरूलाई गोलो घेरा लगाउन दिनुहोस् । यसबाट बालबालिकामा पढाइ तथा लेखाइका सिपहरू विकास हुन्छ । साथै हाम्रा सांस्कृतिक मूल्यमान्यता तथा संस्कृतिको ज्ञान हुन्छ । साथै यसले बालबालिकाको शब्दभण्डार बढाउँछ ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकाले क्यालेन्डर हेरी महिना, बार र गते खोज्न सक्दा उनीहरूमा जीवनोपयोगी सिपको विकास हुन्छ । यसले उनीहरूमा गणितीय सिपको पनि स्वतः विकास गराउँछ । साथै सांस्कृतिक महत्त्व र त्यसप्रतिको सम्मान भाव विकास हुन पनि सहयोग पुग्छ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## छब्बिसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:**

शब्द भन्न र पढ्ने सिप विकास, शब्दभण्डार वृद्धि, पढाइ तथा लेखन सिप विकास, संस्कृति परम्पराको ज्ञान

**यो हप्ताको मुख्य धारणा:** बालबालिकाले आफूले मनाउने चाडपर्वहरूबाट पढाइ लेखाइका साथै सामाजिक मूल्यमान्यता र संस्कृति सिक्नेछन् ।

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई क्यालेण्डर दिनुहोस् र चाडपर्वहरूलाई घेरा लगाउन भन्नुहोस् । जात्रा वा चाडपर्वको नाम र विशेषता भन्न लगाउनुहोस् । कुन जात्रा कसरी मनाइन्छ भन्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न भन्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।

| **जात्रा वा चाडपर्वको नाम** | **विशेषता** |
|---|---|
| गाईजात्रा | |
| बिस्केट जात्रा | |
| दशैं | |
| इन्द्र जात्रा | |
| तिहार | |



## सत्ताइसौँ हप्ता

## विषय: यातायात

**कथा पुस्तक शीर्षक:** जित्ने रहर

**कथाको लिङ्क:** letsread.asia/JitneRahar

**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास गराउनु
- यातायातका साधनको चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept ):** कथाको माध्यमबाट विभिन्न यातायातका साधन र ती साधनमा प्रयोग हुने इन्धनका बारेमा जानकारी हासिल गर्ने छन् ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् । उनीहरू बिहान बेलुका के कस्ता काम गर्छन् ? अभिभावकहरूसँग नयाँ कुरा सिक्न कतिको उत्साहित हुन्छन् ?
- के हामीले आजकल गरेका छलफल र क्रियाकलाप नानीबाबुहरूको सिकाइका लागि उपयोगी भइरहेको छ त ? सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? के घरमा क्रियाकलाप गराउँदा कुनै समस्या आयो ? सोध्नुहोस् र समस्या आएको भए समाधानका विषयमा छलफल गराउनुहोस् ।
- घरमा नियमित तथा निर्धारित क्रियाकलाप गर्नु गराउनुभएका अभिभावकहरूसँग देहायका प्रश्नहरू सोधेर कार्यक्रमको विषयमा पृष्ठपोषण लिनुहोस् ।
    - के नानीबाबुहरूले "जिब्रो छेड्ने ख्याक" भन्ने कथा मनपराए ?
    - यो कथा सुनाउँदा उनीहरूमा कस्तो प्रतिक्रिया देखियो ?
    - के उनीहरूले जिब्रो छैड्ने जात्राको विषमा कतै सुनेका रहेछन् त ?

- के उनीहरूले टिपोट गरिएका शब्दहरूको सही उच्चारण गर्न सके ? आदि ।

- के नानीबाबुहरूले पात्रो हेरेर चाड, पर्व खोज्ने र त्यस विषयमा जिज्ञासा राख्ने काम पनि गरे ? सोध्नुहोस् ।
- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “यातायात” हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा "जित्ने रहर" कथा मार्फत हामी सडकमा गुड्ने विभिन्न प्रकारका यातायातका साधनसँग हामी बालबालिकाहरूलाई परिचित गराउनेछौँ ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरूले बालबालिकालाई के कस्ता यातायातका साधनसँग परिचित गराउनुभएको छ ? के उनीहरू ती साधनका आवाजको नक्कल पनि गर्न सक्छन् ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : बालबालिकाले यातायातका फरक फरक साधन चिन्नेछन् । उनीहरूले फरक फरक रङ पहिचान गर्नेछन् , कुन यातायातका साधन चल्न के चाहिन्छसमेत जानकारी लिनेछन् । उनीहरूले जमिनको सतह उकालो समथर भन्ने कुरा पनि कथामा बोध गर्नेछन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- “जित्ने रहर” भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रमा के के देखिन्छ ? यो दृश्य कहाँको होला ? भन्दै छलफल अघि बढाउनुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै यो कुकुरले के गर्दैछ होला ? जस्ता प्रश्न गर्दै छलफल गराउनुहोस् ।
- अभिभावकलाई उहाँहरूले पहिलो पटक गाडी देखेको वा चढेको सम्झनाहरूका बारेमा भन्न लगाउनुहोस् । त्यो बेलाका अनुभवहरू र अहिलेका अनुभहरूका बारेमा तुलना गर्न लगाउनुहोस् ।
- हाउभाउसहित कथा भन्नुहोस् । कथा भन्ने क्रममा अब के होला ? के लालुले जित्न सक्ला त ? आदिजस्ता सान्दर्भिक प्रश्न गर्दै सहभागीहरूमा उत्सुकता पैदा गर्ने र अनुमान गराउने प्रयत्न पनि गर्नुहोस् ।
- कुकुर सडकबाट नदौडिएर किन पेटीबाट दौडेको होला ? अनुमान र तर्क गर्न लगाउनुहोस् ।
- कुन कुन गाडी पेट्रोल भर्न गए र कुन कुन गाडी डिजेल भर्ने लाइनमा बसे ? चित्र हेरेर भन्न लगाउनुहोस् ।

- पहिले दुखी देखिएको लालु पछि किन खुसी भयो होला ? लालु खुसी भएको देखेर के नानीबाबुहरू पनि खुसी होलान् त ? छलफल गराउनुहोस् ।
- कथाबाट सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस् ।
- यो कथाबाट नानीबाबुहरूले के के नयाँ कुरा सिक्न सक्छन् होला ? के यस कथाले कुनै सन्देश पनि दिएको छ ? विमर्श गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **मोटरसाइकल, दमकल, एम्बुलेन्स, ट्रक** र **साइकल** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- यस्तै अन्य समान अर्थ लाग्ने शब्दहरू भन्न लगाउनुहोस् । पुस्तकमा भएका अरू शब्दहरू कहाँ कहाँ छ खोज्न लगाउनुहोस् । यसबाट बालबालिकाले छिटो शब्द चिन्ने, पढ्ने र सम्झने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- शब्दहरू भन्दा अक्षर ध्यान दिएर उच्चारण गर्न सहयोग गर्नुहोस् ।
- यदि बालबालिका लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न लगाउनुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बालबालिकालाई विभिन्न यातायातका साधनका नाम भन्न लगाएर तिनीहरूका विशेषता भन्न लगाउनुहोस् । जस्तो कि हवाइजहाज, कस्तो हुन्छ, कहाँ कसरी उड्छ? दमकलले के गर्छ? कसरी कराउँछ? त्यस्तै एम्बुलेन्स र अन्य गाडीहरूको बारेमा भन्न, अभिनय गर्न र लेख्न लगाउनुहोस् ।
- लालु किन पेटीबाट मात्र कुदेको होला ? के हामी पनि पेटीबाट हिँड्नुपर्छ त ? भन्ने प्रश्नमा बालबालिकासँग छलफल गर्न अभिभावकलाई भन्नुहोस् ।

- लालुले किन आँ गरेको होला ? किन तेल भरिदिने मानिसले लालुलाई तेल खुवाएनन् ? बालबालिकालाई सोध्नुहोस् र अन्तमा सत्य उत्तर भनिदिनुहोस् भनी अभिभावकलाई बुझाउनुहोस्
- यी फरक फरक यातायातका साधनको चित्र दिएर रङ भर्न अभिभावकलाई सिकाउनुहोस् र सोही तरिकाले अभिभावकले घरमा नानीबाबुहरूलाई सिकाउने पर्ने कुरा गर्नुहोस् ।
- पेट्रोल लाग्ने र डिजेल लाग्ने साधनको नाम भनेर खेल्ने खेल खेलाउनुहोस् ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई विभिन्न यातायातका साधनका बारेमा भन्न लगाउँदा उनीहरूको मन पर्ने साधन कुन हो र किन मन परेको हो भन्न लगाउनुहोस् । लालुको प्रसङ्ग जोड्दै ऊ दुखी र खुसी भएको क्षण पहिचान गर्न लगाउनुहोस् । गाडीका आकार प्रकार र रङको विषयमा गरिने कुराकानीले उनीहरूमा विभेदीकरण तथा तुलना गर्ने सिप विकास हुन्छ । यसबाट उनीहरूमा कारण खोज्ने र भन्ने जस्ता भाषिक तथा सञ्चार सिपको विकास हुन्छ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।



## सत्ताइसौँ हप्ता



**लक्षित सिकाइ उद्देश्य:**


शब्द भन्न र पढ्ने सिप विकास, शब्दभण्डार वृद्धि

**यो हप्ताको मुख्य धारणा:** कथाको माध्यमबाट विभिन्न यातायातका साधनको बारेमा ज्ञान हुनेछ ।

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई चित्रमा भएको यातायातका साधनको नाम भन्न र लेख्न लगाउनुहोस् र तिनीहरूका विशेषता, कसरी कराउँछ ? के गर्छ ? जस्ता कुरा भन्न र सार्न लगाउनुहोस् । चित्र बनाएर रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

| चित्र | नाम | विशेषता |
|---|---|---|
|  | | |
|  | | |
| | | |

| | | |
|---|---|---|
|  | | |
|  | | |
|  | | |



## अठ्ठाइसौँ हप्ता

## विषय: यातायात

**कथा पुस्तक शीर्षक:** रातो, पहेँलो, हरियो बत्ती

**कथाको लिङ्क:** letsread.asia/TrafficLights

**लक्षित सिकाइ उद्देश्य**

- पठनको सिप विकास गराउनु
- अक्षर र मात्रा चिनारी गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- ट्राफिक लाइटको विषयमा परिचित गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** ट्राफिक लाइटको बारेमा जानकारी ।

**१. भलाकुसारी**

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् । उनीहरू बिहान बेलुका के कस्ता काम गर्छन् ? अभिभावकहरूसँग नयाँ कुरा सिक्न कतिको उत्साहित हुन्छन् ?
- के हामीले आजकल गरेका छलफल र क्रियाकलाप नानीबाबुहरूको सिकाइका लागि उपयोगी भइरहेको छ त ? सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? निर्धारित क्रियाकलाप गराउन कुनै समस्या भयो कि भएन ? समस्या परेको भए के थियो ? त्यसको समाधान कसरी गर्ने छलफल गराउनुहोस् ।
- नियमित र निर्धारित क्रियाकलाप गराउनु भएका अभिभावकहरूसँग देहायका प्रश्नहरू सोध्दै अगिल्लो कार्यक्रमको प्रभावकारिता सम्बन्धमा जानकारी लिनुहोस् ।
    - के नानीबाबुहरूले "जित्ने रहर" भन्ने कथा मनपराए ?
    - कथाभित्र घटित कुन कुराले उनीहरू खुसी भए ?
    - कुन घटनामा उनीहरू दुखी भए ?
    - के टिपोट गरिएका शब्दहरू उनीहरू सजिलै सिके ? आदि ।

- यो बसाइमा हामी के के गर्छौं भनेर बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “यातायात” हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा हामीले बालबालिकालाई सडकमा सुरक्षाका लागि बत्तीहरू राखिएका हुन्छन् र ती बत्तीहरू बाटो काट्न आवश्यक सङ्केतहरू हुन् भनेर बुझाउने विषयमा छलफल गर्नेछौँ । हामीले सडकमा देख्ने तीन (३) रंगका बत्तीहरूलाई गाडीहरूले पनि हेर्ने र सोही अनुसार गर्दछन् । यसलाई ट्राफिक लाइट भनिन्छ भनेर छलफल गर्नेछौँ । आज हामी बालबालिकालाई बाटो काट्न पनि सिकाउनेछौ ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरूले ट्राफिक लाइट देख्नुभएको छ ? तपाईँले ती बत्तीहरूको सङ्केतलाई कसरी बुझ्नुभयो ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : बालबालिकाले ट्राफिक लाइटको सङ्केत बुझ्नेछन् । सुरक्षित तबरले बाटो काट्ने उपायको जानकारी पाउने छन् ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "रातो पहेँलो हरियो बत्ती" भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रमा के के देखिन्छ ? यो दृश्य कहाँको होला ? यो किन राखिएको होला ? भन्दै छलफल चलाउनुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै बत्ती कुन कुन रङका बल्दा रहेछन् अवलोकन गरी भन्न लगाउनुहोस् ।
- अभिभावकलाई उहाँहरूले यस्तो बत्ती बलेको कहाँ देख्नुभएको छ भनेर सोध्नुहोस् र भन्न लगाउनुहोस् ।
- आफैँ ट्राफिक लाइट बनेर हाउभाउसहित आफ्नो काम सुनाउनुहोस् । काम भन्ने क्रममा सडकमा देखिएका गाडी र बाटो काट्नेहरूलाई देखाउँदै यी को हुन् के गर्दैछन् जस्ता प्रश्नहरू सोध्नुहोस् ।
- मैदानमा बाटो र जेब्राक्रस बनाउनुहोस् । सहभागीहरू कसैलाई पैदलयात्री त कसैलाई गाडी बन्ने भूमिका दिनुहोस् । ट्राफिक लाइटमा प्रयोग भएका तीनथरि लाइटको रङसँग मिल्ने कपडाका टुक्रा वा कागज हातमा लिएर आफू ट्राफिक लाइट बनेर सहभागीहरुलाई बाटो काट्ने र रोकिने खेल खेलाउनुहोस् ।
- यस छलफलबाट सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोर्‍याएर उच्चारण गरी सुनाउनुहोस्

- नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आजका लागि पुस्तकबाट **ट्राफिक, दुर्घटना, चालक, टक्क** र **सजग** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- यस्तै अन्य समान अर्थ लाग्ने शब्दहरू भन्न लगाउनुहोस् । पुस्तकमा भएका अरू शब्दहरू कहाँ कहाँ छ खोज्न लगाउनुहोस् । यसबाट बालबालिकाले छिटो शब्द चिन्ने, पढ्ने र सम्झने हुन्छन् भनी बताउनुहोस् ।
- शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् ।
- बालबालिकाले लेख्न रूचाउँछन् भने अक्षरहरू सार्न लगाउनुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् । यस कथामा ट्राफिक लाइटको बारेमा छलफल गरिएको छ त्यसैले हाम्रा सडकमा ट्राफिक लाइट छ छैन, कुन रङ्गको संकेतले के गर्नुपर्छ भनेको हो भनेर नानीबुलाई भन्न लगाउनुहोस् । यसबाट बालबालिकालाई सडक सुरक्षाबारे जानकारी हुनेछ साथै पढाइ तथा लेखाइका सिपहरू विकास हुन्छन् । यसबाट बालबालिकाको शब्दभण्डार बढ्दछ ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकाले बाटोमा ट्राफिक लाइट हेर्ने, सङ्केतहरूका बारेमा भन्ने गरेमा उनीहरूको यातायात सुरक्षासम्बन्धी ज्ञानका साथै पढाइ लेखाइ तथा गणितीय सिप विकासको लागि मद्दत गर्दछ ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस्  ।



## अठ्ठाइसौँ हप्ता


**लक्षित सिकाइ उद्देश्य:**

पढाइको सिप विकास, अक्षर र मात्रा चिनारी, शब्दभण्डार वृद्धि

**यो हप्ताको मुख्य धारणा:** ट्राफिक लाइटको बारेमा जानकारी ।


**अभिभावकलाई निर्देशन :** बालबालिकालाई चित्रमा भएको यातायातका रङको अर्थ भन्न र लेख्न लगाउनुहोस् । साथै तीन रङ राखेर बाटो काटेको अभिनय गर्न लगाउनुहोस् । ट्राफिक लाइटको चित्र बनाएर रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

| **चित्र** | **नाम** | **विशेषता** |
|---|---|---|
| रातो  | | |
| पहेंलो  | | |

| | | |
|---|---|---|
| हरियो  | | |
| जेब्राक्रश  | | |

## उनन्तिसौँ हप्ता

### विषय: हाम्रो पहिचान



**कथा पुस्तक शीर्षक:** हामी सबै नेपाली

**कथाको लिङ्क:** letsread.asia/HamiSabaiNepalihttps://letsread.asia/WhatIsDaddyDoing

**लक्षित सिकाइ उद्‌देश्य**

- शब्द भन्न र पढ्ने सिप विकास गराउनु
- राष्ट्रियता तथा सांस्कृतिक समभाव जागृत गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- पढाइ तथा लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** कथाको माध्ययमबाट एक आपसमा मेलमिलाप र राष्ट्रियताको भावना विकास

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । समसामयिक विषयमा आवश्यकतानुसार कुराकानी चलाउनुहोस् ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् । उनीहरू बिहान बेलुका के कस्ता काम गर्छन् ? अभिभावकहरूसँग नयाँ कुरा सिक्न कतिको उत्साहित हुन्छन् ?
- के हामीले आजकल गरेका छलफल र क्रियाकलाप नानीबाबुहरूको सिकाइका लागि उपयोगी भइरहेको छ त ? सोध्नुहोस् ।
- यस हप्ता नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? क्रियाकलाप गराउँदा कुनै समस्या भयो कि ? कसरी समाधान भयो ? छलफल गराउनुहोस् ।
- निर्धारित र नियमित क्रियाकलाप गराउनुभएका अभिभावकसँग देहायका प्रश्नहरू गर्दै अगिल्लो कार्यक्रमको पृष्ठपोषण लिनुहोस् ।
    - के नानीबाबुहरूले "रातो पहेँलो हरियो बत्ती" भन्ने कथा मनपराए ?
    - के उनीहरूले पनि यससम्बन्धी खेल खेले ?

- सिकाउनका लागि टिपिएका पाँच नयाँ शब्दहरू (**ट्राफिक, दुर्घटना, चालक, टक्क** र **सजग**)को उनीहरूले सहजै उच्चारण गरे ?

- यो बसाइमा हामीले के के क्रियाकलापहरू गर्छौं अभिभावकहरूलाई बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय “राष्ट्रियता” हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : हाम्रो देशमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन् । उनीहरूका भेषभूषा, भाषा, पोसाक र चाडपर्वहरू फरक छन् तर सबै मिलेर बस्छौँ । हामीमा अनेकतामा एकता छ भन्ने धारणा बसाउन छलफल केन्द्रित हुनेछ ।
- अभिभावकलाई सोध्नुहोस् : तपाईँहरू फरक जातजातिका चाडपर्व मनाउन सहभागी हुनुभएको छ ? तपाईँहरूलाई त्यतिबेला कस्तो अनुभव हुन्छ ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : बालबालिकाले नयाँ शब्द सिक्नेछन् । शिष्टाचार प्रकट गर्ने सिपका साथै गणितीय सिप हासिल गर्नेछन् । फरक संस्कृति र परम्परालाई सम्मान प्रकट गर्ने धारणा विकासमा सहयोग पुग्ने छ ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "हामी सबै नेपाली" भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रमा के के देखिन्छ ? भन्दै छलफल गर्नुहोस् ।
- कथाको चित्रहरू देखाउँदै यो कुन लुगा हो ? कुन जातिले लगाउने होला ? जस्ता प्रश्न गर्दै छलफल गराउनुहोस् ।
- अभिभावकहरूले कुन कुन चाड मनाउँछन् ? ती चाडमा खाने खाना, लगाउने पोसाक तथा गरिने क्रियाकलापहरू भन्न लगाउनुहोस् ।
- हाउभाउसहित "हामी सबै नेपाली" कथा सुनाउनुहोस् ।
- बालबालिकाहरूलाई यस्ता विविधताका कुराले हामी सबै एउटै बगैँचाका फरकफरक फूलहरू हौँ भन्ने बुझ्न सहयोग पुग्छ र एक अर्कामा सहयोग र सम्मान गर्ने बानीको विकास हुन्छ भनेर बताउनुहोस् ।
- यस छलफलबाट सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस्
- नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आज सिकाउने शब्दका लागि पुस्तकबाट **नमस्ते, ताशी देलेक, ज्वजलप्पा, प्रणाम** र **फ्याफुल्ला** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् । यी शब्दहरूको उच्चारण गर्दा अभिनयसहित गराउनुहोस् ।
- बालबालिका लेख्न रुचाउँछन् भने यी शब्द र उनीहरूलाई मनपरेका अन्य शब्द कापीमा लेख्न दिनुहोस् ।
- घरमा बालबालिकालाई पनि यस्तै गरी क्रियाकलाप गराउनुपर्ने कुरा बताउनुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।

- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : यस कथामा विभिन्न जातिका मानिसहरूले गर्ने अभिवादन र मान्ने पर्वको बारेमा छलफल गरिएको छ । यसबाट हाम्रो मुलुकमा भएका विभिन्न समुदाय र तिनले मनाउने चाडपर्वको ज्ञान हासिल हुन्छ । एकअर्कालाई सम्मान गर्ने बानीको विकास हुन्छ । तपाईँहरूले पनि नानीबाबुलाई आफूले मनाएको र मनाएको देखेका विभिन्न चाडपर्वहरू भन्न लगाउनुहोस् । ती पर्वमा के के गरिन्छ सम्झिन र भन्न लगाउनुहोस् । यसबाट बालबालिकामा पढाइ तथा लेखाइका सिपहरू विकास हुनुका साथै उनीहरूमा शब्दभण्डार पनि बढ्दछ ।
- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।

- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकासँग विभिन्न चाडपर्वको बारेमा  गरिने छलफलले उनीहरूमा स्मरण गर्ने, सञ्चार गर्ने, तुलना गर्नेजस्ता सिप विकास हुनुका साथै उनीहरूका पढाइ लेखाइ तथा गणितीय सिप विकासको लागि पनि मद्दत पुग्छ ।

ख) बिर्सन नहुने कुराहरूः  देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर,  पुस्तक पढिदिएर, विभिन्न सामग्री खेल्न दिएर, स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराउँदै अन्तरक्रिया तथा छलफल गराएर विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ । सबै जातजातिका संस्कृति तथा पर्वहरूलाई चिनारी गराएर बालबालिकामा समभाव विकास गराउन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस्  ।

## उनन्तिसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:**

शब्द भन्न र पढ्ने सिप विकास, लेखन सिप विकास, शब्द भण्डार वृद्धि

**यो हप्ताको मुख्य धारणा:** कथाको माध्यमबाट एक आपसमा मेलमिलाप र राष्ट्रियताको भावना विकास

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई विभिन्न जातजातिले मनाउने चाडहरूको नाम भन्न र लेख्न लगाउनुहोस् । यसैगरी दिइएको चित्र अनुसार मनाउने चाडको नाम लेख्न लगाउनुहोस् ।मानिसहरूले अभिवादन कसरी गर्छन् लेख्न लगाउनुहोस् । बालबालिकालाई अभिवादन गर्न लगाउनुहोस् । चित्रमा रङ भर्न दिनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक सहयोग गर्नुहोस् ।

| चित्र | चाडको नाम | अभिवादन |
|---|---|---|
| तामाङ  | | |
| थारू  | | |

| | | |
|---|---|---|
| मैथिल  | | |
| नेवार  | | |
| शेर्पा  | | |



## तिसौँ हप्ता

## विषय: हाम्रो पहिचान

**कथा पुस्तक शीर्षक:** सोनु रमाइन्

**कथाको लिङ्क:** letsread.asia/SonuRamain

**लक्षित सिकाइ उद्देश्य:**

- पठन सिप विकास गराउनु
- शब्दको सही उच्चारण गराउनु
- शब्दभण्डार वृद्धि गराउनु
- राष्ट्रियताको भावना जागृत गराउनु
- लेखन सिप विकास गराउनु

**यो हप्ताको मुख्य धारणा (Concept):** कथाको माध्ययमबाट राष्ट्रियताको भावना विकास हुनेछ ।

### १. भलाकुसारी

- अभिभावकहरूलाई स्वागत अभिवादन गरी सन्चोबिसन्चोको बारेमा सोध्नुहोस् । यस हप्ताको दिनचर्या र विशेष केही भए सोधी भन्न लगाउनुहोस् ।
- घरका नानीबाबुहरूको हालखबर सोध्नुहोस् । अभिभावकहरूले उनीहरूलाई गराउने गर्नुभएका पठन सहयोगी क्रियाकलापमा उनीहरूको लगाव र उत्सुकता के कस्तो छ भन्न लगाउनुहोस् ।
- के हामीले आजकल गरेका छलफल र क्रियाकलाप नानीबाबुहरूको सिकाइका लागि उपयोगी भइरहेको छ त ? सोध्नुहोस् ।
- नानीबाबुहरूका पढाइ लेखाइ सहयोगी क्रियाकलापका लागि अभिभावकले के के गर्नुभयो ? के उहाँहरूले निर्धारण गरी छलफल गरिएका क्रियाकलापहरू गराउनु भयो ? कि यसमा कुनै समस्यो पऱ्यो ? सोध्नुहोस् र समस्या भए निराकरणका उपायका विषयमा छलफल गराउनुहोस् ।
- नियमित र निर्धारित क्रियाकलाप गराउनुभएका अभिभावकहरूसँग देहायका जस्ता प्रश्नहरू गरी अगिल्ली कार्यक्रमको प्रभावकारितासम्बन्धी पृष्ठपोषण लिनुहोस् ।
    - के नानीबाबुहरूले "हामी सबै नेपाली" भन्ने कथा मनपराए ?
    - कथामा प्रस्तुत फरक फरक पर्व र संस्कृतिका विषयमा उनीहरूको प्रतिक्रिया कस्तो रह्यो ?

- के बालबालिकाले पनि कथामा उल्लेख गरेका अभिवादनका शैलीको नक्कल गर्ने प्रयत्न गरे ? सोध्नुहोस् ।
- कथामा उल्लेख गरिएबाहेकका अन्य थप संस्कृतिका विषयमा पनि तपाईँले केही जानकारी दिनुभयो ?
- के नानीबाबुहरू कथाकी पात्र अलिजासँग सहमत भए ? आदि ।

- यो बसाइमा हामी के के गर्छौं भनेर अभिभावकहरूलाई बताउनुहोस् ।

**२. विषयको प्रस्तुति र छलफल**

- आजको विषय "हाम्रो पहिचान" हो भनेर अभिभावकलाई भन्नुहोस् ।
- जानकारी गराउनुहोस् : यो विषयमा आज हामी नेपालको नक्सा, राष्ट्रिय चिन्हहरू, झन्डा तथा अनेकतामा एकताका बारेमा कुरा गर्दछौँ। हामीले बालबालिकालाई हाम्रो देश, हाम्रो पहिचानका बारेमा जानकारी दिनेछौँ ।
- अभिभावकलाई सोध्नुहोस् : हाम्रा राष्ट्रिय चिह्नका बारेमा तपाईँहरूलाई के जानकारी छ ? के बालबालिकालाई पनि जानकारी होला त ?
- अपेक्षित उपलब्धि सुनाउनुहोस् : यहाँ गरिने छलफल नेपालको राष्ट्रिय चिह्नको पहिचान, नेपालको झन्डाको चिनारी, हामी बसेको हाम्रो देशको नक्शाको जानकारी गराउने विषयमा केन्द्रित छ । यो क्रियाकलाप नानीबाबुहरूलाई पनि गराउनुभयो भने उनीहरूमा यी विषयको जानकारी हुनुका साथै उनीहरूमा हामी नेपाली भन्ने भावनाको विकास गराउन मद्दत पुग्नेछ । यी बाहेक शिष्टाचार प्रकट गर्ने , गणितीय सिप हासिल गर्ने, नयाँ शब्दभन्डार थपिने तथा सञ्चार गर्ने सिपको पनि विकास हुनेछ । फरक संस्कृति र परम्परालाई सम्मान प्रकट गर्ने धारणा विकासमा पनि सहयोग पुग्ने छ ।
- छलफलको माध्यम बताउनुहोस्: यसको लागि हामी कथा सुन्छौँ अनि केही अभ्यास गर्नेछौँ ।

**३. कथा पुस्तक तथा अन्य क्रियाकलाप प्रस्तुति र छलफल**

- "सोनु रमाइन्" भन्ने पुस्तकको आवरण चित्र देखाएर अभिभावकसँग चित्रमा के के देखिन्छ ? भन्दै छलफल गर्नुहोस् ।
- कथा पुस्तकमा भएका चित्र देखाउँदै र हाउभाउसहित कथा भन्नुहोस्
- कथा सुनाइसकेपछि कथा पुस्तक पढ्नुहोस् । पढ्दा सिकाउन खोजिएका शब्दहरू दोहोर्‍याउने गर्नुहोस् र अभिभावकहरूलाई पनि दोहोर्‍याउन लगाउनुहोस् ।
- पुस्तक पढ्दा चित्र देखाउँदै छलफल गर्दै डाँफे कताबाट निस्कियो, सिम्रिक लिएका मानिस र प्रहरी कताबाट निस्केका होलान् भन्ने जस्ता प्रश्न गर्दै चित्र देखाउँदै छलफल गराउनुहोस् ।

- छलफलकै क्रममा मोबाइल वा अन्य कुनै माध्यमबाट राष्ट्रिय गीत बजाउनुहोस् र सबैलाई उभिएर सँगै गाउन लगाउनुहोस् । केहीलाई राष्ट्रिय झन्डा हातमा लिन लगाउनुहोस् ।
- खेलमैदानमा खरानी चुन वा पिठोबाट नेपालको नक्सा बनाउनुहोस् र नेपाल भित्र नेपाल बाहिर खेल खेलाउनुहोस् ।
- यस छलफलबाट सिकाउन खोजिएका शब्दलाई स्पष्टसँग दोहोऱ्याएर उच्चारण गरी सुनाउनुहोस्
- नयाँ शब्दहरूको उच्चारण अभ्यास गराउनुहोस् ।

**४. शब्द ज्ञान अभ्यास**

- आज सिकाउने शब्दका लागि पुस्तकबाट **डाँफे, गाई, सिम्रिक, झण्डा** र **नेपाल** गरी पाँच शब्दहरू टिपोट गर्नुहोस् र ती शब्दहरूलाई पटक पटक उच्चारण गराउनुहोस् ।
- यदि अभिभावक पढ्न र लेख्न सक्ने भएमा औँलाले शब्द देखाउँदै पढ्न लगाउनुहोस् । यदि पढ्न नजान्ने अभिभावक भएमा चित्र देखाएर शब्द भन्न लगाउनुहोस् । पढ्न नसक्ने अभिभावकलाई पढ्न सक्नेबाट सहयोग गराउनुहोस् ।
- शब्द भन्दा ताली बजाएर अथवा अन्य कुनै हाउभाउसहित भन्न लगाउनुहोस् । शब्दको सही उच्चारणका लागि पटक पटक अभ्यास गराउनुहोस् । यी शब्दहरूको उच्चारण गर्दा अभिनयसहित गराउनुहोस् ।
- यस्तै अन्य समान अर्थ वा विविध अर्थ लाग्ने उनीहरूलाई मनपरेका शब्दहरू भन्न लगाउनुहोस् । ती शब्दहरू पुस्तकमा कहाँ कहाँ छन् खोज्न लगाउनुहोस् । यस्तो क्रियाकलाप गराउँदा बालबालिकाले छिटो शब्द चिन्ने, पढ्ने र सम्झने हुन्छन् भनी बताउनुहोस् ।
- सक्ने अभिभावकहरूलाई टिपिएका शब्दहरूलाई लेख्ने अभ्यास गराउनुहोस् । बालबालिकालाई सोहीअनुसार लेख्न दिन भन्नुहोस् ।
- नेपालको झन्डा ट्रेस गर्न लगाउनुहोस् वा ट्रेस गरेको दिनुहोस् र मिल्ने रङ भर्न लगाउनुहोस् । सोहीअनुसार घरमा बालबालिकालाई पनि लगाउन भन्नुहोस् ।

**५. घरमा गर्ने क्रियाकलापको अभ्यास**

- अभिभावकलाई घरमा नानीबाबुहरूसँग गर्ने क्रियाकलापका बारेमा बताउनुहोस् ।
- उनीहरूले गर्ने क्रियाकलाप सामग्री (activity sheet) दिएर घरमा कसरी सिकाउने भन्ने बारेमा विस्तृतमा बताउनुहोस् ।
- बुझाउनुहोस् र गराउनुहोस् : बालबालिकालाई आफ्नो घर कहाँ हो ? आफ्नो गाउँ कुन हो ? आफ्नो जिल्ला कुन हो भन्दै आफ्नो देशको धारणा सिकाउन सकिन्छ। हाम्रो झण्डा, डाँफे चरो आदि हाम्रो

देशको चिनारी भएको कुरा गर्दै उनीहरूलाई चित्र बनाउन दिन सकिन्छ। बालबालिकालाई राष्ट्रिय गान गाउन लगाएर उभिने र सँगै गाउने जस्ता क्रियाकलाप गराउन सकिन्छ ।

- बालबालिकालाई घरमा गएर कथा भन्न र उनीहरूले सिकेका नयाँ शब्द सिकाउन अभिभावकहरूलाई थप अभ्यास गराउनुहोस् ।

**६. कार्य योजना**

क) पुनरावलोकन

- आज गरिएका क्रियाकलापहरूको पुनरावलोकन गर्नुहोस् ।
- यस पटकको छलफलमा के के गरियो र के के सिकियो भनेर एक एक गरी भन्न लगाउनुहोस् ।
- जोड दिएर सार सङ्क्षेप सुनाउनुहोस् : बालबालिकालाई नेपाल चिनाउने राष्ट्रिय चिह्नहरू, देशको झन्डाका विषयमा गरिने छलफल र क्रियाकलापले उनीहरूमा देशभक्तिको भावना सञ्चार हुन्छ । सबै जातजातिको साझा घर नेपाल भन्ने अमूर्त धारणा पनि भावनात्मक रूपमा बस्न थाल्छ । यस क्रियाकलापबाट बालबालिकामा नयाँ शब्द सिक्ने पठन क्षमता बढ्ने सञ्चार तथा नेतृत्व सिप बढ्ने र गणितीय सिपहरूसमेत हासिल हुन सघाउ पुग्छ ।

ख) बिर्सन नहुने कुराहरूः देहायका बिर्सन नहुने कुराहरूलाई एक एक गरेर भन्नुहोस् ।

- बालबालिकालाई कथा सुनाएर, पुस्तक पढिदिएर वा पढ्न लगाएर, विभिन्न सामग्री खेल्न दिएर, महत्त्वपूर्ण सामाजिक, सांस्कृतिक कार्यमा सहभागी गराएर तथा स्थानीय वातावरणमा भएका विषयवस्तुसँग साक्षात्कार गराएर उनीहरुका लागि विकास तथा सिकाइका अवसरहरू दिन सकिन्छ ।

ग) प्रतिबद्धताः अभिभावकलाई एक हप्तासम्म गर्ने कामको लागि प्रतिबद्ध बनाउनुहोस् ।

## तिसौँ हप्ता

**लक्षित सिकाइ उद्देश्य:**

पढाइ, लेखाइको सिप विकास तथा अक्षर र मात्रा चिनारी

**यो हप्ताको मुख्य धारणा:** कथाको माध्यमबाट राष्ट्रियताको भावना विकास हुनेछ ।

**अभिभावकलाई निर्देशन :** बालबालिकालाई चित्र देखाएर राष्ट्रिय चिह्नहरू देखाएर नाम भन्न लगाउनुहोस् । चित्र हेरेर नाम लेख्न र भएका अक्षरहरूमा गोलो चिनो लगाउन लगाउनुहोस् । अक्षर सार्न लगाउनुहोस् । यदि बालबालिकाले आफैँ गर्न सक्दैनन् भने उनीहरूलाई आवश्यक  सहयोग गर्नुहोस् ।

| **चित्र** | **नाम** | **अक्षरमा गोलो लगाउने** | **अक्षर लेख्ने** |
|---|---|---|---|
| झन्डा | | झ  त प | |
| सिपाही | | स, म ल | |
| डाँफे | | ड, ग, ल, फ | |
| सिम्रिक | | ब, ध, क | |
| गाई | | ब, ह, ग, ई | |
| | | | |



ALL CHILDREN READING: A GRAND CHALLENGE FOR DEVELOPMENT

USAID अमेरिकी जनताबाट

World Vision

Australian Aid